# गण्डकी प्रदेशको वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८१

गण्डकी प्रदेश सरकार

## वन तथा वातावरण मन्त्रालय

पोखरा

२०८१ फागुन २३

# गण्डकी प्रदेशको वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८१

**प्रस्तावना:** प्रदेशमा रहेका सरकारद्वारा व्यवस्थित र समुदायमा आधारित वनमा उपयुक्त वन संवर्धन प्रणाली अपनाइ वन, वन्यजन्तु, जलाधार तथा जैविक विविधताको एकीकृत संरक्षण, संवर्धन र व्यवस्थापन गर्दै वन पैदावारको सतत् उपयोग गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश वन ऐन, २०८० को दफा ११२ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो निर्देशिकाको नाम "गण्डकी प्रदेशको वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका" रहको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,-

(क) अग्निरेखा (Fireline) भन्नाले एक वन क्षेत्रबाट अर्को वन क्षेत्रमा वन डढेलो फैलिन नदिनको लागि रुख बिरुवा हटाई निर्माण गरिएको रेखात्मक संरचना सम्झनु पर्छ।

(ख) अवसर लागत (Opportunity cost) भन्नाले वन व्यवस्थापन योजनामा लगानी गर्ने निर्णय गर्दा त्याग्नु परेको उत्तम विकल्पको मूल्यलाई सम्झनु पर्दछ।

(ग) आवधिक व्लक (Periodic block) भन्नाले पुनरुत्पादन अवधिमा पुनरुत्पादन कटान गरिने सब-कम्पार्टमेण्ट वुझ्नु पर्दछ ।

(घ) उत्पादन नियमन (Yield regulation) भन्नाले वनको प्राविधिक (जैविक तथा भौतिक) जानकारी उपयोग गरी सतत रूपमा वन बाली उत्पादन गर्ने प्रकृयालाई सम्झनु पर्दछ ।

(ङ) उत्पादनमूलक वन (Production forest) भन्नाले मुख्य रुपमा काठ दाउरा उत्पादन गर्ने उद्देश्यले व्यवस्थापन गरिएको वन सम्झनु पर्छ।

(च) अड्भान्स ग्रोथ (Advance growth) भन्नाले पुनरुत्पादन कटान गरिनु अघि वनमा रहेका छातीको उचाइमा ४० से.मी. व्यास (Diameter at breast height – DBH) भन्दा न्यून साइजका रुख बिरुवा लाई सम्झनु पर्दछ ।

(छ) ऐन (Act) भन्नाले गण्डकी प्रदेश वन ऐन २०८० सम्झनु पर्दछ ।

(ज) औसत वार्षिक वृद्धि (Mean annual increment-MAI) भन्नाले कुनै निश्चित अवधिमा भएको जम्मा आयतनलाई उक्त अवधिको जम्मा वर्ष संख्याले भागगर्दा प्राप्त हुने आयतन सम्झनु पर्दछ ।

(झ) कटान श्रृंखला (Felling series) भन्नाले निर्धारित वार्षिक कटान परिमाण कटान तथा पुनरुत्पादन व्यवस्थापनका लागि तय गरिएको कटान क्षेत्रहरूको श्रृंखला/विवरण सम्झनु पर्दछ।

(ञ) कम्पार्टमेण्ट (Compartment) भन्नाले वन व्यवस्थापनका लागि छुट्याइएको वन संवर्धनमा आधारित वन व्यवस्थापन कार्यान्वयन हुने लागि पूर्ण इकाईको वन क्षेत्र सम्झनु पर्दछ।

(ट) खुद वर्तमान मूल्य (Net present value) भन्नाले नगद प्रवाहको वर्तमान मूल्य र उक्त अवधिको नगद बहिर्गमनको वर्तमान मूल्यबिच को भिन्नता सम्झनु पर्दछ ।

(ठ) चालु वार्षिक वृद्धि (Current annual increment) भन्नाले चालु वर्षमा भएको आयतन वृद्धिलाई सम्झनु पर्दछ ।

(ड) छनौट प्रणाली (Selection system) भन्नाले कटान र पुनरुत्पादन कार्य वनको सम्पूर्ण भागमा गरिने वन संवर्धन प्रणाली सम्झनु पर्दछ । छत्र प्रणालीमा माथिल्लो छत्र तहमा रहेका रुख हरूको छहारीमा पुनरुत्पादन हुर्काउने गरिन्छ ।

(ढ) छत्र प्रणाली (Shelterwood system) भन्नाले पुरानो रुख हरूको आश्रय (Shelter) मा प्राकृतिक पुनरुत्पादन हुर्काइ वन व्यवस्थापन गर्ने प्रणाली सम्झनु पर्दछ ।

(ण) जैविक मार्ग (Biological corridor) भन्नाले एक बास स्थानबाट अर्को बास स्थानमा वन्यजन्तु आवत-जावत गर्ने मार्ग सम्झनु पर्दछ ।

(त) टेण्डिङ कार्य (Tending operation) भन्नाले गोडमेल, झाडी सफाइ, पत्ल्याउने, हांगा कटनी छटनी, लहरा काटछाँट लगायतका कार्यहरूबाट वन बालीको प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गरी गुणस्तरीय उत्पादनका लागि वन संवर्धन प्रणाली सम्झनु पर्दछ।

(थ) दिगो वन व्यवस्थापन (SFM) भन्नाले वनजन्य वस्तु तथा सेवाको उपयोग गर्दा भावी पुस्ताका यस्ता सेवाहरूको उत्पादनमा सीमित नतुल्याइने गरी वर्तमानमा वन स्रोतको व्यवस्थापन गर्ने कार्यलाई बुझ्नु पर्दछ ।

(द) प्लट (Plot) भन्नाले वन व्यवस्थापन योजना वा वन कार्ययोजना बमोजिम वन पैदावार संकलन गर्नको लागि चौहद्दी सहित निर्धारण गरिएको कुप सम्झनु पर्दछ ।

(ध) पतल्याउने (Thinning) भन्नाले वन वृद्धिमा वढोत्तरी ल्याउने गरी लाथ्रा, पोल वा रुख हरूको वाक्लो उपस्थितिलाई पातलो वनाउने कार्य सम्झनु पर्दछ ।

(न) पुनरुत्पादन (Regeneration) भन्नाले प्राकृतिक वा कृत्रिम रूपमा उत्पादन भएका बिरुवाहरू सम्झनु पर्दछ ।

(ऩ) पुनरुत्पादन अवधि (Regeneration period) भन्नाले कटान क्षेत्रमा प्राकृतिक वा वृक्षारोपण विधिबाट बिरुवाहरू हुर्काउन लाग्ने अवधिलाई सम्झनु पर्दछ ।

(प) पत्ल्याउने चक्र (Thinning cycle) भन्नाले एक पत्ल्याउने कार्यदेखि अर्को पत्ल्याउने कार्यबिधिलाई सम्झनु पर्दछ ।

(फ) पुनरुत्पादन कटान (Regeneration felling) बीउ उत्पादनको लागि एकल वा समूहगत रूपमा उच्च गुणस्तरका रुख हरू बाँकी राखी अन्य रुख हरू कटान गर्ने कार्य सम्झनु पर्दछ ।

(ब) व्लक (Block) भन्नाले वन व्यवस्थापन कार्यलाई सजिलो तुल्याउन खोला, खोल्सी, बाटो, डाँडाजस्ता प्राकृतिक सिमाना वा त्यस्तै सजिलै पहिचान गर्न सकिने चिन्ह/आकृतिद्वारा सिमाङ्कित गरीएको वन व्यवस्थापनको एक पूर्ण इकाई सम्झनु पर्दछ ।

(भ) वन व्यवस्थापन (Forest management) पद्दति भन्नाले वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, विशेष वन, वन संरक्षण क्षेत्र लगायतका पद्दति सम्झनु पर्दछ ।

(म) वार्षिक कटान क्षेत्र (Annual coupe) भन्नाले सरपट कटान प्रणाली वा रुख सहितको मुना प्रणाली अन्तर्गत वार्षिक रूपमा कटान गरिने वनको क्षेत्र सम्झनु पर्दछ ।

(य) माउ रुख (Mother tree) भन्नाले बीउ, छहारी, जैविक विविधता तथा वातावरणका लागि छुटयाइएको उच्च गुणस्तरको रुख सम्झनु पर्दछ।

(र) रुख नक्साङ्कन (Stem mapping) भन्नाले सब-कम्पार्टमेण्ट वा कटान क्षेत्रमा रुख हरूको अवस्थिति नक्सामा देखाउने कार्य सम्झनु पर्दछ।

(ल) रुख सहितको मुना (Coppice with standard)" भन्नाले बीउबाट पुनरुत्पादन गराउने माथिल्लो छत्र तहका रुख र मुनाबाट पुनरुत्पादन गराउने तल्लो छत्र तहका रुख भएको वन संवर्धन प्रणाली बुझ्नु पर्दछ । काठ र पुनरुत्पादनको लागि बीउ उत्पादन गरिने हुँदा माथिल्लो तहमा रहने रुखहरू लामो कटान चक्रका हुन्छन।

(व) लाभ-लागत अनुपात (The benefit-cost ratio -BCR) भन्नाले प्रस्तावित योजना कार्यान्वयन हुँदा गरिने खर्च र कार्यान्वयन पश्चात् उक्त योजनाबाट प्राप्त हुने लाभको अनुपात बुझ्नु पर्दछ ।

(श) वन स्रोत सर्वेक्षण (Forest inventory)" भन्नाले वन सम्बन्धी विधिपूर्वक तथ्याङ्क एवं सूचना संकलन तथा विश्लेषण गरी वनको अवस्था आकलन गर्ने कार्य सम्झनु पर्दछ ।

(ष) वन संवर्धन शास्त्र (Silviculture) भन्नाले बूढा वा उमेर पुगेका रुखहरूलाई कटान गर्ने (Harvesting), रुख कटान गराएको स्थानमा बिरुवा/बीउ उमार्ने वा रोप्ने (Regeneration) र उम्रेका बिरुवा लाई हुर्काउने प्रकृया (Tending) को समग्र व्यवस्थापनलाई वन संवर्धन प्रणाली सम्झनु पर्दछ ।

(स) वन संवर्धन प्रणाली (Silviculture system) भन्नाले वन बाली स्थापना गर्ने, हुर्काउने, स्याहार-सम्भार तथा प्राप्ति (Yield) नियमन गर्ने योजनावद्ध प्रणाली सम्झनु पर्दछ ।

(ह) वन संवर्धन कार्यहरू (Silvicultural operations) भन्नाले वन संवर्धनमा आधारित वन व्यवस्थापनका लागि कार्यान्वयन गरिने सम्पूर्ण कार्यहरूको संगालो सम्झनुपर्दछ ।

(क्ष) वृद्धि मौज्दात (Growing stock) भन्नाले व्यवस्थापन योजनाले समेटेको वन क्षेत्रभित्र रहेका सम्पूर्ण रुख हरूको आयतनलाई जनाउँदछ ।

(त्र) बालीचक्र (Crop rotation) भन्नाले बिरुवा पुनरुत्पादन/वृक्षारोपण र वन बालीको अन्तिम कटान बिच को अवधिलाई बुझ्नु पर्दछ ।

(ज्ञ) वार्षिक स्वीकार्य कटान (Annual allowable cut) भन्नाले वनको वृद्धि मौज्दात् (Growing stock) र वार्षिक उत्पादन क्षमता (Annual yield) को आधारमा निर्धारण गरी स्वीकृत कार्ययोजनामा उल्लेख भएको वार्षिक कटान गर्न सकिने वन पैदावारको परिमाण सम्झनु पर्दछ ।

(अ) सरपट कटान प्रणाली (Clear-felling system) भन्नाले वन परिपक्व भैसकेपछि सबै रुखहरू कटान गरिने र उक्त स्थानमा वृक्षारोपण वा प्राकृतिक पुनरुत्पादन गराउने वन संवर्धन प्रणाली बुझ्नु पर्दछ ।

(आ) सुधार कटान (Improvement felling) भन्नाले कमसल खालका रुखहरू हटाई राम्रा गुणस्तरीय रुख हरूको वृद्धिका लागि गरिने कार्य सम्झनु पर्दछ ।

## परिच्छेद-२

## वन सर्वेक्षण सम्बन्धी व्यवस्था

३. **वनको वस्तुस्थिति र सिमाना सर्वेक्षण:** (१) वन संवर्धन प्रणालीमा आधारित वन कार्ययोजना तयारी वा पुनरावलोकन गर्दा वनको सिमाना र वनमा रहेका नदी, खोला, खोल्सी, खहरे, पानीका मूल, सिमसार, बाटो, पहिरो गएको स्थान, घाँसे मैदान तथा पोखरी, चौतारी, पानी पंधेरो, निजी आवादी, अतिक्रमित वनक्षेत्र, धार्मिकस्थल, पर्यापर्यटकीयस्थल, वन्यजन्तुको बासस्थान र जैविकमार्गसमेतको भौगोलिक अवस्थिति (Geo-location) सहित वनको वस्तुस्थिति सर्वेक्षण गर्नु पर्नेछ।

(२) वनको सिमाना सर्वेक्षण गर्दा नापी कार्यालयबाट प्राप्त नक्सा र जिपिएस उपकरणको प्रयोग गरी गर्नु पर्नेछ।

(३) वनको सिमाना सर्वेक्षण गर्दा वनसँग जोडिएका अन्य वन समूहका प्रतिनिधि, निजी जग्गाधनी, स्थानीय तहका प्रतिनिधि र आवश्यकता अनुसार नापी कार्यालयका प्रतिनिधिको उपस्थितिमा गर्नु पर्नेछ।

(४) वनको वस्तुस्थिति सर्वेक्षण तथा सिमाना सर्वेक्षण गर्दा अनुसूची-१ बमोजिम फिल्डवुक तयार गर्नु पर्नेछ।

४. **वनको क्षेत्र निर्धारण र व्लक विभाजनः** (१) वनको व्यवस्थापनका उद्देश्य, पुनर्उत्पादनको अवस्था, वनको प्रकार र प्रजाति, वनको गुणस्तर, उमेर, भौगोलिक अवस्थिति, संवेदनशीलता, जैविक विविधता र समुदायको चाहाना अनुसार उत्पादनमुलक, संरक्षणमुलक, सौन्दर्यमुलक र वातावरणीय सेवा लक्षित वनमा वर्गीकरण गरी वनको ब्लक विभाजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम ब्लक विभाजन गर्दा प्राकृतिक सिमानालाई मुख्य आधार मानी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विभाजन भएको प्रत्येक ब्लकलाई वन व्यवस्थापनको पूर्ण एकाइ मानिने छ।

(४) उत्पादनमूलक वनमा रहेका वन्यजन्तु प्रजननस्थल, पानीका मूल, सिमसार, संवेदनशील चुरे क्षेत्र, पहिरो गएको स्थान, भीर पहरा, घाँसेमैदान, चौतारी, पानी पंधेरो, अतिक्रमित वनक्षेत्र, धार्मिकस्थल, पर्यापर्यटकीयस्थल लगायतका संरक्षण गर्नु पर्ने अवयवहरूले ओगटेको र फ्रिन्ज (किनाराको) क्षेत्र छुट्टयाइ बाँकी वनक्षेत्रलाई उत्पादनशील क्षेत्र कायम गर्नु पर्नेछ।

५. **व्लकलाई कम्पार्टमेण्टमा विभाजन**ः (१) वनको किसिम, अवस्था, प्रजाति र संरचना, भौगोलिक अवस्था र ऐनको दफा ९ बमोजिम अपनाइने वन संवर्धन प्रणालीलाई आधार मानी व्लकलाई अनुसूची-२ बमोजिम कम्पार्टमेण्टमा विभाजन गर्नु पर्नेछ।

(२) व्लकलाई कम्पार्टमेण्टमा विभाजन गर्दा सम्भव भएसम्म प्राकृतिक सिमानालाई आधार लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कम्पार्टमेण्टमा विभाजन गर्दा अपनाइने वन संवर्धन प्रणाली तथा कार्य प्रक्रियालाई समेत विचार गरी वन व्यवस्थापनको हिसाबले एउटै कम्पार्टमेण्टलाई पूर्ण एकाइ (Self-Contained Unit) को रुपमा गर्ने वा विभिन्न कम्पार्टमेण्टमा रहेका सब कम्पार्टमेण्टहरू समेत जोडी कटान श्रृङ्खला (Felling Series) बनाउने भन्ने यकिन गर्नु पर्नेछ।

६. **<u>कम्पार्टमेण्टलाई सब कम्पार्टमेण्टमा विभाजन</u>**: (१) वन व्यवस्थापनको पूर्ण एकाइको रूपमा कायम भएको वा नभएको कम्पार्टमेण्टलाई वन व्यवस्थापनको सहजताका लागि अनुसूची-२ मा उल्लेख भए बमोजिम सब कम्पार्टमेण्टमा विभाजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्ण एकाइ अवधारणा अनुसार कार्य गर्ने भएमा कम्पार्टमेण्टलाई आवधिक कार्य एकाइ/वार्षिक कटान क्षेत्र/कटान क्षेत्रको संख्या बराबरको संख्यामा सव कम्पार्टमेण्ट बनाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको पूर्ण एकाइ अवधारणा अनुसार कार्य नगर्ने भएमा सव कम्पार्टमेण्टको संख्या एउटा कटान श्रृङ्खलामा आवश्यक पर्ने आवधिक कार्य एकाइ/वार्षिक कटान क्षेत्र/कटान क्षेत्रको संख्या बराबर वा गुणाङ्कमा सव कम्पार्टमेण्ट बनाउनु पर्नेछ।

७. **<u>सीमा तथा वस्तुस्थिति नक्सा तयारीः</u>** (१) वनको स्थलगत सर्वेक्षण कार्य पूरा गरिसकेपछि जिपिएस डाटाबाट उपयुक्त प्रविधिको प्रयोग गरी सबै सिमा तथा बस्तुस्थिति देखिने अनुसूची-३ बमोजिमका डिजिटल नक्साहरु तयार पार्नु पर्नेछ।

(२) वन क्षेत्रको नक्सा तयार गर्दा जमिनको भिरालोपना अनुसार उन्नाइस डिग्री भन्दा कम भिरालो, उन्नाइस देखि तीस डिग्रीसम्म भिरालो, तीस देखि पैंतालिस डिग्रीसम्म भिरालो र पैंतालिस डिग्रीभन्दा बढी भिरालो गरी प्रत्येकको क्षेत्रफल सहितको क्षेत्र विभाजन (Zonation) गर्नु पर्नेछ।

८. **<u>वन स्रोत सर्वेक्षण (Forest resource inventory):</u>** (१) दफा ७ बमोजिमका नक्सा तयार गरिसकेपछि सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ बमोजिम वन स्रोत सर्वेक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) वमोजिम वन स्रोत सर्वेक्षण गर्दा नमुना प्लट निर्धारण, प्लटमा रुख विरुवा मापन र वनको मौज्दात विश्लेषण सम्बन्धी व्यवस्था अनुसूची-४ बमोजिम गर्नु पर्नेछ।

(३) वन स्रोत सर्वेक्षणमा नमुना प्लट संख्या निर्धारण गर्न देहाय वमोजिम स्याम्प्लिङ्ग इन्टेन्सिटी हुनेछः

(क) उत्पादनशील वनको हकमा कम्तिमा २.०० प्रतिशत

(ख) अन्य वन क्षेत्रको हकमा कम्तिमा ०.५० प्रतिशत

(४) सामुदायिक वन र साझेदारी वनको स्रोत सर्वेक्षण गर्दा उपभोक्ता समूह प्रतिनिधिलाई अनिवार्य रूपमा संलग्न गराउनु पर्नेछ।

९. **<u>वन स्रोतको मौज्दात् विश्लेषण:</u>** (१) दफा ८ बमोजिम निर्धारण भएको नमूना प्लट मापनबाट प्राप्त तथ्याङ्क विश्लेषण गरेर उत्पादनमूलक, संरक्षणमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित क्षेत्रको अलग अलग मौज्दात् निकाल्नु पर्नेछ।

(२) मौज्दातको तथ्याङ्क विश्लेषणका लागि आधुनिक र उपयुक्त प्रविधिको प्रयोग गर्न सकिनेछ।

(३) उत्पादनमूलक वनको मौज्दात सम्बन्धी विश्लेषणको नतिजा हरेक ब्लक, कम्पार्टमेण्ट र सव कम्पार्टमेण्टको अलग अलग र वन क्षेत्रको एकमुष्ट निकाल्नु पर्नेछ। विश्लेषणबाट देहायका कुराहरू एकमुष्ठ निकाल्नु पर्नेछः

(क) प्रति हेक्टर प्रजाति अनुसारको रुख, पोल, लाथ्रा र बिरुवाको संख्या,

(ख) प्रति हेक्टर प्रजाति अनुसार रुख र पोलको आयतन र वेशल एरिया,

(ग) प्रजाति अनुसार रुख र पोलको औसत व्यास (अलग अलग),

(घ) प्रजाति अनुसार शिर्ष उचाइ (Top Height),

(ङ) प्रति हेक्टर संख्याको आधारमा, प्रति हेक्टर आयतनको आधारमा र प्रति हेक्टर वेशल एरियाको आधारमा प्राजति समिश्रणको अवस्था देखिने गरी रुख, पोल, लाथ्रा र विरुवाको अलग अलग उपयुक्त चार्ट (पाइचार्ट वा अन्य चार्ट) मा देखाउनु पर्ने,

(च) व्यास समूह अनुसार रुख तथा पोलको संख्या र आयतन उपयुक्त चित्र (बारचार्ट वा अन्यचार्ट) मा देखाउनु पर्ने,

(छ) व्यास समूह अनुसार राम्रा र ४D रुखहरूको प्रति हेक्टर संख्या र आयतन उपयुक्त चित्र (बारचार्ट वा अन्यचार्ट) मा देखाउनु पर्ने,

(ज) व्यास र उचाइको सम्बन्ध, व्यास र आयतनको सम्बन्ध उपयुक्त चित्र (बारचार्ट वा अन्यचार्ट) मा देखाउनु पर्नेछ।

(४) संरक्षणमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनको हकमा उपदफा (३) को खण्ड (क) र (ख) मा उल्लिखित विवरणका अतिरिक्त वार्षिक स्वीकार्य कटान समेत यकिन गर्नु पर्नेछ।

(५) उत्पादनमूलक वनको हकमा छनोट भएको वन संवर्धन प्रणालीमा तोकिएको उत्पादन नियमन (Yield regulation) अनुसार वार्षिक स्वीकार्य कटान परिमाण यकिन हुनेछ।

१०. **<u>रुख नक्साङ्कन (Stem mapping):</u>** (१) पुनरुत्पादन कटान गर्ने सव कम्पार्टमेण्टहरूका रुख नक्साङ्कन अनुसूची-५ बमोजिम गर्नु पर्नेछ।

(२) रुख नक्साङ्कन कार्यका लागि फिल्डमा रुख मापन गर्दा सम्भाव्य माउ रुखको समेत अभिलेखीकरण गर्नु पर्नेछ।

(३) माउ रुख छनोटको आधार दफा १२ बमोजिम हुनेछ।

११. **<u>पुनरुत्पादन सर्वे (Regeneration survey):</u>** पुनरुत्पादन कटान गर्ने सब कम्पार्टमेण्टका पुनरुत्पादन सर्वे अनुसूची-६ बमोजिम गर्नु पर्नेछ।

१२. **<u>माउ रुख छनौट र रिङ पेन्टिङः</u>** (१) वन व्यवस्थापनको उद्देश्य अनुसार प्राकृतिक पुनरूत्थानका लागि स्वस्थ बीउ उत्पादन गर्न सक्ने, मध्यम उमेरका राम्रो शारीरिक (Superior Phenotype) र अनुवांशिक (Genotype) विशेषता भएका रुखलाई माउ रुखको रुपमा छनौट गर्नु पर्नेछ।

(२) माउ रुख छनौट गर्दा वनक्षेत्रमा रहेका प्रमुख प्रजाति बाहेकका मूल्यवान र लोपोन्मुख प्रजातिका रुखहरू समेत छनोट गर्नु पर्नेछ।

(३) दफा १० बमोजिम रुख नक्साङ्कनबाट पहिचान गरिएका सम्भाव्य माउ रुखलाई मध्यनजर गरी उपदफा (६) बमोजिम प्रतिहेक्टर कायम हुने माउ रुखको संख्याको आधारमा एक माउ रुखदेखि अर्को माउ रुखसम्मको दुरी हिसाब गरी निर्धारण भएको दुरी अनुसार उपयुक्त प्रविधिबाट माउ रुख र कटान गर्ने रुखहरू नक्सामा अंकित गरी सुची तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तयार भएको माउ रुखको सुचीलाई हरेक वर्ष कटान गर्ने क्षेत्रमा छनोट गरिएका माउ रुख उपयुक्त नदेखिएमा वा ढलेको वा भाँचिएको पाइएमा वा भाँचिएमा नजिकको अर्को उपयुक्त रुखलाई माउ रुख कायम गरी लगत अद्यावधिक गर्नु पर्नेछ। साथै रुख कटान गर्ने क्रममा छनोट गरिएका माउ रुखमा क्षति भएमा तत्काल नजिकको उपयुक्त रुखलाई माउ रुखको रुपमा कायम गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम माउ रुख अद्यावधिक भएपछि कायम रहेका माउ रुखहरूलाई छातीको उचाइमा चार इन्च फराकिलो रिङ पेन्टिङ गर्नु पर्नेछ।

(६) छनोट भएको वन संवर्धन प्रणाली, पुनरुत्पादनको अवस्था, भौगोलिक अवस्था, कटान क्षेत्रको गुणस्तर (Site Quality) र प्रजाति समिश्रणलाई मध्यनजर गरी प्रतिहेक्टर दशदेखि पच्चीस वटासम्म माउ रुख राख्न सकिनेछ।

## परिच्छेद-३

## <u>वन संवर्धन प्रणालीको छनोट र बालीचक्र सम्बन्धी व्यवस्था</u>

१३. **<u>वन संवर्धन प्रणालीः</u>** (१) उत्पादनमूलक वनमा वनको व्यवस्थापनका उद्देश्य, प्रमुख प्रजातिको वन संवर्धन विशेषता, वनको गुणस्तर, उमेर, भौगोलिक अवस्था, संवेदनशीलता, जैविक विविधता र समुदायको चाहाना अनुसार पुनरुत्पादनका लागि सरल र सुरक्षित प्रणाली तथा वन डढेलो र मिचाहा

प्राजतिहरूको प्रकोपलाई ध्यानमा राखी अनुसूची-७ बमोजिमको वन संवर्धन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(२) संरक्षणमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनक्षेत्रमा परिच्छेद-.... बमोजिम व्यवस्थापन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम वन संवर्धन प्रणाली अवलम्बन गर्दा वनको क्षेत्रफल कम्तिमा एक सय हेक्टर हुनु पर्नेछ। सो भन्दा कम क्षेत्रफल भएका समुदायमा आधारित वनहरुले ऐनको दफा ९ को उपदफा (३) बमोजिम एकीकृत रुपमा वन व्यवस्थापन कार्ययोजना तयार गर्न सक्नेछन्।

(४) सामुदायिक वन उपभोक्ता समूहले यस दफा बमोजिम वन संवर्धन प्रणालीमा आधारित कार्ययोजना तयार गर्नु पूर्व ऐनको दफा ३२ को उपदफा (४) बमोजिम अवधारणा पत्र स्वीकृत गराउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम छनोट गरिएका वन संवर्धन प्रणाली अवलम्बन गर्दा अनुसूची-८ बमोजिमको वन संवर्धनका क्रियाकलापहरू पहिचान गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम वन संवर्धन प्रणाली अपनाई व्यवस्थापन गरिने वनहरुमा अनुसूची-९ बमोजिम वन परिपालन (Tending operation) जस्तैः झाडी सफाई तथा पत्ल्याउने जस्ता क्रियाकलाप गर्न सकिनेछ।

१४. **वन संवर्धन सम्बन्धी अन्य कार्यहरू:** वन संवर्धनसँग सम्बन्धित अन्य क्रियाकलापहरू अनुसूची-१० बमोजिम गर्नु पर्नेछ।

१५. **वन संवर्धन प्रणालीमा परिवर्तनः** कुनै एक प्रकारको वन संवर्धन प्रणाली अपनाइ व्यवस्थापन भइरहेको कुनै वनको केही भाग वा पुरै भागमा अर्को वन संवर्धन प्रणाली लागु गर्नु पर्ने भएमा वन व्यवस्थापकले ऐनको दफा ९ को उपदफा (४) बमोजिम गर्नु पर्नेछ।

१६. **बालीचक्र निर्धारण**ः (१) वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्दा वन क्षेत्रमा भएको प्रजातिको बाहुल्यताका आधारमा बालीचक्र (Crop rotation) कायम गर्नु पर्नेछ।

(२) भौगोलिक क्षेत्र अनुसार वनमा पाइने प्रजातिहरुको बालीचक्र अनुसूची-११ बमोजिम निर्धारण गर्नु पर्नेछ।

## परिच्छेद-४

## उत्पादन नियमन सम्बन्धी व्यवस्था

**१७. उत्पादन नियमनः** (१) वनक्षेत्रमा वार्षिक उत्पादन हुने वन पैदावारको नियमन (Yield regulation) अपनाइएको वन संवर्धन प्रणाली अनुसार आयतन वा कटान प्लटको क्षेत्रफल वा दुवैको आधारमा हुनेछ।

(२) उपदफा (१) बमोजिमको वन संवर्धन प्रणाली अनुसार उत्पादन नियमन र नियन्त्रण देहाय बमोजिम हुनेछ।

(क) छत्र प्रणालीमा उत्पादन नियमन (Yield regulation in shelterwood system)ः छत्र प्रणाली र अन्तर्गतका उप-प्रणालीका उत्पादन नियमन र नियन्त्रण अनुसूची-१२ बमोजिम गर्नु पर्नेछ ।

(ख) बीउ रुख प्रणालीमा उत्पादन नियमन (Yield regulation in seed tree system)ः बीउ रुख प्रणाली अन्तर्गत वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची-१३ बमोजिम गर्नु पर्नेछ।

(ग) छनौट प्रणालीमा उत्पादन नियमन (Yield regulation in selection system)ः छनौट प्रणाली र अन्तर्गतका उप प्रणालीका वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची-१४ बमोजिम गर्नु पर्नेछ।

(घ) सरपट कटान प्रणालीमा उत्पादन नियमन (Yield regulation in clear-felling system)ः सरपट कटान प्रणाली र अन्तर्गतका उप प्रणालीका वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची-१५ बमोजिम गर्नु पर्नेछ।

(ङ) मुना प्रणालीमा उत्पादन नियमन (Yield regulation in coppice system)ः रुख सहितको मुना प्रणाली र अन्तर्गतका उप प्रणालीमा वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची-१६ बमोजिम गर्नु पर्नेछ।

**१८. सुधार कटानः** सुधार कटान (Improvement felling) गर्दा अनुसूची-१७ बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद-५

## ढलापडा र सुखड खडा रुख निकाल्ने सम्बन्धी व्यवस्था

१९. **ढलापडा र सुखड खडा रुख हटाउने:** (१) प्रदेशभित्रको वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति अवलम्बन गरिएको वनमा बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन गई वन पैदावार सड्ने वा नासिने भएमा  त्यस्ता वन पैदावार सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको घटनाको जानकारी वन व्यवस्थापन गर्ने निकायले तत्काल डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ र डिभिजन वन कार्यालयले त्यस्तो जानकारी जिल्ला विपद् व्यवस्थापन समिति र निर्देशनालयलाई गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रुखहरुको जिपिएस कोअर्डिनेट र रङ्गिन फोटोसहितको लगत लिई वन व्यवस्थापकले काठ दाउरा सङ्कलनको योजना तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको रुख संकलनको लागि जिल्ला विपद व्यवस्थापन समितिको सिफारिस सहित निर्देशनालय मार्फत मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

(५) प्राकृतिक रुपमा आफैं ढलेका रुखको कार्ययोजना अनुसार लगत मूल्याङ्कन गरी डिभिजन वन कार्यालयको सहमति लिई तत्काल सङ्कलन गर्न सकिनेछ।

(६) वन व्यवस्थापन कार्य भैरहेको आवधिक खण्डमा ढलेका रुखको रुख नक्साङ्कन लगत अद्यावधिक गर्नु पर्नेछ।

(७) यस दफा बमोजिमका ढलापडा र सुखड खडा रुखहरूको सङ्कलन अनुसूची-१८ बमोजिम हुनेछ।

## परिच्छेद-६

## रुख छपान, कटान, मुछान र काठ दाउरा घाटगद्दी सम्बन्धी व्यवस्था

२०. **आवधिक कटान क्षेत्र निर्धारण** (१) वन व्यवस्थापनको उद्देश्य अनुसार पुनरुत्पादनको अवस्था, पोलको संख्या, रुखको संख्या र आयतन र नरुचाहिएको प्रजाति (Undesirable species) र स्थलगत भेरिफिकेसन समेतको आधारमा विभाजन गरिएको कम्पार्टमेण्ट वा सब कम्पार्टमेन्टलाई क्रमशः पहिलो, दोस्रो, तेस्रो गरी प्राथमिकता निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राथमिकता निर्धारणमा परेको पहिलो कम्पार्टमेण्ट वा सब कम्पार्टमेन्टबाट रुख कटानका कार्य शुरुवात गर्नु पर्नेछ ।

२१. **बार्षिक कटान प्लट निर्धारण:** (१) अप्नाइएको वन संवर्धन प्रणालीमा तोकिएको उत्पादन नियमन अनुसार बार्षिक कटान प्लट निर्धारण गर्नु पर्नेछ ।

(२) वन व्यवस्थापनको उद्देश्य, परिपक्क र बाक्ला रुखको संख्या, रुखको अवस्था (4D) र हटाउनु पर्ने अन्य प्रजाति (Undesirable species) को संख्यालाई आधार मानी बार्षिक कटान प्लटको प्राथमिकता निर्धारण गरी बार्षिक रुपमा रुख कटानका कार्यहरु गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बार्षिक कटान प्लटको प्राथमिकता निर्धारण गर्दा वन क्षेत्रको स्थलगत निरीक्षण गरी पुनरुत्पादन र पोलको अवस्थालाई समेत ध्यान दिनु पर्नेछ ।

२२. **<u>रुख छपान तथा छपान मूल्याङ्कनः</u>** (१) कटान गर्न छनोट गरिएका रूखहरू छपान गर्दा डिभिजन वन कार्यालय मातहतको वा समूहबाट नियुक्त कम्तिमा सहायकस्तर पाँचौ वन प्राविधिक (रेञ्जर वा सो सरह) को सहयोगमा प्रत्येक रुखको फेदमा (भूईदेखि ६ इन्चसम्म) र छातीको उचाई (रुखको फेददेखि ४.५० फीट उचाई) मा गरी दुई ठाउँमा ६"x ६" को ब्लेज बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बनाइने ब्लेज एक अर्काको विपरित दिशामा हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको दुवै ब्लेजमा प्रष्ट देखिने गरी टाँचा लगाई सेतो इनामेलले छपान नम्बर लेख्नु पर्नेछ ।

(४) ढलेका, खोलाले बगाई ल्याएका वा खोलामा गाडिएका वा भौगोलिक हिसावले अप्ठ्यारो स्थानमा भएका रूखहरूमा एक अर्काको विपरीत दिशामा ब्लेज बनाउन सम्भव नभए दुवै ब्लेजहरू एकै तर्फ पर्ने गरी ब्लेज बनाई छपान गर्न सकिनेछ।

(५) सामान्यतया रुखको छपान गर्दा वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय दुवैको टाँचा संयुक्त रुपमा लगाउनु पर्नेछ तर आन्तरिक खपतको लागि छपान कार्यमा वन उपभोक्ता समूहको मात्र टाँचा लगाउनु पर्नेछ।

(६) रुखको मापन, आयतन निकाल्ने र मूल्याङ्कन नियमावलीको अनुसूची-४९ बमोजिम गर्नु पर्नेछ र सो को लागि अनुसूची-१९ बमोजिम छपान रजिष्टर तथा तेरिज तयार गर्नु पर्नेछ।

२३. **<u>छपान चेकजाँचः</u>** (१) रुख छपान तथा छपान मूल्याङ्कन भए पश्चात् सोको जानकारी प्राप्त भएको सात दिनभित्र डिभिजन वन कार्यालयले कार्ययोजना बमोजिम छपान भए नभएको यकिन गर्न डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट छपान गरेका रुखहरूमध्ये कम्तिमा पन्ध्र प्रतिशत छपान चेकजाँच गरी अनुसूची-२० बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

तर वन समूहहरुले आफै वन प्राविधिक राखेको अवस्थामा त्यस्ता प्राविधिकले लिएको लगत सव डिभिजन वन कार्यालयको वन अधिकृत कर्मचारीबाट चेक गरी थप कारबाहीको लागि डिभिजन वन कार्यालयमा राय प्रतिवेदन सहितका कागजातहरु पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लगतको घटीमा पाँच प्रतिशत छपान चेकजाँच निर्देशनालयले गर्नु पर्नेछ। निर्देशनालयले यस्तो चेकजाँच कार्यको लागि अनुरोध भई आएको मितिले दश दिनभित्र छपान चेकजाँच गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई सोको जानकारी उपलब्ध गराउनु पर्नेछ।

तर, समूहको आन्तरिक खपत हुने काठ दाउराको हकमा रुख छपान लगतको निर्देशनालयबाट चेकजाँच गर्नु पर्ने छैन।

२४. **<u>सङ्कलन सहमति लिनु पर्ने</u>ः (१)** सामुदायिक वनको हकमा नियमावलीको नियम २४ र साझेदारी वनको हकमा नियम ३९ बमोजिम सङ्कलन सहमति लिनु पर्नेछ।

(२) सामुदायिक वनको हकमा समूहले रुख संकलन सहमती लिनु पूर्व आन्तरिक खपत हुने काठ दाउराको माग संकलन गरी साधारण सभाबाट अनुमोदन समेत गराई अनुसूची-२१ वमोजिमको ढाँचामा डिभिजन वन कार्यालयमा जानकारी गराउनु पर्नेछ।

२५. **<u>रुख कटान मुछान</u>ः** (१) दफा २१ बमोजिम निर्धारण भएको कटान प्लटमा कटान प्रयोजनका लागि छपान भइ सहमति प्राप्त भएका रुखहरू मात्र कटान गर्नु पर्नेछ।

(२) कुनै वर्ष कार्यान्वयन गर्न कार्ययोजनामा स्वीकृत भएका क्रियाकलापहरू (रुख कटान, पत्ल्याउने, सुधार कटान, पुनरुत्पादन तयारी कटान) विशेष कारणवश सो वर्षमा सम्पन्न हुन नसकेमा लगत्तैको अर्को वर्ष सम्पन्न गरेपछि मात्र कार्यतालिका बमोजिमको कार्य गर्नु पर्नेछ।

(३) वन उपभोक्ता समूहले रूख कटान, मुछान तथा सङ्कलन गर्दा आफ्नै खर्च र जिम्मेवारीमा समूहका स्थानीय उपभोक्तालाई प्राथमिकता दिई गर्नु पर्नेछ। यसो गर्दा जिल्ला दररेटभन्दा बढी पारिश्रमिक दिन पाइने छैन।

(४) वन उपभोक्ता समूहले रूख कटान, मुछान तथा सङ्कलन गर्दा कुनै व्यक्तिबाट सापटी वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगवाट अग्रिम लगानीका रूपमा रकम लिन पाइने छैन।

तर आफ्नै स्रोत नभएमा बैङ्क तथा वित्तीय संस्थाको सहयोग तथा लगानीमा समूहका सदस्यलाई परिचालन गरी गर्न सकिनेछ।

(५) उपदफा (२) बमोजिम वन उपभोक्ता समूहका सदस्यलाई परिचालन गरी काठ, दाउरा सङ्कलन गर्न नसकेमा त्यस्तो उपभोक्ता समूहले सिलबन्दी बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई सबैभन्दा कम मूल्यमा वन पैदावार सङ्कलन गर्न कबोल गर्ने फर्म वा कम्पनीलाई अनुसूची-२२(संघीय नियमावलीको अनुसूची-२६) बमोजिमको ढाँचामा सङ्कलन अनुमतिपत्र दिई सङ्कलन कार्यमा लगाउनु पर्नेछ।

तर वन पैदावार सङ्कलन कार्यमा संलग्न भएको फर्म, उद्योग वा कम्पनीले त्यस्तो वन पैदावारको बिक्री प्रक्रियामा भाग लिन पाउने छैन।

(६) समूहबाट व्यवस्थापन भएको बाहेक अन्य क्षेत्रमा डिभिजन वन कार्यालयले काठ दाउराको कटान मुछान प्रतिष्पर्धात्मक तवरबाट सेवा प्रदायक छनौट गरी गर्नु पर्नेछ। तर सेवा प्रदायकबाट सो कार्य हुन नसक्ने अवस्था भएमा अमानतबाट गर्न बाधा पुग्ने छैन।

(७) छपान गरेको रूख कटान गर्दा बोटविरुवा, जैविक विविधता र वातावरणलाई कम नोक्सान हुने गरी कटान गर्नु पर्नेछ र रूख कटान गर्दा तल्लो छपान ब्लेज़ प्रष्ट रूपमा देखिने गरी छोड्नु पर्नेछ।

(८) कटान भएका रूखका ठुटामा तोकिएको टाँचा लगाई कटानको क्रमानुसार ठुटा नम्बर समेत लेख्नु पर्नेछ ।

(९) छपान भएका रूखबाहेक अन्य रूख कटान गरिएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई प्रचलित कानुन अनुसार दण्ड सजाय र जरिवाना समेत हुनेछ।

२६. **करारनामा सम्बन्धी व्यवस्था:** (१) प्रचलित ऐन नियमानुसार ठेक्का सदर भएपछि सम्बन्धित व्यक्ति, फर्म, वा सस्थाले ठेक्का सदर भएको जानकारी प्राप्त गरेको सात दिनभित्र वा पत्र नबुझेको अवस्थामा सात दिन भित्र विद्युतीय माध्यमबाट समेत सार्वजनिक सूचना जारी गरी पन्ध्र दिनभित्र करारनामा गर्न आउनु भनी सूचना दिनु पर्नेछ। तोकिएको अवधि भित्र करारनामा गर्न नआएमा ठेक्का तोडी जमानत समेत जफत गरिनेछ।

(२) यसरी स्वीकृत भएको ठेक्काको करारनामा गर्दा डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत र ठेक्का सकार गर्ने व्यक्ति, निकाय वा निजको प्रतिनिधिले आ-आफ्नो साक्षीको रोहवरमा दस्तखत गर्नुपर्नेछ ।

(३) करारनामा सम्बन्धी विवाद परेमा प्रचलित कानून बमोजिम हुनेछ।

२७. **जमानत तथा धरौटी:** (१) ठेक्का सकार गर्ने व्यक्ति वा निकायले प्रत्येक प्लटमा गर्नुपर्ने कामको कबोल अङ्कको दश प्रतिशत धरौटी वा जमानत राख्नु पर्नेछ।

(२) नेपाल सरकारको स्वामित्वमा रहेका समिति तथा संस्थानहरुले कुनै जमानत तथा धरौटी राख्नु पर्ने छैन।

२८. **वन प्रवेश इजाजत पत्र (वन पेशी):** (१) दफा २६ बमोजिम करारनामा गरेको सात दिनभित्र वन पेशी लिई सक्नु पर्नेछ। सम्बन्धित व्यक्ति वा निकायले उक्त म्यादभित्र वन पेशी नलिएमा ठेक्का तोडी सो वापत राखेको धरौटी समेत जफत गरिनेछ। समिति वा संस्थानले पनि करारनामा गरेको सात दिन भित्र वन पेशी नलिएमा करारनामा रद्द गरिने छ र सोही प्लट पुनः उपलब्ध गराइने छैन।

(२) खडा रुख लिलाम बिक्री स्वीकृत भई कबोल रकम दाखिला गरिसकेपछि रुखबाट काठ दाउरा संकलनको लागि दफा ३२ ले तोकेको म्यादको अधिनमा रही वन पेशी दिइनेछ।

२९. **गोलिया काठ र दाउराको नाप पैमाइसः** (१) कटान भएका प्रत्येक रूखलाई उचित तरिकाले मुछान (गिण्डा) गरी बजारको माग अनुसार उपयुक्त आकारको हुने गरी गोलियाहरू तयार गर्नु पर्नेछ । तर, गोलिया र वल्लावल्ली हुने काठलाई दाउरामा परिणत गर्न पाइने छैन।

(२) गिण्डा पारिएका प्रत्येक गोलिया काठको नाप पैमाइस र धोंद कट्टी गर्दा नियमावलीको नियम ४९ बमोजिम गर्नु पर्नेछ।

३०. **काठको वर्गीकरणः** (१) कटान गरिएका गोलिया काठको वर्गीकरण गर्दा नियमावलीको अनुसूची-४९ बमोजिम गर्नु पर्नेछ।

(२) कटान गरिएका रुखहरूबाट निस्केका प्रत्येक गोलियाको सही नाप पैमाइस गरी सबै गोलिया काठको दुबै टक्करमा (Both end) नमेटिने गरी गोलियाको नाप साइज (गोलाइ र लम्बाई) का साथै सो माथि उक्त गोलिया निकालिएको रूख नम्बर, प्रत्येक गिण्डा नम्बर र गोलिया काठको वर्गीकरण (ग्रेडः ए, बि, सी र डी) सेतो रंगले नमेटिने गरी प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।

(३) कटान क्षेत्रमा उत्पादन भएका सबै गोलिया काठ र दाउराको लगत र नाप पैमाइस अनुसूची-२३ बमोजिमको कटान रजिष्टर तयार गर्नु पर्नेछ।

३१. **काठ दाउरा ढुवानी र घाटगद्दीः** (१) प्लटमा गोलिया काठ तयार भएपश्चात् वनबाट घाटगद्दीमा काठ दाउरा ढुवानी गर्नु पर्नेछ र घाटगद्दी गर्ने स्थान सकेसम्म जङ्गल बाहिरको सुरक्षित ठाउँमा हुनु पर्नेछ।

(२) काठ ढुवानी गर्दा प्रत्येक गोलियाको दुवैतर्फ पासिङ्ग टाँचा लगाउनुपर्नेछ र गोलिया काठमा समूहको टाँचा नलगाई ढुवानी गर्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम भौगोलिक विकटताका कारणले कटान प्लटबाट घाटगद्दी स्थलसम्म गोलिया काठ ढुवानी गर्न नसक्ने अवस्था भएमा डिभिजन वन कार्यालयको अनुमति लिई हातेआरा वा पावर चेन स: वा पोर्टेवल सःमिल प्रयोग गरी चिरान गरी चिरान काठ घाटगद्दीमा ल्याउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम चिरान गरिएको गोलिया काठको नम्बर, नाप र संख्या तथा प्रत्येक गोलियाबाट निस्किएको चिरान काठको नाप रजिष्टर छुट्टै लगत तयार गरी अनुसूची-२४ बमोजिमको घाटगद्दी रजिष्टरमा जनाउनु पर्नेछ।

(५) कटान वा सङ्कलन गरेको खण्ड, उप-खण्ड वा प्लटबाट घाटगद्दी गर्ने स्थानसम्म काठ दाउरा ढुवानी गर्दा नियमावलीको अनुसूची-५० बमोजिमको चलानी पूर्जी भरेर ढुवानी गर्ने सवारी चालक वा गोलिया काठ बोक्ने श्रमिकलाई दिइ पठाउनु पर्नेछ।

तर कटान क्षेत्र र घाटगद्दीवीचको दुरी एक किलोमिटरभन्दा कम छ भने चलानी पूर्जीबिना नै घाटगद्दीसम्म ढुवानी गर्न सकिनेछ।

(६) घाटगद्दीमा गोलिया काठ राख्दा लामो गोलिया सबैभन्दा तल र क्रमशः छोटो गोलिया माथि हुने गरी सबै गोलिया काठको एकातर्फको टक्कर एउटै सतहमा पर्ने गरी चाङ मिलाएर धाङ बनाइ राख्नु पर्नेछ।

<u>स्पष्टिकरणः</u> यस उपदफाको प्रयोजनको लागि धाङ भन्नाले बढिमा एक सय थान गोलिया मिलाएर राखिएको थुप्रो/चाङलाइ वुझ्नु पर्दछ ।

(७) दाउराको हकमा २० फिट× ५ फिट ×५ फिट साइजको चट्टा बनाइ कुन प्लटको दाउरा हो सो समेत देखिने गरी चट्टा नम्बर इनामेलले लेखी राख्नु पर्नेछ। त्यसैगरी बल्लाबल्लीलाई पनि छुट्टै चाङ लगाउनु पर्नेछ।

(८) व्यवस्थापकले घाटगद्दी स्थलमा रहेका काठ दाउरा र अन्य वन पैदावारको आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(९) वन उपभोक्ता समूहले घाटगद्दी स्थलको जानकारी डिभिजन वन कार्यालयलाई र सरकारद्वारा व्यवस्थित वनको हकमा डिभिजन वन कार्यालयले वन निर्देशनालयलाई जानकारी गराउनु पर्नेछ। घाटगद्दी स्थलको विवरण सव डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयमले अद्यावधिक गरी राख्नु पर्नेछ।

३२. **<u>वन पैदावार संकलन अवधिः</u>** वन पैदावार संकलन अवधि र म्याद थप सम्बन्धी व्यवस्था नियमावलीको नियम ७१ बमोजिम हुनेछ।

३३. **<u>निरीक्षण गर्नुपर्नेः</u>** (१) यस परिच्छेद बमोजिम रूख छपान, कटान, मुछान एवम् काठ दाउरा ढुवानी र घाटगद्दी तथा नाप पैमाइस आदि कार्य गर्दा स्वीकृत कार्ययोजना र वनसम्बन्धी कानुनको पालना गरे नगरेको विषयमा सब डिभिजन वन कार्यालयले समय समयमा सम्बन्धित प्लट र घाटगद्दीमा गई निरीक्षण गरी प्राविधिक सहयोग र परामर्श उपलब्ध गराउनु पर्नेछ।

(२) निरीक्षण पश्चात् भए गरेको कामको प्रगति प्रतिवेदन डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भए गरेको कामको प्रगति प्रतिवेदन प्राप्त भए पश्चात् डिभिजन वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट कम्तिमा पन्ध्र प्रतिशत चेक जाँच गर्नु पर्नेछ।

३४. **<u>सङ्कलन क्षेत्रको अन्तिम जाँचः</u>** सव डिभिजन वन कार्यालयले कटान कार्य समाप्त भएको एक महिनाभित्र कटान प्लटको अन्तिम निरीक्षण गरी अनुसूची-२५ बमोजिम प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । कटान क्षेत्रको अन्तिम निरीक्षणमा सामुदायिक वनको हकमा

डिभिजन वन कार्यालयको अधिकृत प्रतिनिधि र साझेदारी वन तथा सरकारद्वारा व्यवस्थित वनको हकमा निर्देशनालयको अधिकृत प्रतिनिधि समावेश हुनु पर्नेछ।

## परिच्छेद-६

## काठ दाउराको लिलाम बिक्री सम्बन्धी व्यवस्था

**३५.** **काठ दाउराको लिलाम बिक्रीः** (१) दफा ३१ बमोजिम घाटगद्दी भएको काठ दाउराको लिलाम बिक्री सम्बन्धी व्यवस्था नियमावलीको नियम ७२ बमोजिम हुनेछ।

(२) बोलपत्रबाट लिलाम बिक्री गर्दा रित पुगेका बोलपत्रहरु मध्ये बढी सकार गर्ने तीन जनाले राखेको धरौटी रोकी सबैभन्दा बढी मूल्य सकार गर्ने सकारकर्ताको बोलपत्र खोलेको मितिले दश दिन भित्र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भन्ने निर्णय गरी सक्नुपर्नेछ। बिक्री सदर भएको मितिले सात दिन भित्र डिभिजन वन कार्यालयले कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी सम्बन्धित बोलपत्रदातालाई बिद्युतिय वा अन्य माध्यमबाट जानकारी दिनु पर्नेछ।

(३) बिक्री स्वीकृत भइ जानकारी दिएको मितिले पन्ध्र दिनभित्र पहिलो सकारकर्ताले कबोल गरेको रकम दाखिला गर्नु पर्नेछ र पैंतालिस दिनभित्र अन्य बुझाउनु पर्ने सबै रकम बुझाई काठ, दाउरा उठाई लैजानु पर्नेछ।

(४) पहिलो सकारकर्ताले तोकेको म्याद भित्र सकार रकम दाखिला नगरेमा निजले राखेको धरौटी जफत गरी दोश्रो बढी सकार गर्नेको नामको बोलपत्र स्वीकृत गर्नु पर्नेछ। यसरी दोश्रो बढी सकार गर्नेको नामको बोलपत्र स्वीकृत भएपछि बाटोको म्याद बाहेक दश दिनको म्याद दिई रकम दाखिला गर्न सूचना प्रकाशित गर्नु पर्नेछ।

(५) दोश्रो सकारकर्ताले पनि तोकिएको समयमा रकम दाखिला नगरेमा धरौटी जफत गरी तेश्रो सकारकर्ताको नाममा बोलपत्र स्वीकृत गर्नु पर्नेछ। तेश्रो सकारकर्ताको नाममा बोलपत्र स्वीकृत भएमा सात दिनको समय दिई रकम दाखिला गर्न लगाउनु पर्नेछ। निजले पनि तोकिएको समयावधिमा रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी पुनः लिलाम बिक्रीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ।

तर त्यसरी दोश्रो वा तेश्रो सकारकर्ताको वोलपत्र स्वीकृत गर्दा पहिलो सकारकर्ताले सकारेको कवोल अंकमा जफत गरिएको धरौटी रकम घटाउँदा हुन आउने रकम भन्दा कममा वोलपत्र स्वीकृत गरिने छैन।

(६) काठ दाउराको लिलाम बिक्री सदर गर्ने अधिकारी सम्बन्धी व्यवस्था नियमावलीको नियम ७३ बमोजिम हुनेछ।

३६. **<u>बिमार्का गरी छोडपुर्जी दिनुपर्नेः</u>** (१) लिलाम स्वीकृत भइ सकार रकम र अन्य दाखिला गर्नु पर्ने रकम सम्बन्धित सकारकर्ताबाट दाखिला भई सके पछि घाटगद्दीमा रहेको वा आएको काठ नाप पैमाइस गरी डिभिजनल वन अधिकृत वा निजले तोकेको वन अधिकृतले तोकिएको टाँचाबाट सात दिनभित्र बिमार्का गरिदिनु पर्नेछ। वन उपभोक्ता समूहको हकमा समूहको टाँचा समेत लगाउनु पर्नेछ।

(२) काठ, दाउरा र अन्य वन पैदावरको इकाई खुलाई बिमार्का मुचुल्का तयार गर्नु पर्नेछ । मुचुल्का र सो सम्बन्धी कागजपत्र सम्बन्धित कर्मचारीले बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिमको मुचुल्का प्राप्त गरिसकेपछि नियमावलीको नियम ७२ को उपनियम (५) बमोजिम छोडपुर्जी लिइ नियम ७६ बमोजिम सिल र दरपिठसमेत गराइ ओसारपसार गर्नु पर्नेछ। बिमार्का र छोडपुर्जी भएको वन पैदावार घाटगद्दीमा कुनै कारणले हानि नोक्सानी भएमा डिभिजन वन कार्यालय जवाफदेही हुनेछैन।

(४) सकारकर्ताले छोडपुर्जीमा उल्लिखित म्याद भित्र वन पैदावार उठाई लैजान नसकिने भएमा उक्त म्याद भित्रै मनासिव माफिकको कारण खुलाई म्यादथपको लागि निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले बढीमा सात दिनसम्मको म्याद थप गर्न सक्नेछ।

(५) डिभिजनल वन अधिकृतले थपेको म्यादभित्र वन पैदावार उठाई लैजान नसकिने भएमा थपिएको म्याद भित्रै पूनः म्याद थपको लागि निवेदन दिनु पर्नेछ। यसरी म्याद थपको निवेदन परेमा डिभिजनल वन अधिकृतले आफ्नो राय सहित तीन दिनभित्र निर्देशनालय समक्ष पेश गरी निर्देशकले आवश्यक ठहर्याएमा बढीमा सात दिनसम्मको म्याद थप गर्न निर्देशन दिन सक्नेछ।

(६) वन उपभोक्ता समुहबाट उपलव्ध छोडपुर्जी बमोजिम सकारकर्ताले म्यादभित्र वन पैदावार उठाई लैजान नसकिने भएमा उक्त म्याद भित्रै मुनासिव माफिकको कारण खुलाई म्यादथपको लागि निवेदन पेश गरेमा सव डिभिजन वन कार्यालय र वन उपभोक्ता समूहको सिफारिसमा एक पटकमा सात दिनका दरले बढिमा दुई पटकसम्म डिभिजनल वन अधिकृतले म्याद थप सहमती उपलव्ध गराउन सक्नेछ।

## परिच्छेद-७

## <u>कटान मुछान पछिको व्यवस्थापन सम्बन्धी व्यवस्था</u>

३७. **<u>हाँगाबिगा हटाउने कार्य</u>ः** (१) पुनरूत्पादन/पुनरूत्पादन तयारी कटान गरिएको स्थानमा रुख कटान गरिसकेपछि सबै हाँगाबिगा, टुप्पाटाप्पी हटाएर सफा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सरसफाई कार्य कटान कार्य समाप्त भए पश्चात् रुखको बीउ पाकेर झर्ने समयभन्दा कम्तिमा २ (दुई) हप्ता अगाडि नै गर्नु पर्नेछ ।

३८. **<u>पुनरूत्पादन अभिवृद्धिः</u>** पुनरूत्पादन अभिवृद्धि (Regeneration Promotion) को कार्य अनुसूची-२६ बमोजिम गर्न सकिनेछ ।

## परिच्छेद–८

## <u>वन व्यवस्थापनका अन्य कृयाकलापहरु सञ्चालन गर्नेसम्बन्धी व्यवस्था</u>

३९. **<u>वन क्षेत्रको खाली जग्गा व्यवस्थापन</u>**ः वन क्षेत्रको खाली जग्गामा संभव भएसम्म प्राकृतिक पुनरूत्पादनद्वारा वन बनाउने, प्राकृतिक पुनरूत्पादन हुन नसक्ने अवस्थामा उपयुक्त प्रजातिको वृक्षारोपण गरी वनक्षेत्र विस्तार गर्नु पर्नेछ।

४०. **<u>खोला खहरे तथा पानी निकास व्यवस्थापन</u>**ः वन क्षेत्रभित्र रहेका खोला खहरेको संरक्षणको लागि खोला खहरेको दायाँ वायाँ १०/१० मिटरभित्रका रुख विरुवाको कटान गर्न पाइने छैन। वन क्षेत्रबाट वग्ने पानीको उचित निकासको व्यवस्थापन गरी व्यवस्थापन गरिएको वनक्षेत्रमा भूक्षय हुन नपाउने गरी उपयुक्त प्रबन्ध मिलाउनु पर्नेछ । तर रुखकै कारण थप भूक्षय हुने जोखिमयुक्त रुखहरु हटाउन बाधा पर्ने छैन।

४१. **<u>अग्नीरेखा निर्माण, मर्मत संभार, स्तरोन्नति</u>**ः वन संवर्धन गरिने वनमा अग्नीरेखा निर्माण, भएका अग्नीरेखाको मर्मत संभार तथा आवश्यकता अनुसार स्तरोन्नति गर्ने व्यवस्था मिलाउनु पर्नेछ। अग्निरेखा निर्माण गर्दा एक कम्पार्टमेण्ट र अर्को कम्पार्टमेण्टको वीचमा ४ मीटर (०.५० मिटर चाक्लो र ०.३० मिटर गहिरो नाला दुवै तर्फसमेत) समतल दुरीको चौडाईमा र एक सव कम्पार्टमेण्ट र अर्को सवकम्पार्टमेण्टको वीचमा ३ मीटर (०.५० मिटर चाक्लो र ०.३० मिटर गहिरो नाला दुवै तर्फसमेत) समतल दुरीको चौडाईमा निर्माण गर्नु पर्नेछ ।

४२. **<u>पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यवस्थापन</u>**ः व्यवस्थापन गरिने वनक्षेत्रमा रहेका पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यवस्थापनको उचित प्रवन्ध मिलाउनु पर्नेछ ।

४३. **<u>कोरिडोर तथा कनेक्टीभिटी</u>**ः व्यवस्थापन गरिने वनक्षेत्र जैविक विविधता संरक्षणको दृष्टिकोणबाट कोरीडोर तथा कनेक्टिभिटीभित्र पर्न गएमा सो क्षेत्रबाट ओहोरदोहर गर्ने वन्यजन्तुको आवतजावतमा वाधा नपुग्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

४४. **<u>वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन</u>**ः वन अतिक्रमण हुन नदिने तथा भएका अतिक्रमण नियमानुसार व्यवस्थापन गरी उक्त क्षेत्रमा दफा ३८ बमोजिम पुनरूत्पादन गराउनु पर्नेछ ।

४५. **<u>चोरीकटानी तथा चोरी शिकारी नियन्त्रण</u>**ः वन क्षेत्रमा हुने संभावित चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणको प्रवन्ध मिलाउनु पर्नेछ ।

४६. **<u>वन क्षेत्रभित्रको नदीजन्य पदार्थ व्यवस्थापन</u>**ः नदिजन्य पदार्थको व्यवस्थापन ऐनको दफा १३ तथा नियमावलीको नियम ८ र ९ वमोजिम गर्नु पर्नेछ।

४७. **एकिकृत रोग किरा तथा मिचाहा प्रजाति व्यवस्थापन**: रोग किरा तथा मिचाहा प्रजातिको प्रकोप देखिएको वन क्षेत्रमा त्यस्ता प्रजाति हटाइ उपयुक्त प्रजातिहरु हुर्कन सक्ने वातावरण सिर्जना गर्ने तर्फ आवश्यक क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

४८. **वन सम्बन्धी परम्परागत ज्ञान र प्रथाजनित अभ्यास सम्बन्धी व्यवस्था**: वन उपभोक्ताहरुमा भएको परम्परागत ज्ञान सीप र प्रथाजनित अभ्यासको संरक्षण एवं प्रवर्धनको उचित व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-९

## जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

४९. **वन कामदारको सुरक्षाः** वन क्षेत्रमा काम गर्ने अनुमती प्राप्त आयोजना, रोजगारदाता व्यक्ति, संस्था, समूह वा निकायले त्यस सम्बन्धी काम गर्ने कामदारको सुरक्षाको व्यवस्था नियमावलीको नियम ९८ बमोजिम गर्नु पर्नेछ ।

५०. **वन प्राविधिकको क्षमता अभिवृद्धिः** वन व्यवस्थापन कार्ययोजना निर्माण र व्यवस्थापनमा संलग्न सरकारी वा अन्य वन प्राविधिकको क्षमता अभिवृद्धिका लागि वन अनुसन्धान तालिम केन्द्र वा प्राविधिक व्यवसायिक तालिम केन्द्र वा वन विज्ञान अध्ययन अध्यापन गराउने संस्थावाट तालिम, प्रशिक्षण, र स्थलगत अभ्यास जस्ता कार्यहरु उपलव्ध गराउनु पर्नेछ।

५१. **वन उपभोक्ता समूहको क्षमता अभिवृद्धिः** (१) डिभिजन वन कार्यालयले वन व्यवस्थापन कार्यमा संलग्न वन उपभोक्ता समूहका लागि तालिमको आवश्यकता पहिचान गरी सोही अनुसारको तालिम कार्यक्रम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी संचालन गर्नुपर्नेछ।

(२) वन उपभोक्ता समूहले कार्ययोजना वमोजिमको वन व्यवस्थापनका कार्यहरु गर्न गराउन आफ्ना उपभोक्ताहरुको क्षमता विकासका लागि डिभिजन वन कार्यालय/सब-डिभिजन वन कार्यालयसंग समन्वय गरी आफ्नै लगानीमा तालिम गोष्ठी लगायतका कार्यक्रम संचालन गर्न सक्नेछन्।

## परिच्छेद-१०

## गैरकाष्ठ वन पैदावार र वातावरणीय सेवा सम्बन्धी व्यवस्था

५२. **गैरकाष्ठ वन पैदावार व्यवस्थापनः** वन क्षेत्रमा पाइने महत्वपूर्ण जडिवुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो उत्पादनको सम्भावना भएमा वन स्रोत सर्वेक्षणवाट परिमाण यकीन गरी व्यवस्थापन योजनामा समावेश गर्नु पर्नेछ ।

५३. **पर्यापर्यटन कार्यक्रमः** पर्यापर्यटनको संभावना भएका र लाभलागत विश्लेषणबाट सम्भावना देखिएका वनक्षेत्रमा ऐनको दफा ११ तथा नियमावलीको नियम ७ बमोजिम पर्यापर्यटनको विकास गरी थप आयआर्जनको अवसर सिर्जना गर्न सकिनेछ। सामुदायिक वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन

सम्बन्धी व्यवस्था ऐनको दफा ३७ को उपदफा(४) तथा नियमावलीको नियम २८ वमोजिम हुनेछ।

**५४.** **<u>वनबाट प्राप्त हुने अन्य पारिस्थितिकीय सेवा व्यवस्थापनः</u>** वनबाट उत्पादन हुने विभिन्न किसिमका पारिस्थितिकीय सेवाहरु जस्तैः कार्वन सेवा, जैविक विविधताको संरक्षण, जलाधार तथा जलचक्र प्रणाली, पर्यापर्यटन, नाइट्रोजन चक्र, माटो वन्ने प्रक्रिया, स्वच्छ हावा, जलवायु नियमन, सौन्दर्यवर्धक सेवा, आध्यात्मिक तथा मनोरन्जनात्मक सेवा लगायतका वातावरणीय सेवाको व्यवस्थापन र उपयोग गर्न वन व्यवस्थापन कार्ययोजनामा उल्लेख गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद- ९

## संरक्षणमुखी वन क्षेत्र व्यवस्थापन सम्बन्धी व्यवस्था

**५५.** **<u>संरक्षणमुखी क्षेत्रको पहिचान र व्यवस्थापनः</u>** (१) वन क्षेत्रभित्रका संरक्षण, प्रवर्द्धन र विकास गरिनु पर्ने संरक्षणमुखी अवयवहरूको पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका अवयवहरूको संरक्षण, प्रवर्द्धन र विकासका लागि देहायका कार्यहरू गर्नु पर्नेछः

(क) नदी, खोला, तथा खहरेको प्रकृति हेरी किनाराबाट पन्ध्र देखि तीस मिटर दूरीको क्षेत्रलाई पूर्ण रूपमा संरक्षण गरी नदी किनारा स्थिरीकरणका कार्य,

(ख) सडक, नहर, बाटोको किनारातर्फ न्यूनतम पाँच मिटर र राष्ट्रिय राजमार्गको Right of Way देखि न्यूनतम पन्ध्र मिटर चौडाइको ग्रीनवेल्ट कायम गरी सोही अनुरूपका कार्य,

(ग) दुर्लभ, लोपोन्मुख र संरक्षित प्रजातिका बासस्थान तथा जैविक मार्गहरूको संरक्षण र व्यवस्थापन,

(घ) प्रथाजनित व्यवस्थापन प्रणाली तथा आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान तथा सिपलाई ध्यान दिई सांस्कृतिक, धार्मिक, पुरातात्विक, जैविक महत्वका क्षेत्रहरूको अभिलेखीकरण, संरक्षण तथा प्रवर्धन,

(ङ) भू-क्षय भै रहेको वा हुन सक्ने सम्भावित क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन गरी नियन्त्रणका कार्य,

(च) पानीका मुहान, तालतलैया, सिमसार तथा सम्वेदनशील जलाधार क्षेत्रमा वातावरणीय सेवाका कार्यहरूको व्यवस्थापन,

(छ) घाँसेमैदान, चरीचरन खर्क तथा पाटनको संरक्षण र व्यवस्थापन।

५६. **<u>संरक्षणमुखी वन क्षेत्रमा वन पैदावार उत्पादन तथा नियमनः</u>** (१) संरक्षणमुखी वन क्षेत्रमा ढलापडा, मरेका, मर्नलागेका, रोग कीरा लागेका रुखहरू मात्र कटान गर्न मिल्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संरक्षणमुखी वन क्षेत्रमा सडक, बाटो, सिंचाइ कुलो लगायतका भौतिक पूर्वाधारलाई जोखिम पुऱ्याउने तथा भिरपाखामा पहिरोको जोखिम बढाउने किसिमका रुखहरू डिभिजनल वन अधिकृतको स्थलगत निरीक्षणबाट यकिन गरी हटाउन सकिनेछ।

(३) जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको उपलब्धता र उत्पादनको सम्भावना भएका संरक्षणमुखी वनक्षेत्रको कार्य योजना बनाइ त्यस्ता जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्धन र सदुपयोग गर्न सकिनेछ।

## <u>परिच्छेद-१०</u>

## <u>वित्तिय विश्लेषण सम्बन्धी व्यवस्था</u>

५७. **<u>वित्तीय विश्लेषणः</u>** (१) वन व्यवस्थापन योजना वित्तीय रुपमा लाभप्रद छ/छैन भनेर वित्तीय विश्लेषण, लाभ लागत अनुपात (Benefit/cost ratio- BCR), खुद वर्तमान मूल्य (Net present value-NPV) र आन्तरिक प्रतिफल दर (Internal rate of return-IRR) बाट गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम वित्तीय विश्लेषण गर्दा लाभ लागत अनुपात एक भन्दा बढी, खुद वर्तमान मूल्य सकारात्मक वा आन्तरिक प्रतिफल दर खर्च गरिने रकमको वैकल्पिक मूल्य (Opportunity cost of capital) भन्दा बढी हुनु पर्नेछ।

५८. **<u>आर्थिक विश्लेषणः</u>** वन व्यवस्थापनको क्रममा प्राप्त हुने अप्रत्यक्ष लाभहरुको समेत मूल्याङ्कन विभिन्न विधिहरु जस्तैः Production Function Method, Hedonic price, Contingent valuation, Cost based approach आदि प्रयोग गरी अप्रत्यक्ष लाभ तथा लागतको मूल्याङ्कन गर्न सकिनेछ ।

५९. **<u>संवेदनशीलता विश्लेषणः</u>** ज्यालादर, व्याजदरमा परिवर्तन, वन पैदावारको मूल्यमा परिवर्तन, खडा रुखको अनुमानित आयतन भन्दा कटान गरीसकेपछि धोद वा अन्य कारणले वन पैदावारको मात्रामा कमी, पुनरोत्पादनको सुनिश्चितता आदिबाट आउने जोखिम तथा संवेदनशीलताको विश्लेषण गर्न सकिनेछ ।

६०. **<u>वित्तिय तथा आर्थिक विश्लेषण अवधीः</u>** वन व्यवस्थापन कार्ययोजना अवधी भरको लागि गर्नु पर्नेछ ।

## परिच्छेद-११

## सुशासन सुनिश्चितता सम्वन्धी व्यवस्था

६१. **आम्दानीको व्यवस्थापनः** वन उपभोक्ता समूहको कोषमा प्राप्त हुने आम्दानीको व्यवस्थापन गर्दा सामुदायिक वनको हकमा ऐनको दफा ३७ र साझेदारी वनको हकमा ऐनको दफा ४५ बमोजिम हुनेछ।

६२. **वन व्यवस्थापन कार्यको अनुगमनः** (१) वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन गरिने वनको कार्ययोजनाको तयारी देखि कटान मुछान कार्य सम्पन्न गरी वन पैदावार व्यवस्थापन गर्ने, कटान गरिएको क्षेत्रमा वन पुनरुत्पादन अभिवृद्धि, सुरक्षा समेतको कार्य गर्न वन उपभोक्ता समूहले उपसमिति गठन गरी अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको उपसमितिले अनुसूची-२८ बमोजिमको अनुगमन प्रतिवेदन वन उपभोक्ता समूहमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनलाई वन उपभोक्ता समूहले सव डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ।

(४) डिभिजन वन कार्यालय मार्फत वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको हकमा उपदफा (१) बमोजिमका कार्यको अनुगमन गरी अनुगमनबाट देखिएका कार्यहरु उल्लेख गरी प्रतिवेदन गर्न डिभिजन वन अधिकृत वा निजले तोकेको वन अधिकृतले अनुगमन गरी अनुगमन प्रतिवेदन वन निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन गरिएका वनको आवधिक रुपमा अनुगमन गर्न देहायको बमोजिमको संयुक्त अनुगमन समितिले गर्न गराउन सक्नेछः

(क) डिभिजनल वन अधिकृत -संयोजक

(ख) निर्देशनालयले तोकेको कम्तिमा सातौं तहका प्राविधिक प्रतिनिधि-सदस्य

(ग) सम्बन्धित स्थानीय तहले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित वन समूहको अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित सव डिभिजन वन कार्यालयको प्रमुख -सदस्य सचिव

(६) मन्त्रालय, निर्देशनालय, स्थानीय तह र डिभिजन वन कार्यालयले वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको वन व्यवस्थापन र अन्य क्रियाकलाप सम्बन्धी कार्यको जुनसुकै समयमा अनुगमन गर्न सक्नेछ। यसरी अनुगमन गर्न आउने पदाधिकारीहरुलाई अनुगमन गर्दा सहयोग गर्नु सम्बन्धित सव डिभिजन वन कार्यालय र वन समूहको कर्तव्य हुनेछ ।

६३. **<u>वनको प्राविधिक परीक्षणः</u>** (१) वन संवर्द्धन प्रणालीमा आधारित रही व्यवस्थापन गरिएका वनको दिगो वन व्यवस्थापनको अवधारणा अनुरुप भए नभएको सम्वन्धमा प्राविधिक परीक्षण गर्न गराउन सक्नेछ।

(१) उपदफा (१) बमोजिमको वनको प्राविधिक परीक्षण गर्न मन्त्रालयले देहायको समिति गठन गर्ने सक्नेछ ।

| | | |
|---|---|---|
| (क) | निर्देशक | -संयोजक |
| (ख) | मन्त्रालयको वन व्यवस्थापन विषय हेर्ने महाशाखा प्रमुख | -सदस्य |
| (ग) | सम्बन्धित डिभिजन वन कार्यालयको प्रमुख | -सदस्य |
| (घ) | मन्त्रालयले तोकेको वन विज्ञ प्रतिनिधि | -सदस्य |
| (ङ) | वन अनसुन्धान तथा प्रशिक्षण केन्द्र प्रमुख | -सदस्य सचिव |

(३) उपदफा (१) बमोजिम गरिने प्राविधिक परीक्षणको सिद्धान्त र आधारहरु अनुसूची-२४ बमोजिम हुनेछन् ।

(४) उपदफा (२) बमोजिमको समितिले प्राविधिक परीक्षण गरी अनुसूची-२५ बमोजिमको ढाँचामा प्रतिवेदनको मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम गरिने प्राविधिक परीक्षणको कार्यमा सहयोग गर्न वन निर्देशकले अन्य अधिकृत कर्मचारी तोक्न सक्नेछ।

## परिच्छेद-१२
## विविध

६४. **<u>कार्ययोजना संशोधनः</u>** (१) वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम स्वीकृत भएका कार्ययोजनालाई यो निर्देशिका प्रारम्भ भएको मितिले एक वर्षभित्र नियमावलीको नियम ५ को उपनियम (४) बमोजिम कार्ययोजनालाई परिमार्जन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना परिमार्जन गर्दा साविकको कार्ययोजनामा कटान क्षेत्र निर्धारण भइ व्यवस्थापन हुन बाँकी रहेको वनक्षेत्रलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्ययोजना परिमार्जन गर्न नसकेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले एक वर्षको समयावधि थप गर्न सक्नेछ।

६५. **<u>उप-समिति गठन गर्ने सक्नेः</u>** (१) यस निर्देशिकामा भएका वन व्यवस्थापन कार्य र क्रियाकलापको व्यवस्थित र नियमित गर्नका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभाबाट उप-समितिहरु गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमितिको अधिकार साधारण सभाबाट निर्णय भए बमोजिम हुनेछ।

६६. **<u>बदनियतले कार्य गरेमा कारबाही हुने:</u>** यो निर्देशिका कार्यान्वयन गर्दा कर्मचारी, कामदार वा यो निर्देशिकाले निर्दिष्ट गरेका अन्य व्यक्ति वा निकायबाट बदनियत राखी निर्देशिकाको आशय विपरीत हुने गरी कुनै काम कारबाही गरेमा छानविन गरी कानून बमोजिम कारबाही हुनेछ।

६७. **<u>मापदण्डको पालना गर्नु पर्ने:</u>** वन व्यवस्थापन कार्ययोजनाको तयारी र कार्यान्वयन गर्दा प्रचलित दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डमा भएका व्यवस्थाहरूको समेत पालना गर्नु पर्नेछ।

६८. **<u>व्याख्या गर्ने अधिकार:</u>** यस निर्देशिकामा लेखिएका कुराहरु उपर उठेका विवादको व्याख्या गर्ने अन्तिम अधिकार मन्त्रालयलाई हुनेछ।

६९. **<u>कर्तव्य हुने:</u>** यस निर्देशिकामा भएको व्यवस्थाको कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित वन व्यवस्थापकको हुनेछ।

७०. **<u>बचाउ:</u>** यो निर्देशिका प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम भएका काम कारबाही यसै निर्देशिका बमोजिम भएको मानिने छ।

# अनुसूचीहरु

(ज) औसत वार्षिक वृद्धि (Mean annual increment-MAI) भन्नाले कुनै निश्चित अवधिमा भएको जम्मा आयतनलाई उक्त अवधिको जम्मा वर्ष संख्याले भागगर्दा प्राप्त हुने आयतन सम्झनु पर्दछ ।

(झ) कटान श्रृंखला (Felling series) भन्नाले निर्धारित वार्षिक कटान परिमाण कटान तथा पुनरुत्पादन व्यवस्थापनका लागि तय गरिएको कटान क्षेत्रहरूको श्रृंखला/विवरण सम्झनु पर्दछ।

(ञ) कम्पार्टमेण्ट (Compartment) भन्नाले वन व्यवस्थापनका लागि छुट्याइएको वन संवर्धनमा आधारित वन व्यवस्थापन कार्यान्वयन हुने लागि पूर्ण इकाईको वन क्षेत्र सम्झनु पर्दछ।

(ट) खुद वर्तमान मूल्य (Net present value) भन्नाले नगद प्रवाहको वर्तमान मूल्य र उक्त अवधिको नगद बहिर्गमनको वर्तमान मूल्यबिच को भिन्नता सम्झनु पर्दछ ।

(ठ) चालु वार्षिक वृद्धि (Current annual increment) भन्नाले चालु वर्षमा भएको आयतन वृद्धिलाई सम्झनु पर्दछ ।

(ड) छनौट प्रणाली (Selection system) भन्नाले कटान र पुनरुत्पादन कार्य वनको सम्पूर्ण भागमा गरिने वन संवर्धन प्रणाली सम्झनु पर्दछ । छत्र प्रणालीमा माथिल्लो छत्र तहमा रहेका रुख हरूको छहारीमा पुनरुत्पादन हुर्काउने गरिन्छ ।

(ढ) छत्र प्रणाली (Shelterwood system) भन्नाले पुरानो रुख हरूको आश्रय (Shelter) मा प्राकृतिक पुनरुत्पादन हुर्काइ वन व्यवस्थापन गर्ने प्रणाली सम्झनु पर्दछ ।

(ण) जैविक मार्ग (Biological corridor) भन्नाले एक बास स्थानबाट अर्को बास स्थानमा वन्यजन्तु आवत-जावत गर्ने मार्ग सम्झनु पर्दछ ।

(त) टेण्डिङ कार्य (Tending operation) भन्नाले गोडमेल, झाडी सफाइ, पत्ल्याउने, हांगा कटनी छटनी, लहरा काटछाँट लगायतका कार्यहरूबाट वन बालीको प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गरी गुणस्तरीय उत्पादनका लागि वन संवर्धन प्रणाली सम्झनु पर्दछ।

(थ) दिगो वन व्यवस्थापन (SFM) भन्नाले वनजन्य वस्तु तथा सेवाको उपयोग गर्दा भावी पुस्ताका यस्ता सेवाहरूको उत्पादनमा सीमित नतुल्याइने गरी वर्तमानमा वन स्रोतको व्यवस्थापन गर्ने कार्यलाई बुझ्नु पर्दछ ।

(द) प्लट (Plot) भन्नाले वन व्यवस्थापन योजना वा वन कार्ययोजना बमोजिम वन पैदावार संकलन गर्नको लागि चौहद्दी सहित निर्धारण गरिएको कुप सम्झनु पर्दछ ।

(ध) पतल्याउने (Thinning) भन्नाले वन वृद्धिमा वढोत्तरी ल्याउने गरी लाथ्रा, पोल वा रुख हरूको वाक्लो उपस्थितिलाई पातलो वनाउने कार्य सम्झनु पर्दछ ।

(न) पुनरुत्पादन (Regeneration) भन्नाले प्राकृतिक वा कृत्रिम रूपमा उत्पादन भएका बिरुवाहरू सम्झनु पर्दछ ।

(ऩ) पुनरुत्पादन अवधि (Regeneration period) भन्नाले कटान क्षेत्रमा प्राकृतिक वा वृक्षारोपण विधिबाट बिरुवाहरू हुर्काउन लाग्ने अवधिलाई सम्झनु पर्दछ ।

(प) पत्ल्याउने चक्र (Thinning cycle) भन्नाले एक पत्ल्याउने कार्यदेखि अर्को पत्ल्याउने कार्यबिधिलाई सम्झनु पर्दछ ।

(फ) पुनरुत्पादन कटान (Regeneration felling) बीउ उत्पादनको लागि एकल वा समूहगत रूपमा उच्च गुणस्तरका रुख हरू बाँकी राखी अन्य रुख हरू कटान गर्ने कार्य सम्झनु पर्दछ ।

(ब) व्लक (Block) भन्नाले वन व्यवस्थापन कार्यलाई सजिलो तुल्याउन खोला, खोल्सी, बाटो, डाँडाजस्ता प्राकृतिक सिमाना वा त्यस्तै सजिलै पहिचान गर्न सकिने चिन्ह/आकृतिद्वारा सिमाङ्कित गरीएको वन व्यवस्थापनको एक पूर्ण इकाई सम्झनु पर्दछ ।

(भ) वन व्यवस्थापन (Forest management) पद्दति भन्नाले वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, विशेष वन, वन संरक्षण क्षेत्र लगायतका पद्दति सम्झनु पर्दछ ।

(म) वार्षिक कटान क्षेत्र (Annual coupe) भन्नाले सरपट कटान प्रणाली वा रुख सहितको मुना प्रणाली अन्तर्गत वार्षिक रूपमा कटान गरिने वनको क्षेत्र सम्झनु पर्दछ ।

(य) माउ रुख (Mother tree) भन्नाले बीउ, छहारी, जैविक विविधता तथा वातावरणका लागि छुटयाइएको उच्च गुणस्तरको रुख सम्झनु पर्दछ।

(र) रुख नक्साङ्कन (Stem mapping) भन्नाले सब-कम्पार्टमेण्ट वा कटान क्षेत्रमा रुख हरूको अवस्थिति नक्सामा देखाउने कार्य सम्झनु पर्दछ।

(ल) रुख सहितको मुना (Coppice with standard)" भन्नाले बीउबाट पुनरुत्पादन गराउने माथिल्लो छत्र तहका रुख र मुनाबाट पुनरुत्पादन गराउने तल्लो छत्र तहका रुख भएको वन संवर्धन प्रणाली बुझ्नु पर्दछ । काठ र पुनरुत्पादनको लागि बीउ उत्पादन गरिने हुँदा माथिल्लो तहमा रहने रुखहरू लामो कटान चक्रका हुन्छन।

(व) लाभ-लागत अनुपात (The benefit-cost ratio -BCR) भन्नाले प्रस्तावित योजना कार्यान्वयन हुँदा गरिने खर्च र कार्यान्वयन पश्चात् उक्त योजनाबाट प्राप्त हुने लाभको अनुपात बुझ्नु पर्दछ ।

(श) वन स्रोत सर्वेक्षण (Forest inventory)" भन्नाले वन सम्बन्धी विधिपूर्वक तथ्याङ्क एवं सूचना संकलन तथा विश्लेषण गरी वनको अवस्था आकलन गर्ने कार्य सम्झनु पर्दछ ।

(ष) वन संवर्धन शास्त्र (Silviculture) भन्नाले बूढा वा उमेर पुगेका रुखहरूलाई कटान गर्ने (Harvesting), रुख कटान गराएको स्थानमा बिरुवा/बीउ उमार्ने वा रोप्ने (Regeneration) र उम्रेका बिरुवा लाई हुर्काउने प्रकृया (Tending) को समग्र व्यवस्थापनलाई वन संवर्धन प्रणाली सम्झनु पर्दछ ।

(स) वन संवर्धन प्रणाली (Silviculture system) भन्नाले वन बाली स्थापना गर्ने, हुर्काउने, स्याहार-सम्भार तथा प्राप्ति (Yield) नियमन गर्ने योजनावद्ध प्रणाली सम्झनु पर्दछ ।

(ह) वन संवर्धन कार्यहरू (Silvicultural operations) भन्नाले वन संवर्धनमा आधारित वन व्यवस्थापनका लागि कार्यान्वयन गरिने सम्पूर्ण कार्यहरूको संगालो सम्झनुपर्दछ ।

(क्ष) वृद्धि मौज्दात (Growing stock) भन्नाले व्यवस्थापन योजनाले समेटेको वन क्षेत्रभित्र रहेका सम्पूर्ण रुख हरूको आयतनलाई जनाउँदछ ।

(त्र) बालीचक्र (Crop rotation) भन्नाले बिरुवा पुनरुत्पादन/वृक्षारोपण र वन बालीको अन्तिम कटान बिच को अवधिलाई बुझ्नु पर्दछ ।

(ज्ञ) वार्षिक स्वीकार्य कटान (Annual allowable cut) भन्नाले वनको वृद्धि मौज्दात् (Growing stock) र वार्षिक उत्पादन क्षमता (Annual yield) को आधारमा निर्धारण गरी स्वीकृत कार्ययोजनामा उल्लेख भएको वार्षिक कटान गर्न सकिने वन पैदावारको परिमाण सम्झनु पर्दछ ।

(अ) सरपट कटान प्रणाली (Clear-felling system) भन्नाले वन परिपक्व भैसकेपछि सबै रुखहरू कटान गरिने र उक्त स्थानमा वृक्षारोपण वा प्राकृतिक पुनरुत्पादन गराउने वन संवर्धन प्रणाली बुझ्नु पर्दछ ।

(आ) सुधार कटान (Improvement felling) भन्नाले कमसल खालका रुखहरू हटाई राम्रा गुणस्तरीय रुख हरूको वृद्धिका लागि गरिने कार्य सम्झनु पर्दछ ।

## परिच्छेद-२

## वन सर्वेक्षण सम्बन्धी व्यवस्था

३. **वनको वस्तुस्थिति र सिमाना सर्वेक्षणः** (१) वन संवर्धन प्रणालीमा आधारित वन कार्ययोजना तयारी वा पुनरावलोकन गर्दा वनको सिमाना र वनमा रहेका नदी, खोला, खोल्सी, खहरे, पानीका मूल, सिमसार, बाटो, पहिरो गएको स्थान, घाँसे मैदान तथा पोखरी, चौतारी, पानी पंधेरो, निजी आवादी, अतिक्रमित वनक्षेत्र, धार्मिकस्थल, पर्यापर्यटकीयस्थल, वन्यजन्तुको बासस्थान र जैविकमार्गसमेतको भौगोलिक अवस्थिति (Geo-location) सहित वनको वस्तुस्थिति सर्वेक्षण गर्नु पर्नेछ।

(२) वनको सिमाना सर्वेक्षण गर्दा नापी कार्यालयबाट प्राप्त नक्सा र जिपिएस उपकरणको प्रयोग गरी गर्नु पर्नेछ।

(३) वनको सिमाना सर्वेक्षण गर्दा वनसँग जोडिएका अन्य वन समूहका प्रतिनिधि, निजी जग्गाधनी, स्थानीय तहका प्रतिनिधि र आवश्यकता अनुसार नापी कार्यालयका प्रतिनिधिको उपस्थितिमा गर्नु पर्नेछ।

(४) वनको वस्तुस्थिति सर्वेक्षण तथा सिमाना सर्वेक्षण गर्दा अनुसूची-१ बमोजिम फिल्डवुक तयार गर्नु पर्नेछ।

४. **वनको क्षेत्र निर्धारण र व्लक विभाजनः** (१) वनको व्यवस्थापनका उद्देश्य, पुनर्उत्पादनको अवस्था, वनको प्रकार र प्रजाति, वनको गुणस्तर, उमेर, भौगोलिक अवस्थिति, संवेदनशीलता, जैविक विविधता र समुदायको चाहाना अनुसार उत्पादनमुलक, संरक्षणमुलक, सौन्दर्यमुलक र वातावरणीय सेवा लक्षित वनमा वर्गीकरण गरी वनको ब्लक विभाजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम ब्लक विभाजन गर्दा प्राकृतिक सिमानालाई मुख्य आधार मानी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विभाजन भएको प्रत्येक ब्लकलाई वन व्यवस्थापनको पूर्ण एकाइ मानिने छ।

(४) उत्पादनमूलक वनमा रहेका वन्यजन्तु प्रजननस्थल, पानीका मूल, सिमसार, संवेदनशील चुरे क्षेत्र, पहिरो गएको स्थान, भीर पहरा, घाँसेमैदान, चौतारी, पानी पंधेरो, अतिक्रमित वनक्षेत्र, धार्मिकस्थल, पर्यापर्यटकीयस्थल लगायतका संरक्षण गर्नु पर्ने अवयवहरूले ओगटेको र फ्रिन्ज (किनाराको) क्षेत्र छुट्टयाइ बाँकी वनक्षेत्रलाई उत्पादनशील क्षेत्र कायम गर्नु पर्नेछ।

५. **व्लकलाई कम्पार्टमेण्टमा विभाजनः** (१) वनको किसिम, अवस्था, प्रजाति र संरचना, भौगोलिक अवस्था र ऐनको दफा ९ बमोजिम अपनाइने वन संवर्धन प्रणालीलाई आधार मानी व्लकलाई अनुसूची-२ बमोजिम कम्पार्टमेण्टमा विभाजन गर्नु पर्नेछ।

(२) व्लकलाई कम्पार्टमेण्टमा विभाजन गर्दा सम्भव भएसम्म प्राकृतिक सिमानालाई आधार लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कम्पार्टमेण्टमा विभाजन गर्दा अपनाइने वन संवर्धन प्रणाली तथा कार्य प्रक्रियालाई समेत विचार गरी वन व्यवस्थापनको हिसाबले एउटै कम्पार्टमेण्टलाई पूर्ण एकाइ (Self-Contained Unit) को रुपमा गर्ने वा विभिन्न कम्पार्टमेण्टमा रहेका सब कम्पार्टमेण्टहरू समेत जोडी कटान श्रृङ्खला (Felling Series) बनाउने भन्ने यकिन गर्नु पर्नेछ।

६. **<u>कम्पार्टमेण्टलाई सब कम्पार्टमेण्टमा विभाजन</u>**: (१) वन व्यवस्थापनको पूर्ण एकाइको रूपमा कायम भएको वा नभएको कम्पार्टमेण्टलाई वन व्यवस्थापनको सहजताका लागि अनुसूची-२ मा उल्लेख भए बमोजिम सब कम्पार्टमेण्टमा विभाजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्ण एकाइ अवधारणा अनुसार कार्य गर्ने भएमा कम्पार्टमेण्टलाई आवधिक कार्य एकाइ/वार्षिक कटान क्षेत्र/कटान क्षेत्रको संख्या बराबरको संख्यामा सव कम्पार्टमेण्ट बनाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको पूर्ण एकाइ अवधारणा अनुसार कार्य नगर्ने भएमा सव कम्पार्टमेण्टको संख्या एउटा कटान श्रृङ्खलामा आवश्यक पर्ने आवधिक कार्य एकाइ/वार्षिक कटान क्षेत्र/कटान क्षेत्रको संख्या बराबर वा गुणाङ्कमा सव कम्पार्टमेण्ट बनाउनु पर्नेछ।

७. **<u>सीमा तथा वस्तुस्थिति नक्सा तयारी:</u>** (१) वनको स्थलगत सर्वेक्षण कार्य पूरा गरिसकेपछि जिपिएस डाटाबाट उपयुक्त प्रविधिको प्रयोग गरी सबै सिमा तथा बस्तुस्थिति देखिने अनुसूची-३ बमोजिमका डिजिटल नक्साहरु तयार पार्नु पर्नेछ।

(२) वन क्षेत्रको नक्सा तयार गर्दा जमिनको भिरालोपना अनुसार उन्नाइस डिग्री भन्दा कम भिरालो, उन्नाइस देखि तीस डिग्रीसम्म भिरालो, तीस देखि पैंतालिस डिग्रीसम्म भिरालो र पैंतालिस डिग्रीभन्दा बढी भिरालो गरी प्रत्येकको क्षेत्रफल सहितको क्षेत्र विभाजन (Zonation) गर्नु पर्नेछ।

८. **<u>वन स्रोत सर्वेक्षण (Forest resource inventory):</u>** (१) दफा ७ बमोजिमका नक्सा तयार गरिसकेपछि सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ बमोजिम वन स्रोत सर्वेक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) वमोजिम वन स्रोत सर्वेक्षण गर्दा नमुना प्लट निर्धारण, प्लटमा रुख विरुवा मापन र वनको मौज्दात विश्लेषण सम्बन्धी व्यवस्था अनुसूची-४ बमोजिम गर्नु पर्नेछ।

(३) वन स्रोत सर्वेक्षणमा नमुना प्लट संख्या निर्धारण गर्न देहाय वमोजिम स्याम्प्लिङ्ग इन्टेन्सिटी हुनेछः

(क) उत्पादनशील वनको हकमा कम्तिमा २.०० प्रतिशत

(ख) अन्य वन क्षेत्रको हकमा कम्तिमा ०.५० प्रतिशत

(४) सामुदायिक वन र साझेदारी वनको स्रोत सर्वेक्षण गर्दा उपभोक्ता समूह प्रतिनिधिलाई अनिवार्य रूपमा संलग्न गराउनु पर्नेछ।

९. **<u>वन स्रोतको मौज्दात् विश्लेषणः</u>** (१) दफा ८ बमोजिम निर्धारण भएको नमूना प्लट मापनबाट प्राप्त तथ्याङ्क विश्लेषण गरेर उत्पादनमूलक, संरक्षणमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित क्षेत्रको अलग अलग मौज्दात् निकाल्नु पर्नेछ।

(२) मौज्दातको तथ्याङ्क विश्लेषणका लागि आधुनिक र उपयुक्त प्रविधिको प्रयोग गर्न सकिनेछ।

(३) उत्पादनमूलक वनको मौज्दात सम्बन्धी विश्लेषणको नतिजा हरेक ब्लक, कम्पार्टमेण्ट र सव कम्पार्टमेण्टको अलग अलग र वन क्षेत्रको एकमुष्ट निकाल्नु पर्नेछ। विश्लेषणबाट देहायका कुराहरू एकमुष्ठ निकाल्नु पर्नेछः

(क) प्रति हेक्टर प्रजाति अनुसारको रुख, पोल, लाथ्रा र बिरुवाको संख्या,

(ख) प्रति हेक्टर प्रजाति अनुसार रुख र पोलको आयतन र वेशल एरिया,

(ग) प्रजाति अनुसार रुख र पोलको औसत व्यास (अलग अलग),

(घ) प्रजाति अनुसार शिर्ष उचाइ (Top Height),

(ङ) प्रति हेक्टर संख्याको आधारमा, प्रति हेक्टर आयतनको आधारमा र प्रति हेक्टर वेशल एरियाको आधारमा प्राजति समिश्रणको अवस्था देखिने गरी रुख, पोल, लाथ्रा र विरुवाको अलग अलग उपयुक्त चार्ट (पाइचार्ट वा अन्य चार्ट) मा देखाउनु पर्ने,

(च) व्यास समूह अनुसार रुख तथा पोलको संख्या र आयतन उपयुक्त चित्र (बारचार्ट वा अन्यचार्ट) मा देखाउनु पर्ने,

(छ) व्यास समूह अनुसार राम्रा र ४D रुखहरूको प्रति हेक्टर संख्या र आयतन उपयुक्त चित्र (बारचार्ट वा अन्यचार्ट) मा देखाउनु पर्ने,

(ज) व्यास र उचाइको सम्बन्ध, व्यास र आयतनको सम्बन्ध उपयुक्त चित्र (बारचार्ट वा अन्यचार्ट) मा देखाउनु पर्नेछ।

(४) संरक्षणमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनको हकमा उपदफा (३) को खण्ड (क) र (ख) मा उल्लिखित विवरणका अतिरिक्त वार्षिक स्वीकार्य कटान समेत यकिन गर्नु पर्नेछ।

(५) उत्पादनमूलक वनको हकमा छनोट भएको वन संवर्धन प्रणालीमा तोकिएको उत्पादन नियमन (Yield regulation) अनुसार वार्षिक स्वीकार्य कटान परिमाण यकिन हुनेछ।

१०. **<u>रुख नक्साङ्कन (Stem mapping):</u>** (१) पुनरुत्पादन कटान गर्ने सव कम्पार्टमेण्टहरूका रुख नक्साङ्कन अनुसूची-५ बमोजिम गर्नु पर्नेछ।

(२) रुख नक्साङ्कन कार्यका लागि फिल्डमा रुख मापन गर्दा सम्भाव्य माउ रुखको समेत अभिलेखीकरण गर्नु पर्नेछ।

(३) माउ रुख छनोटको आधार दफा १२ बमोजिम हुनेछ।

११. **पुनरुत्पादन सर्वे (Regeneration survey):** पुनरुत्पादन कटान गर्ने सब कम्पार्टमेण्टका पुनरुत्पादन सर्वे अनुसूची-६ बमोजिम गर्नु पर्नेछ।

१२. **माउ रुख छनौट र रिङ पेन्टिङः** (१) वन व्यवस्थापनको उद्देश्य अनुसार प्राकृतिक पुनरूत्थानका लागि स्वस्थ बीउ उत्पादन गर्न सक्ने, मध्यम उमेरका राम्रो शारीरिक (Superior Phenotype) र अनुवांशिक (Genotype) विशेषता भएका रुखलाई माउ रुखको रुपमा छनौट गर्नु पर्नेछ।

(२) माउ रुख छनौट गर्दा वनक्षेत्रमा रहेका प्रमुख प्रजाति बाहेकका मूल्यवान र लोपोन्मुख प्रजातिका रुखहरू समेत छनोट गर्नु पर्नेछ।

(३) दफा १० बमोजिम रुख नक्साङ्कनबाट पहिचान गरिएका सम्भाव्य माउ रुखलाई मध्यनजर गरी उपदफा (६) बमोजिम प्रतिहेक्टर कायम हुने माउ रुखको संख्याको आधारमा एक माउ रुखदेखि अर्को माउ रुखसम्मको दुरी हिसाब गरी निर्धारण भएको दुरी अनुसार उपयुक्त प्रविधिबाट माउ रुख र कटान गर्ने रुखहरू नक्सामा अंकित गरी सुची तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तयार भएको माउ रुखको सुचीलाई हरेक वर्ष कटान गर्ने क्षेत्रमा छनोट गरिएका माउ रुख उपयुक्त नदेखिएमा वा ढलेको वा भाँचिएको पाइएमा वा भाँचिएमा नजिकको अर्को उपयुक्त रुखलाई माउ रुख कायम गरी लगत अद्यावधिक गर्नु पर्नेछ। साथै रुख कटान गर्ने क्रममा छनोट गरिएका माउ रुखमा क्षति भएमा तत्काल नजिकको उपयुक्त रुखलाई माउ रुखको रुपमा कायम गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम माउ रुख अद्यावधिक भएपछि कायम रहेका माउ रुखहरूलाई छातीको उचाइमा चार इन्च फराकिलो रिङ पेन्टिङ गर्नु पर्नेछ।

(६) छनोट भएको वन संवर्धन प्रणाली, पुनरुत्पादनको अवस्था, भौगोलिक अवस्था, कटान क्षेत्रको गुणस्तर (Site Quality) र प्रजाति समिश्रणलाई मध्यनजर गरी प्रतिहेक्टर दशदेखि पच्चीस वटासम्म माउ रुख राख्न सकिनेछ।

## परिच्छेद-३

## वन संवर्धन प्रणालीको छनोट र बालीचक्र सम्बन्धी व्यवस्था

१३. **वन संवर्धन प्रणालीः** (१) उत्पादनमूलक वनमा वनको व्यवस्थापनका उद्देश्य, प्रमुख प्रजातिको वन संवर्धन विशेषता, वनको गुणस्तर, उमेर, भौगोलिक अवस्था, संवेदनशीलता, जैविक विविधता र समुदायको चाहाना अनुसार पुनरुत्पादनका लागि सरल र सुरक्षित प्रणाली तथा वन डढेलो र मिचाहा

प्राजतिहरूको प्रकोपलाई ध्यानमा राखी अनुसूची-७ बमोजिमको वन संवर्धन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(२) संरक्षणमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनक्षेत्रमा परिच्छेद-.... बमोजिम व्यवस्थापन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम वन संवर्धन प्रणाली अवलम्बन गर्दा वनको क्षेत्रफल कम्तिमा एक सय हेक्टर हुनु पर्नेछ। सो भन्दा कम क्षेत्रफल भएका समुदायमा आधारित वनहरुले ऐनको दफा ९ को उपदफा (३) बमोजिम एकीकृत रुपमा वन व्यवस्थापन कार्ययोजना तयार गर्न सक्नेछन्।

(४) सामुदायिक वन उपभोक्ता समूहले यस दफा बमोजिम वन संवर्धन प्रणालीमा आधारित कार्ययोजना तयार गर्नु पूर्व ऐनको दफा ३२ को उपदफा (४) बमोजिम अवधारणा पत्र स्वीकृत गराउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम छनोट गरिएका वन संवर्धन प्रणाली अवलम्बन गर्दा अनुसूची-८ बमोजिमको वन संवर्धनका क्रियाकलापहरू पहिचान गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम वन संवर्धन प्रणाली अपनाई व्यवस्थापन गरिने वनहरुमा अनुसूची-९ बमोजिम वन परिपालन (Tending operation) जस्तैः झाडी सफाई तथा पत्ल्याउने जस्ता क्रियाकलाप गर्न सकिनेछ।

**१४.** **वन संवर्धन सम्बन्धी अन्य कार्यहरूः** वन संवर्धनसँग सम्बन्धित अन्य क्रियाकलापहरू अनुसूची-१० बमोजिम गर्नु पर्नेछ।

**१५.** **वन संवर्धन प्रणालीमा परिवर्तनः** कुनै एक प्रकारको वन संवर्धन प्रणाली अपनाइ व्यवस्थापन भइरहेको कुनै वनको केही भाग वा पुरै भागमा अर्को वन संवर्धन प्रणाली लागु गर्नु पर्ने भएमा वन व्यवस्थापकले ऐनको दफा ९ को उपदफा (४) बमोजिम गर्नु पर्नेछ।

**१६.** **बालीचक्र निर्धारण**ः (१) वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्दा वन क्षेत्रमा भएको प्रजातिको बाहुल्यताका आधारमा बालीचक्र (Crop rotation) कायम गर्नु पर्नेछ।

(२) भौगोलिक क्षेत्र अनुसार वनमा पाइने प्रजातिहरुको बालीचक्र अनुसूची-११ बमोजिम निर्धारण गर्नु पर्नेछ।

## परिच्छेद-४

## उत्पादन नियमन सम्बन्धी व्यवस्था

**१७. उत्पादन नियमनः** (१) वनक्षेत्रमा वार्षिक उत्पादन हुने वन पैदावारको नियमन (Yield regulation) अपनाइएको वन संवर्धन प्रणाली अनुसार आयतन वा कटान प्लटको क्षेत्रफल वा दुवैको आधारमा हुनेछ।

(२) उपदफा (१) बमोजिमको वन संवर्धन प्रणाली अनुसार उत्पादन नियमन र नियन्त्रण देहाय बमोजिम हुनेछ।

(क) छत्र प्रणालीमा उत्पादन नियमन (Yield regulation in shelterwood system): छत्र प्रणाली र अन्तर्गतका उप-प्रणालीका उत्पादन नियमन र नियन्त्रण अनुसूची-१२ बमोजिम गर्नु पर्नेछ ।

(ख) बीउ रुख प्रणालीमा उत्पादन नियमन (Yield regulation in seed tree system): बीउ रुख प्रणाली अन्तर्गत वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची-१३ बमोजिम गर्नु पर्नेछ।

(ग) छनौट प्रणालीमा उत्पादन नियमन (Yield regulation in selection system): छनौट प्रणाली र अन्तर्गतका उप प्रणालीका वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची-१४ बमोजिम गर्नु पर्नेछ।

(घ) सरपट कटान प्रणालीमा उत्पादन नियमन (Yield regulation in clear-felling system): सरपट कटान प्रणाली र अन्तर्गतका उप प्रणालीका वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची-१५ बमोजिम गर्नु पर्नेछ।

(ङ) मुना प्रणालीमा उत्पादन नियमन (Yield regulation in coppice system): रुख सहितको मुना प्रणाली र अन्तर्गतका उप प्रणालीमा वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची-१६ बमोजिम गर्नु पर्नेछ।

**१८. सुधार कटानः** सुधार कटान (Improvement felling) गर्दा अनुसूची-१७ बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>ढलापडा र सुखड खडा रुख निकाल्ने सम्बन्धी व्यवस्था</u>

१९. **<u>ढलापडा र सुखड खडा रुख हटाउनेः</u>** (१) प्रदेशभित्रको वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति अवलम्बन गरिएको वनमा बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन गई वन पैदावार सड्ने वा नासिने भएमा त्यस्ता वन पैदावार सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको घटनाको जानकारी वन व्यवस्थापन गर्ने निकायले तत्काल डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ र डिभिजन वन कार्यालयले त्यस्तो जानकारी जिल्ला विपद् व्यवस्थापन समिति र निर्देशनालयलाई गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रुखहरुको जिपिएस कोअर्डिनेट र रङ्गिन फोटोसहितको लगत लिई वन व्यवस्थापकले काठ दाउरा सङ्कलनको योजना तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको रुख संकलनको लागि जिल्ला विपद व्यवस्थापन समितिको सिफारिस सहित निर्देशनालय मार्फत मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

(५) प्राकृतिक रुपमा आफैं ढलेका रुखको कार्ययोजना अनुसार लगत मूल्याङ्कन गरी डिभिजन वन कार्यालयको सहमति लिई तत्काल सङ्कलन गर्न सकिनेछ।

(६) वन व्यवस्थापन कार्य भैरहेको आवधिक खण्डमा ढलेका रुखको रुख नक्साङ्कन लगत अद्यावधिक गर्नु पर्नेछ।

(७) यस दफा बमोजिमका ढलापडा र सुखड खडा रुखहरूको सङ्कलन अनुसूची-१८ बमोजिम हुनेछ।

## परिच्छेद-६

## <u>रुख छपान, कटान, मुछान र काठ दाउरा घाटगद्दी सम्बन्धी व्यवस्था</u>

२०. **<u>आवधिक कटान क्षेत्र निर्धारण</u>** (१) वन व्यवस्थापनको उद्देश्य अनुसार पुनरुत्पादनको अवस्था, पोलको संख्या, रुखको संख्या र आयतन र नरुचाहिएको प्रजाति (Undesirable species) र स्थलगत भेरिफिकेसन समेतको आधारमा विभाजन गरिएको कम्पार्टमेण्ट वा सब कम्पार्टमेन्टलाई क्रमशः पहिलो, दोस्रो, तेस्रो गरी प्राथमिकता निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राथमिकता निर्धारणमा परेको पहिलो कम्पार्टमेण्ट वा सब कम्पार्टमेन्टबाट रुख कटानका कार्य शुरुवात गर्नु पर्नेछ ।

२१. **<u>बार्षिक कटान प्लट निर्धारणः</u>** (१) अप्नाइएको वन संवर्धन प्रणालीमा तोकिएको उत्पादन नियमन अनुसार बार्षिक कटान प्लट निर्धारण गर्नु पर्नेछ ।

(२) वन व्यवस्थापनको उद्देश्य, परिपक्क र बाक्ला रुखको संख्या, रुखको अवस्था (4D) र हटाउनु पर्ने अन्य प्रजाति (Undesirable species) को संख्यालाई आधार मानी बार्षिक कटान प्लटको प्राथमिकता निर्धारण गरी बार्षिक रुपमा रुख कटानका कार्यहरु गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बार्षिक कटान प्लटको प्राथमिकता निर्धारण गर्दा वन क्षेत्रको स्थलगत निरीक्षण गरी पुनरुत्पादन र पोलको अवस्थालाई समेत ध्यान दिनु पर्नेछ ।

२२. **रुख छपान तथा छपान मूल्याङ्कनः** (१) कटान गर्न छनोट गरिएका रूखहरू छपान गर्दा डिभिजन वन कार्यालय मातहतको वा समूहबाट नियुक्त कम्तिमा सहायकस्तर पाँचौ वन प्राविधिक (रेञ्जर वा सो सरह) को सहयोगमा प्रत्येक रुखको फेदमा (भूईदेखि ६ इन्चसम्म) र छातीको उचाई (रुखको फेददेखि ४.५० फीट उचाई) मा गरी दुई ठाउँमा ६"x ६" को ब्लेज बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बनाइने ब्लेज एक अर्काको विपरित दिशामा हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको दुवै ब्लेजमा प्रष्ट देखिने गरी टाँचा लगाई सेतो इनामेलले छपान नम्बर लेख्नु पर्नेछ ।

(४) ढलेका, खोलाले बगाई ल्याएका वा खोलामा गाडिएका वा भौगोलिक हिसावले अप्ठ्यारो स्थानमा भएका रूखहरूमा एक अर्काको विपरीत दिशामा ब्लेज बनाउन सम्भव नभए दुवै ब्लेजहरू एकै तर्फ पर्ने गरी ब्लेज बनाई छपान गर्न सकिनेछ।

(५) सामान्यतया रुखको छपान गर्दा वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय दुवैको टाँचा संयुक्त रुपमा लगाउनु पर्नेछ तर आन्तरिक खपतको लागि छपान कार्यमा वन उपभोक्ता समूहको मात्र टाँचा लगाउनु पर्नेछ।

(६) रुखको मापन, आयतन निकाल्ने र मूल्याङ्कन नियमावलीको अनुसूची-४९ बमोजिम गर्नु पर्नेछ र सो को लागि अनुसूची-१९ बमोजिम छपान रजिष्टर तथा तेरिज तयार गर्नु पर्नेछ।

२३. **छपान चेकजाँचः** (१) रुख छपान तथा छपान मूल्याङ्कन भए पश्चात् सोको जानकारी प्राप्त भएको सात दिनभित्र डिभिजन वन कार्यालयले कार्ययोजना बमोजिम छपान भए नभएको यकिन गर्न डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट छपान गरेका रुखहरूमध्ये कम्तिमा पन्ध्र प्रतिशत छपान चेकजाँच गरी अनुसूची-२० बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

तर वन समूहहरुले आफै वन प्राविधिक राखेको अवस्थामा त्यस्ता प्राविधिकले लिएको लगत सव डिभिजन वन कार्यालयको वन अधिकृत कर्मचारीबाट चेक गरी थप कारबाहीको लागि डिभिजन वन कार्यालयमा राय प्रतिवेदन सहितका कागजातहरु पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लगतको घटीमा पाँच प्रतिशत छपान चेकजाँच निर्देशनालयले गर्नु पर्नेछ। निर्देशनालयले यस्तो चेकजाँच कार्यको लागि अनुरोध भई आएको मितिले दश दिनभित्र छपान चेकजाँच गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई सोको जानकारी उपलब्ध गराउनु पर्नेछ।

तर, समूहको आन्तरिक खपत हुने काठ दाउराको हकमा रुख छपान लगतको निर्देशनालयबाट चेकजाँच गर्नु पर्ने छैन।

२४. **<u>सङ्कलन सहमति लिनु पर्ने</u>:** **(१)** सामुदायिक वनको हकमा नियमावलीको नियम २४ र साझेदारी वनको हकमा नियम ३९ बमोजिम सङ्कलन सहमति लिनु पर्नेछ।

(२) सामुदायिक वनको हकमा समूहले रुख संकलन सहमती लिनु पूर्व आन्तरिक खपत हुने काठ दाउराको माग संकलन गरी साधारण सभाबाट अनुमोदन समेत गराई अनुसूची-२१ वमोजिमको ढाँचामा डिभिजन वन कार्यालयमा जानकारी गराउनु पर्नेछ।

२५. **<u>रुख कटान मुछान</u>:** (१) दफा २१ बमोजिम निर्धारण भएको कटान प्लटमा कटान प्रयोजनका लागि छपान भइ सहमति प्राप्त भएका रुखहरू मात्र कटान गर्नु पर्नेछ।

(२) कुनै वर्ष कार्यान्वयन गर्न कार्ययोजनामा स्वीकृत भएका क्रियाकलापहरू (रुख कटान, पत्ल्याउने, सुधार कटान, पुनरुत्पादन तयारी कटान) विशेष कारणवश सो वर्षमा सम्पन्न हुन नसकेमा लगत्तैको अर्को वर्ष सम्पन्न गरेपछि मात्र कार्यतालिका बमोजिमको कार्य गर्नु पर्नेछ।

(३) वन उपभोक्ता समूहले रूख कटान, मुछान तथा सङ्कलन गर्दा आफ्नै खर्च र जिम्मेवारीमा समूहका स्थानीय उपभोक्तालाई प्राथमिकता दिई गर्नु पर्नेछ। यसो गर्दा जिल्ला दररेटभन्दा बढी पारिश्रमिक दिन पाइने छैन।

(४) वन उपभोक्ता समूहले रूख कटान, मुछान तथा सङ्कलन गर्दा कुनै व्यक्तिबाट सापटी वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगवाट अग्रिम लगानीका रूपमा रकम लिन पाइने छैन।

तर आफ्नै स्रोत नभएमा बैङ्क तथा वित्तीय संस्थाको सहयोग तथा लगानीमा समूहका सदस्यलाई परिचालन गरी गर्न सकिनेछ।

(५) उपदफा (२) बमोजिम वन उपभोक्ता समूहका सदस्यलाई परिचालन गरी काठ, दाउरा सङ्कलन गर्न नसकेमा त्यस्तो उपभोक्ता समूहले सिलबन्दी बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई सबैभन्दा कम मूल्यमा वन पैदावार सङ्कलन गर्न कबोल गर्ने फर्म वा कम्पनीलाई अनुसूची-२२(संघीय नियमावलीको अनुसूची-२६) बमोजिमको ढाँचामा सङ्कलन अनुमतिपत्र दिई सङ्कलन कार्यमा लगाउनु पर्नेछ।

तर वन पैदावार सङ्कलन कार्यमा संलग्न भएको फर्म, उद्योग वा कम्पनीले त्यस्तो वन पैदावारको बिक्री प्रक्रियामा भाग लिन पाउने छैन।

(६) समूहबाट व्यवस्थापन भएको बाहेक अन्य क्षेत्रमा डिभिजन वन कार्यालयले काठ दाउराको कटान मुछान प्रतिष्पर्धात्मक तवरबाट सेवा प्रदायक छनौट गरी गर्नु पर्नेछ। तर सेवा प्रदायकबाट सो कार्य हुन नसक्ने अवस्था भएमा अमानतबाट गर्न बाधा पुग्ने छैन।

(७) छपान गरेको रूख कटान गर्दा बोटविरुवा, जैविक विविधता र वातावरणलाई कम नोक्सान हुने गरी कटान गर्नु पर्नेछ र रूख कटान गर्दा तल्लो छपान ब्लेज़ प्रष्ट रूपमा देखिने गरी छोड्नु पर्नेछ।

(८) कटान भएका रूखका ठुटामा तोकिएको टाँचा लगाई कटानको क्रमानुसार ठुटा नम्बर समेत लेख्नु पर्नेछ ।

(९) छपान भएका रूखबाहेक अन्य रूख कटान गरिएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई प्रचलित कानुन अनुसार दण्ड सजाय र जरिवाना समेत हुनेछ।

२६. **<u>करारनामा सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित ऐन नियमानुसार ठेक्का सदर भएपछि सम्बन्धित व्यक्ति, फर्म, वा सस्थाले ठेक्का सदर भएको जानकारी प्राप्त गरेको सात दिनभित्र वा पत्र नबुझेको अवस्थामा सात दिन भित्र विद्युतीय माध्यमबाट समेत सार्वजनिक सूचना जारी गरी पन्ध्र दिनभित्र करारनामा गर्न आउनु भनी सूचना दिनु पर्नेछ। तोकिएको अवधि भित्र करारनामा गर्न नआएमा ठेक्का तोडी जमानत समेत जफत गरिनेछ।

(२) यसरी स्वीकृत भएको ठेक्काको करारनामा गर्दा डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत र ठेक्का सकार गर्ने व्यक्ति, निकाय वा निजको प्रतिनिधिले आ-आफ्नो साक्षीको रोहवरमा दस्तखत गर्नुपर्नेछ ।

(३) करारनामा सम्बन्धी विवाद परेमा प्रचलित कानून बमोजिम हुनेछ।

२७. **<u>जमानत तथा धरौटीः</u>** (१) ठेक्का सकार गर्ने व्यक्ति वा निकायले प्रत्येक प्लटमा गर्नुपर्ने कामको कबोल अङ्कको दश प्रतिशत धरौटी वा जमानत राखु पर्नेछ।

(२) नेपाल सरकारको स्वामित्वमा रहेका समिति तथा संस्थानहरुले कुनै जमानत तथा धरौटी राखु पर्ने छैन।

२८. **<u>वन प्रवेश इजाजत पत्र (वन पेशी)</u>**: (१) दफा २६ बमोजिम करारनामा गरेको सात दिनभित्र वन पेशी लिई सक्नु पर्नेछ। सम्बन्धित व्यक्ति वा निकायले उक्त म्यादभित्र वन पेशी नलिएमा ठेक्का तोडी सो वापत राखेको धरौटी समेत जफत गरिनेछ। समिति वा संस्थानले पनि करारनामा गरेको सात दिन भित्र वन पेशी नलिएमा करारनामा रद्द गरिने छ र सोही प्लट पुनः उपलब्ध गराइने छैन।

(२) खडा रुख लिलाम बिक्री स्वीकृत भई कबोल रकम दाखिला गरिसकेपछि रुखबाट काठ दाउरा संकलनको लागि दफा ३२ ले तोकेको म्यादको अधिनमा रही वन पेशी दिइनेछ।

२९. **<u>गोलिया काठ र दाउराको नाप पैमाइसः</u>** (१) कटान भएका प्रत्येक रूखलाई उचित तरिकाले मुछान (गिण्डा) गरी बजारको माग अनुसार उपयुक्त आकारको हुने गरी गोलियाहरू तयार गर्नु पर्नेछ । तर, गोलिया र वल्लावल्ली हुने काठलाई दाउरामा परिणत गर्न पाइने छैन।

(२) गिण्डा पारिएका प्रत्येक गोलिया काठको नाप पैमाइस र धोंद कट्टी गर्दा नियमावलीको नियम ४९ बमोजिम गर्नु पर्नेछ।

३०. **<u>काठको वर्गीकरणः</u>** (१) कटान गरिएका गोलिया काठको वर्गीकरण गर्दा नियमावलीको अनुसूची-४९ बमोजिम गर्नु पर्नेछ।

(२) कटान गरिएका रुखहरूबाट निस्केका प्रत्येक गोलियाको सही नाप पैमाइस गरी सबै गोलिया काठको दुबै टक्करमा (Both end) नमेटिने गरी गोलियाको नाप साइज (गोलाइ र लम्बाई) का साथै सो माथि उक्त गोलिया निकालिएको रूख नम्बर, प्रत्येक गिण्डा नम्बर र गोलिया काठको वर्गीकरण (ग्रेडः ए, बि, सी र डी) सेतो रंगले नमेटिने गरी प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।

(३) कटान क्षेत्रमा उत्पादन भएका सबै गोलिया काठ र दाउराको लगत र नाप पैमाइस अनुसूची-२३ बमोजिमको कटान रजिष्टर तयार गर्नु पर्नेछ।

३१. **<u>काठ दाउरा ढुवानी र घाटगद्दीः</u>** (१) प्लटमा गोलिया काठ तयार भएपश्चात् वनबाट घाटगद्दीमा काठ दाउरा ढुवानी गर्नु पर्नेछ र घाटगद्दी गर्ने स्थान सकेसम्म जङ्गल बाहिरको सुरक्षित ठाउँमा हुनु पर्नेछ।

(२) काठ ढुवानी गर्दा प्रत्येक गोलियाको दुवैतर्फ पासिङ्ग टाँचा लगाउनुपर्नेछ र गोलिया काठमा समूहको टाँचा नलगाई ढुवानी गर्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम भौगोलिक विकटताका कारणले कटान प्लटबाट घाटगद्दी स्थलसम्म गोलिया काठ ढुवानी गर्न नसक्ने अवस्था भएमा डिभिजन वन कार्यालयको अनुमति लिई हातेआरा वा पावर चेन स: वा पोर्टेवल स:मिल प्रयोग गरी चिरान गरी चिरान काठ घाटगद्दीमा ल्याउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम चिरान गरिएको गोलिया काठको नम्बर, नाप र संख्या तथा प्रत्येक गोलियाबाट निस्किएको चिरान काठको नाप रजिष्टर छुट्टै लगत तयार गरी अनुसूची-२४ बमोजिमको घाटगद्दी रजिष्टरमा जनाउनु पर्नेछ।

(५) कटान वा सङ्कलन गरेको खण्ड, उप-खण्ड वा प्लटबाट घाटगद्दी गर्ने स्थानसम्म काठ दाउरा ढुवानी गर्दा नियमावलीको अनुसूची-५० बमोजिमको चलानी पूर्जी भरेर ढुवानी गर्ने सवारी चालक वा गोलिया काठ बोक्ने श्रमिकलाई दिइ पठाउनु पर्नेछ।

तर कटान क्षेत्र र घाटगद्दीवीचको दुरी एक किलोमिटरभन्दा कम छ भने चलानी पूर्जीबिना नै घाटगद्दीसम्म ढुवानी गर्न सकिनेछ।

(६) घाटगद्दीमा गोलिया काठ राख्दा लामो गोलिया सबैभन्दा तल र क्रमशः छोटो गोलिया माथि हुने गरी सबै गोलिया काठको एकातर्फको टक्कर एउटै सतहमा पर्ने गरी चाङ मिलाएर धाङ बनाइ राख्नु पर्नेछ।

<u>स्पष्टिकरणः</u> यस उपदफाको प्रयोजनको लागि धाङ भन्नाले बढिमा एक सय थान गोलिया मिलाएर राखिएको थुप्रो/चाङलाइ वुझ्नु पर्दछ ।

(७) दाउराको हकमा २० फिट× ५ फिट ×५ फिट साइजको चट्टा बनाइ कुन प्लटको दाउरा हो सो समेत देखिने गरी चट्टा नम्बर इनामेलले लेखी राख्नु पर्नेछ। त्यसैगरी बल्लाबल्लीलाई पनि छुट्टै चाङ लगाउनु पर्नेछ।

(८) व्यवस्थापकले घाटगद्दी स्थलमा रहेका काठ दाउरा र अन्य वन पैदावारको आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(९) वन उपभोक्ता समूहले घाटगद्दी स्थलको जानकारी डिभिजन वन कार्यालयलाई र सरकारद्वारा व्यवस्थित वनको हकमा डिभिजन वन कार्यालयले वन निर्देशनालयलाई जानकारी गराउनु पर्नेछ। घाटगद्दी स्थलको विवरण सव डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयमले अद्यावधिक गरी राख्नु पर्नेछ।

३२. **<u>वन पैदावार संकलन अवधिः</u>** वन पैदावार संकलन अवधि र म्याद थप सम्बन्धी व्यवस्था नियमावलीको नियम ७१ बमोजिम हुनेछ।

३३. **<u>निरीक्षण गर्नुपर्नेः</u>** (१) यस परिच्छेद बमोजिम रूख छपान, कटान, मुछान एवम् काठ दाउरा ढुवानी र घाटगद्दी तथा नाप पैमाइस आदि कार्य गर्दा स्वीकृत कार्ययोजना र वनसम्बन्धी कानुनको पालना गरे नगरेको विषयमा सब डिभिजन वन कार्यालयले समय समयमा सम्बन्धित प्लट र घाटगद्दीमा गई निरीक्षण गरी प्राविधिक सहयोग र परामर्श उपलब्ध गराउनु पर्नेछ।

(२) निरीक्षण पश्चात् भए गरेको कामको प्रगति प्रतिवेदन डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भए गरेको कामको प्रगति प्रतिवेदन प्राप्त भए पश्चात् डिभिजन वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट कम्तिमा पन्ध्र प्रतिशत चेक जाँच गर्नु पर्नेछ।

३४. **<u>सङ्कलन क्षेत्रको अन्तिम जाँचः</u>** सव डिभिजन वन कार्यालयले कटान कार्य समाप्त भएको एक महिनाभित्र कटान प्लटको अन्तिम निरीक्षण गरी अनुसूची-२५ बमोजिम प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । कटान क्षेत्रको अन्तिम निरीक्षणमा सामुदायिक वनको हकमा

डिभिजन वन कार्यालयको अधिकृत प्रतिनिधि र साझेदारी वन तथा सरकारद्वारा व्यवस्थित वनको हकमा निर्देशनालयको अधिकृत प्रतिनिधि समावेश हुनु पर्नेछ।

## परिच्छेद-६

## काठ दाउराको लिलाम बिक्री सम्बन्धी व्यवस्था

**३५.** **काठ दाउराको लिलाम बिक्रीः** (१) दफा ३१ बमोजिम घाटगद्दी भएको काठ दाउराको लिलाम बिक्री सम्बन्धी व्यवस्था नियमावलीको नियम ७२ बमोजिम हुनेछ।

(२) बोलपत्रबाट लिलाम बिक्री गर्दा रित पुगेका बोलपत्रहरु मध्ये बढी सकार गर्ने तीन जनाले राखेको धरौटी रोकी सबैभन्दा बढी मूल्य सकार गर्ने सकारकर्ताको बोलपत्र खोलेको मितिले दश दिन भित्र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भन्ने निर्णय गरी सक्नुपर्नेछ। बिक्री सदर भएको मितिले सात दिन भित्र डिभिजन वन कार्यालयले कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी सम्बन्धित बोलपत्रदातालाई बिद्युतिय वा अन्य माध्यमबाट जानकारी दिनु पर्नेछ।

(३) बिक्री स्वीकृत भइ जानकारी दिएको मितिले पन्ध्र दिनभित्र पहिलो सकारकर्ताले कबोल गरेको रकम दाखिला गर्नु पर्नेछ र पैंतालिस दिनभित्र अन्य बुझाउनु पर्ने सबै रकम बुझाई काठ, दाउरा उठाई लैजानु पर्नेछ।

(४) पहिलो सकारकर्ताले तोकेको म्याद भित्र सकार रकम दाखिला नगरेमा निजले राखेको धरौटी जफत गरी दोश्रो बढी सकार गर्नेको नामको बोलपत्र स्वीकृत गर्नु पर्नेछ। यसरी दोश्रो बढी सकार गर्नेको नामको बोलपत्र स्वीकृत भएपछि बाटोको म्याद बाहेक दश दिनको म्याद दिई रकम दाखिला गर्न सूचना प्रकाशित गर्नु पर्नेछ।

(५) दोश्रो सकारकर्ताले पनि तोकिएको समयमा रकम दाखिला नगरेमा धरौटी जफत गरी तेश्रो सकारकर्ताको नाममा बोलपत्र स्वीकृत गर्नु पर्नेछ। तेश्रो सकारकर्ताको नाममा बोलपत्र स्वीकृत भएमा सात दिनको समय दिई रकम दाखिला गर्न लगाउनु पर्नेछ। निजले पनि तोकिएको समयावधिमा रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी पुनः लिलाम बिक्रीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ।

तर त्यसरी दोश्रो वा तेश्रो सकारकर्ताको वोलपत्र स्वीकृत गर्दा पहिलो सकारकर्ताले सकारेको कवोल अंकमा जफत गरिएको धरौटी रकम घटाउँदा हुन आउने रकम भन्दा कममा वोलपत्र स्वीकृत गरिने छैन।

(६) काठ दाउराको लिलाम बिक्री सदर गर्ने अधिकारी सम्बन्धी व्यवस्था नियमावलीको नियम ७३ बमोजिम हुनेछ।

३६. **बिमार्का गरी छोडपुर्जी दिनुपर्नेः** (१) लिलाम स्वीकृत भइ सकार रकम र अन्य दाखिला गर्नु पर्ने रकम सम्बन्धित सकारकर्ताबाट दाखिला भई सके पछि घाटगद्दीमा रहेको वा आएको काठ नाप पैमाइस गरी डिभिजनल वन अधिकृत वा निजले तोकेको वन अधिकृतले तोकिएको टाँचाबाट सात दिनभित्र बिमार्का गरिदिनु पर्नेछ। वन उपभोक्ता समूहको हकमा समूहको टाँचा समेत लगाउनु पर्नेछ।

(२) काठ, दाउरा र अन्य वन पैदावरको इकाई खुलाई बिमार्का मुचुल्का तयार गर्नु पर्नेछ । मुचुल्का र सो सम्बन्धी कागजपत्र सम्बन्धित कर्मचारीले बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिमको मुचुल्का प्राप्त गरिसकेपछि नियमावलीको नियम ७२ को उपनियम (५) बमोजिम छोडपुर्जी लिइ नियम ७६ बमोजिम सिल र दरपिठसमेत गराइ ओसारपसार गर्नु पर्नेछ। बिमार्का र छोडपुर्जी भएको वन पैदावार घाटगद्दीमा कुनै कारणले हानि नोक्सानी भएमा डिभिजन वन कार्यालय जवाफदेही हुनेछैन।

(४) सकारकर्ताले छोडपुर्जीमा उल्लिखित म्याद भित्र वन पैदावार उठाई लैजान नसकिने भएमा उक्त म्याद भित्रै मनासिव माफिकको कारण खुलाई म्यादथपको लागि निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले बढीमा सात दिनसम्मको म्याद थप गर्न सक्नेछ।

(५) डिभिजनल वन अधिकृतले थपेको म्यादभित्र वन पैदावार उठाई लैजान नसकिने भएमा थपिएको म्याद भित्रै पूनः म्याद थपको लागि निवेदन दिनु पर्नेछ। यसरी म्याद थपको निवेदन परेमा डिभिजनल वन अधिकृतले आफ्नो राय सहित तीन दिनभित्र निर्देशनालय समक्ष पेश गरी निर्देशकले आवश्यक ठहर्याएमा बढीमा सात दिनसम्मको म्याद थप गर्न निर्देशन दिन सक्नेछ।

(६) वन उपभोक्ता समुहबाट उपलव्ध छोडपुर्जी बमोजिम सकारकर्ताले म्यादभित्र वन पैदावार उठाई लैजान नसकिने भएमा उक्त म्याद भित्रै मुनासिव माफिकको कारण खुलाई म्यादथपको लागि निवेदन पेश गरेमा सव डिभिजन वन कार्यालय र वन उपभोक्ता समूहको सिफारिसमा एक पटकमा सात दिनका दरले बढिमा दुई पटकसम्म डिभिजनल वन अधिकृतले म्याद थप सहमती उपलव्ध गराउन सक्नेछ।

## परिच्छेद-७

## कटान मुछान पछिको व्यवस्थापन सम्बन्धी व्यवस्था

३७. **हाँगाबिगा हटाउने कार्यः** (१) पुनरूत्पादन/पुनरूत्पादन तयारी कटान गरिएको स्थानमा रुख कटान गरिसकेपछि सबै हाँगाबिगा, टुप्पाटाप्पी हटाएर सफा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सरसफाई कार्य कटान कार्य समाप्त भए पश्चात् रुखको बीउ पाकेर झर्ने समयभन्दा कम्तिमा २ (दुई) हप्ता अगाडि नै गर्नु पर्नेछ ।

३८. **पुनरूत्पादन अभिवृद्धिः** पुनरूत्पादन अभिवृद्धि (Regeneration Promotion) को कार्य अनुसूची-२६ बमोजिम गर्न सकिनेछ ।

## परिच्छेद–८

## वन व्यवस्थापनका अन्य कृयाकलापहरु सञ्चालन गर्नेसम्बन्धी व्यवस्था

३९. **वन क्षेत्रको खाली जग्गा व्यवस्थापनः** वन क्षेत्रको खाली जग्गामा संभव भएसम्म प्राकृतिक पुनरूत्पादनद्वारा वन बनाउने, प्राकृतिक पुनरूत्पादन हुन नसक्ने अवस्थामा उपयुक्त प्रजातिको वृक्षारोपण गरी वनक्षेत्र विस्तार गर्नु पर्नेछ।

४०. **खोला खहरे तथा पानी निकास व्यवस्थापनः** वन क्षेत्रभित्र रहेका खोला खहरेको संरक्षणको लागि खोला खहरेको दायाँ वायाँ १०/१० मिटरभित्रका रुख विरुवाको कटान गर्न पाइने छैन। वन क्षेत्रबाट वग्ने पानीको उचित निकासको व्यवस्थापन गरी व्यवस्थापन गरिएको वनक्षेत्रमा भूक्षय हुन नपाउने गरी उपयुक्त प्रबन्ध मिलाउनु पर्नेछ । तर रुखकै कारण थप भूक्षय हुने जोखिमयुक्त रुखहरु हटाउन बाधा पर्ने छैन।

४१. **अग्नीरेखा निर्माण, मर्मत संभार, स्तरोन्नतिः** वन संवर्धन गरिने वनमा अग्नीरेखा निर्माण, भएका अग्नीरेखाको मर्मत संभार तथा आवश्यकता अनुसार स्तरोन्नति गर्ने व्यवस्था मिलाउनु पर्नेछ। अग्निरेखा निर्माण गर्दा एक कम्पार्टमेण्ट र अर्को कम्पार्टमेण्टको वीचमा ४ मीटर (०.५० मिटर चाक्लो र ०.३० मिटर गहिरो नाला दुवै तर्फसमेत) समतल दुरीको चौडाईमा र एक सव कम्पार्टमेण्ट र अर्को सवकम्पार्टमेण्टको वीचमा ३ मीटर (०.५० मिटर चाक्लो र ०.३० मिटर गहिरो नाला दुवै तर्फसमेत) समतल दुरीको चौडाईमा निर्माण गर्नु पर्नेछ ।

४२. **पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यवस्थापनः** व्यवस्थापन गरिने वनक्षेत्रमा रहेका पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यवस्थापनको उचित प्रवन्ध मिलाउनु पर्नेछ ।

४३. **कोरिडोर तथा कनेक्टीभिटीः** व्यवस्थापन गरिने वनक्षेत्र जैविक विविधता संरक्षणको दृष्टिकोणबाट कोरीडोर तथा कनेक्टिभिटीभित्र पर्न गएमा सो क्षेत्रबाट ओहोरदोहर गर्ने वन्यजन्तुको आवतजावतमा वाधा नपुग्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

४४. **वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनः** वन अतिक्रमण हुन नदिने तथा भएका अतिक्रमण नियमानुसार व्यवस्थापन गरी उक्त क्षेत्रमा दफा ३८ बमोजिम पुनरूत्पादन गराउनु पर्नेछ ।

४५. **चोरीकटानी तथा चोरी शिकारी नियन्त्रणः** वन क्षेत्रमा हुने संभावित चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणको प्रवन्ध मिलाउनु पर्नेछ ।

४६. **वन क्षेत्रभित्रको नदीजन्य पदार्थ व्यवस्थापनः** नदिजन्य पदार्थको व्यवस्थापन ऐनको दफा १३ तथा नियमावलीको नियम ८ र ९ वमोजिम गर्नु पर्नेछ।

४७. **<u>एकिकृत रोग किरा तथा मिचाहा प्रजाति व्यवस्थापन</u>:** रोग किरा तथा मिचाहा प्रजातिको प्रकोप देखिएको वन क्षेत्रमा त्यस्ता प्रजाति हटाइ उपयुक्त प्रजातिहरु हुर्कन सक्ने वातावरण सिर्जना गर्ने तर्फ आवश्यक क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

४८. **<u>वन सम्बन्धी परम्परागत ज्ञान र प्रथाजनित अभ्यास सम्बन्धी व्यवस्था</u>:** वन उपभोक्ताहरुमा भएको परम्परागत ज्ञान सीप र प्रथाजनित अभ्यासको संरक्षण एवं प्रवर्धनको उचित व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-९

## <u>जनशक्ति व्यवस्थापन तथा क्षमता विकास</u>

४९. **<u>वन कामदारको सुरक्षा</u>:** वन क्षेत्रमा काम गर्न अनुमती प्राप्त आयोजना, रोजगारदाता व्यक्ति, संस्था, समूह वा निकायले त्यस सम्बन्धी काम गर्ने कामदारको सुरक्षाको व्यवस्था नियमावलीको नियम ९८ बमोजिम गर्नु पर्नेछ ।

५०. **<u>वन प्राविधिकको क्षमता अभिवृद्धि</u>:** वन व्यवस्थापन कार्ययोजना निर्माण र व्यवस्थापनमा संलग्न सरकारी वा अन्य वन प्राविधिकको क्षमता अभिवृद्धिका लागि वन अनुसन्धान तालिम केन्द्र वा प्राविधिक व्यवसायिक तालिम केन्द्र वा वन विज्ञान अध्ययन अध्यापन गराउने संस्थावाट तालिम, प्रशिक्षण, र स्थलगत अभ्यास जस्ता कार्यहरु उपलव्ध गराउनु पर्नेछ।

५१. **<u>वन उपभोक्ता समूहको क्षमता अभिवृद्धि</u>:** (१) डिभिजन वन कार्यालयले वन व्यवस्थापन कार्यमा संलग्न वन उपभोक्ता समूहका लागि तालिमको आवश्यकता पहिचान गरी सोही अनुसारको तालिम कार्यक्रम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी संचालन गर्नुपर्नेछ।

(२) वन उपभोक्ता समूहले कार्ययोजना वमोजिमको वन व्यवस्थापनका कार्यहरु गर्न गराउन आफ्ना उपभोक्ताहरुको क्षमता विकासका लागि डिभिजन वन कार्यालय/सब-डिभिजन वन कार्यालयसंग समन्वय गरी आफ्नै लगानीमा तालिम गोष्ठी लगायतका कार्यक्रम संचालन गर्न सक्नेछन्।

## <u>परिच्छेद-१०</u>

## <u>गैरकाष्ठ वन पैदावार र वातावरणीय सेवा सम्बन्धी व्यवस्था</u>

५२. **<u>गैरकाष्ठ वन पैदावार व्यवस्थापन:</u>** वन क्षेत्रमा पाइने महत्वपूर्ण जडिवुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो उत्पादनको सम्भावना भएमा वन स्रोत सर्वेक्षणवाट परिमाण यकीन गरी व्यवस्थापन योजनामा समावेश गर्नु पर्नेछ ।

५३. **<u>पर्यापर्यटन कार्यक्रम</u>:** पर्यापर्यटनको संभावना भएका र लाभलागत विश्लेषणबाट सम्भावना देखिएका वनक्षेत्रमा ऐनको दफा ११ तथा नियमावलीको नियम ७ बमोजिम पर्यापर्यटनको विकास गरी थप आयआर्जनको अवसर सिर्जना गर्न सकिनेछ। सामुदायिक वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन

सम्बन्धी व्यवस्था ऐनको दफा ३७ को उपदफा(४) तथा नियमावलीको नियम २८ वमोजिम हुनेछ ।

५४. **वनबाट प्राप्त हुने अन्य पारिस्थितिकीय सेवा व्यवस्थापनः** वनबाट उत्पादन हुने विभिन्न किसिमका पारिस्थितिकीय सेवाहरु जस्तैः कार्वन सेवा, जैविक विविधताको संरक्षण, जलाधार तथा जलचक्र प्रणाली, पर्यापर्यटन, नाइट्रोजन चक्र, माटो वन्ने प्रक्रिया, स्वच्छ हावा, जलवायु नियमन, सौन्दर्यवर्धक सेवा, आध्यात्मिक तथा मनोरन्जनात्मक सेवा लगायतका वातावरणीय सेवाको व्यवस्थापन र उपयोग गर्न वन व्यवस्थापन कार्ययोजनामा उल्लेख गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद- ९

## संरक्षणमुखी वन क्षेत्र व्यवस्थापन सम्बन्धी व्यवस्था

५५. **संरक्षणमुखी क्षेत्रको पहिचान र व्यवस्थापनः** (१) वन क्षेत्रभित्रका संरक्षण, प्रवर्द्धन र विकास गरिनु पर्ने संरक्षणमुखी अवयवहरूको पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका अवयवहरूको संरक्षण, प्रवर्द्धन र विकासका लागि देहायका कार्यहरू गर्नु पर्नेछः

(क) नदी, खोला, तथा खहरेको प्रकृति हेरी किनाराबाट पन्ध्र देखि तीस मिटर दूरीको क्षेत्रलाई पूर्ण रूपमा संरक्षण गरी नदी किनारा स्थिरीकरणका कार्य,

(ख) सडक, नहर, बाटोको किनारातर्फ न्यूनतम पाँच मिटर र राष्ट्रिय राजमार्गको Right of Way देखि न्यूनतम पन्ध्र मिटर चौडाइको ग्रीनवेल्ट कायम गरी सोही अनुरूपका कार्य,

(ग) दुर्लभ, लोपोन्मुख र संरक्षित प्रजातिका बासस्थान तथा जैविक मार्गहरूको संरक्षण र व्यवस्थापन,

(घ) प्रथाजनित व्यवस्थापन प्रणाली तथा आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान तथा सिपलाई ध्यान दिई सांस्कृतिक, धार्मिक, पुरातात्विक, जैविक महत्वका क्षेत्रहरूको अभिलेखीकरण, संरक्षण तथा प्रवर्धन,

(ङ) भू-क्षय भै रहेको वा हुन सक्ने सम्भावित क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन गरी नियन्त्रणका कार्य,

(च) पानीका मुहान, तालतलैया, सिमसार तथा सम्वेदनशील जलाधार क्षेत्रमा वातावरणीय सेवाका कार्यहरूको व्यवस्थापन,

(छ) घाँसेमैदान, चरीचरन खर्क तथा पाटनको संरक्षण र व्यवस्थापन।

**५६.** **संरक्षणमुखी वन क्षेत्रमा वन पैदावार उत्पादन तथा नियमनः** (१) संरक्षणमुखी वन क्षेत्रमा ढलापडा, मरेका, मर्नलागेका, रोग कीरा लागेका रुखहरू मात्र कटान गर्न मिल्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संरक्षणमुखी वन क्षेत्रमा सडक, बाटो, सिंचाइ कुलो लगायतका भौतिक पूर्वाधारलाई जोखिम पुऱ्याउने तथा भिरपाखामा पहिरोको जोखिम बढाउने किसिमका रुखहरू डिभिजनल वन अधिकृतको स्थलगत निरीक्षणबाट यकिन गरी हटाउन सकिनेछ।

(३) जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको उपलब्धता र उत्पादनको सम्भावना भएका संरक्षणमुखी वनक्षेत्रको कार्य योजना बनाइ त्यस्ता जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्धन र सदुपयोग गर्न सकिनेछ।

## परिच्छेद-१०

## वित्तिय विश्लेषण सम्बन्धी व्यवस्था

**५७.** **वित्तीय विश्लेषणः** (१) वन व्यवस्थापन योजना वित्तीय रुपमा लाभप्रद छ/छैन भनेर वित्तीय विश्लेषण, लाभ लागत अनुपात (Benefit/cost ratio- BCR), खुद वर्तमान मूल्य (Net present value-NPV) र आन्तरिक प्रतिफल दर (Internal rate of return-IRR) बाट गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम वित्तीय विश्लेषण गर्दा लाभ लागत अनुपात एक भन्दा बढी, खुद वर्तमान मूल्य सकारात्मक वा आन्तरिक प्रतिफल दर खर्च गरिने रकमको वैकल्पिक मूल्य (Opportunity cost of capital) भन्दा बढी हुनु पर्नेछ।

**५८.** **आर्थिक विश्लेषणः** वन व्यवस्थापनको क्रममा प्राप्त हुने अप्रत्यक्ष लाभहरुको समेत मूल्याङ्कन विभिन्न विधिहरु जस्तैः Production Function Method, Hedonic price, Contingent valuation, Cost based approach आदि प्रयोग गरी अप्रत्यक्ष लाभ तथा लागतको मूल्याङ्कन गर्न सकिनेछ ।

**५९.** **संवेदनशीलता विश्लेषणः** ज्यालादर, व्याजदरमा परिवर्तन, वन पैदावारको मूल्यमा परिवर्तन, खडा रुखको अनुमानित आयतन भन्दा कटान गरीसकेपछि धोद वा अन्य कारणले वन पैदावारको मात्रामा कमी, पुनरोत्पादनको सुनिश्चितता आदिबाट आउने जोखिम तथा संवेदनशीलताको विश्लेषण गर्न सकिनेछ ।

**६०.** **वित्तिय तथा आर्थिक विश्लेषण अवधीः** वन व्यवस्थापन कार्ययोजना अवधी भरको लागि गर्नु पर्नेछ ।

## परिच्छेद-११

## सुशासन सुनिश्चितता सम्वन्धी व्यवस्था

६१. **आम्दानीको व्यवस्थापनः** वन उपभोक्ता समूहको कोषमा प्राप्त हुने आम्दानीको व्यवस्थापन गर्दा सामुदायिक वनको हकमा ऐनको दफा ३७ र साझेदारी वनको हकमा ऐनको दफा ४५ बमोजिम हुनेछ।

६२. **वन व्यवस्थापन कार्यको अनुगमनः** (१) वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन गरिने वनको कार्ययोजनाको तयारी देखि कटान मुछान कार्य सम्पन्न गरी वन पैदावार व्यवस्थापन गर्ने, कटान गरिएको क्षेत्रमा वन पुनरुत्पादन अभिवृद्धि, सुरक्षा समेतको कार्य गर्न वन उपभोक्ता समूहले उपसमिति गठन गरी अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको उपसमितिले अनुसूची-२८ बमोजिमको अनुगमन प्रतिवेदन वन उपभोक्ता समूहमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनलाई वन उपभोक्ता समूहले सव डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ।

(४) डिभिजन वन कार्यालय मार्फत वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको हकमा उपदफा (१) बमोजिमका कार्यको अनुगमन गरी अनुगमनबाट देखिएका कार्यहरु उल्लेख गरी प्रतिवेदन गर्न डिभिजन वन अधिकृत वा निजले तोकेको वन अधिकृतले अनुगमन गरी अनुगमन प्रतिवेदन वन निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन गरिएका वनको आवधिक रुपमा अनुगमन गर्न देहायको बमोजिमको संयुक्त अनुगमन समितिले गर्न गराउन सक्नेछः

(क) डिभिजनल वन अधिकृत -संयोजक

(ख) निर्देशनालयले तोकेको कम्तिमा सातौं तहका प्राविधिक प्रतिनिधि-सदस्य

(ग) सम्बन्धित स्थानीय तहले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित वन समूहको अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित सव डिभिजन वन कार्यालयको प्रमुख -सदस्य सचिव

(६) मन्त्रालय, निर्देशनालय, स्थानीय तह र डिभिजन वन कार्यालयले वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको वन व्यवस्थापन र अन्य क्रियाकलाप सम्बन्धी कार्यको जुनसुकै समयमा अनुगमन गर्न सक्नेछ। यसरी अनुगमन गर्न आउने पदाधिकारीहरुलाई अनुगमन गर्दा सहयोग गर्नु सम्बन्धित सव डिभिजन वन कार्यालय र वन समूहको कर्तव्य हुनेछ ।

**६३. <u>वनको प्राविधिक परीक्षणः</u>** (१) वन संवर्द्धन प्रणालीमा आधारित रही व्यवस्थापन गरिएका वनको दिगो वन व्यवस्थापनको अवधारणा अनुरुप भए नभएको सम्वन्धमा प्राविधिक परीक्षण गर्न गराउन सक्नेछ।

(१) उपदफा (१) बमोजिमको वनको प्राविधिक परीक्षण गर्न मन्त्रालयले देहायको समिति गठन गर्ने सक्नेछ ।

| | | |
|---|---|---|
| (क) | निर्देशक | -संयोजक |
| (ख) | मन्त्रालयको वन व्यवस्थापन विषय हेर्ने महाशाखा प्रमुख | -सदस्य |
| (ग) | सम्बन्धित डिभिजन वन कार्यालयको प्रमुख | -सदस्य |
| (घ) | मन्त्रालयले तोकेको वन विज्ञ प्रतिनिधि | -सदस्य |
| (ङ) | वन अनसुन्धान तथा प्रशिक्षण केन्द्र प्रमुख | -सदस्य सचिव |

(३) उपदफा (१) बमोजिम गरिने प्राविधिक परीक्षणको सिद्धान्त र आधारहरु अनुसूची-२४ बमोजिम हुनेछन् ।

(४) उपदफा (२) बमोजिमको समितिले प्राविधिक परीक्षण गरी अनुसूची-२५ बमोजिमको ढाँचामा प्रतिवेदनको मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम गरिने प्राविधिक परीक्षणको कार्यमा सहयोग गर्न वन निर्देशकले अन्य अधिकृत कर्मचारी तोक्न सक्नेछ।

## परिच्छेद-१२
## विविध

**६४. <u>कार्ययोजना संशोधनः</u>** (१) वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम स्वीकृत भएका कार्ययोजनालाई यो निर्देशिका प्रारम्भ भएको मितिले एक वर्षभित्र नियमावलीको नियम ५ को उपनियम (४) बमोजिम कार्ययोजनालाई परिमार्जन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना परिमार्जन गर्दा साविकको कार्ययोजनामा कटान क्षेत्र निर्धारण भइ व्यवस्थापन हुन बाँकी रहेको वनक्षेत्रलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्ययोजना परिमार्जन गर्न नसकेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले एक वर्षको समयावधि थप गर्न सक्नेछ।

**६५. <u>उप-समिति गठन गर्ने सक्नेः</u>** (१) यस निर्देशिकामा भएका वन व्यवस्थापन कार्य र क्रियाकलापको व्यवस्थित र नियमित गर्नका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभाबाट उप-समितिहरु गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमितिको अधिकार साधारण सभाबाट निर्णय भए बमोजिम हुनेछ।

६६. **बदनियतले कार्य गरेमा कारबाही हुने:** यो निर्देशिका कार्यान्वयन गर्दा कर्मचारी, कामदार वा यो निर्देशिकाले निर्दिष्ट गरेका अन्य व्यक्ति वा निकायबाट बदनियत राखी निर्देशिकाको आशय विपरीत हुने गरी कुनै काम कारबाही गरेमा छानविन गरी कानून बमोजिम कारबाही हुनेछ।

६७. **मापदण्डको पालना गर्नु पर्ने:** वन व्यवस्थापन कार्ययोजनाको तयारी र कार्यान्वयन गर्दा प्रचलित दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डमा भएका व्यवस्थाहरूको समेत पालना गर्नु पर्नेछ।

६८. **व्याख्या गर्ने अधिकार:** यस निर्देशिकामा लेखिएका कुराहरु उपर उठेका विवादको व्याख्या गर्ने अन्तिम अधिकार मन्त्रालयलाई हुनेछ।

६९. **कर्तव्य हुने:** यस निर्देशिकामा भएको व्यवस्थाको कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित वन व्यवस्थापकको हुनेछ।

७०. **बचाउ:** यो निर्देशिका प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम भएका काम कारबाही यसै निर्देशिका बमोजिम भएको मानिने छ।

# अनुसूचीहरु

# अनुसूचीहरू

## अनुसूची - १

(दफा ३ को (४) संग सम्बन्धित)

### सर्वे फिल्डवुक

| क्र.सं. | सर्वे विन्दु (स्टेशन) नं. | स्थानमान (Co-ordinates) | | सर्वे विन्दुको वस्तुस्थिति विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | अक्षांश (Latitude -Y) | देशान्तर (Longitude – X) | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोटः वन सिमाना र विभिन्न वस्तुस्थितिको सर्वे गर्दा देहायका कुराहरु ध्यान दिनु पर्नेछ ।**

| वस्तुस्थिति (Features) | सर्वे गर्दा ध्यान दिनु पर्ने कुराहरु |
|---|---|
| वन सिमाना (Boundary) | रेखात्मक संरचनाको हरेक घुम्ति रहेको स्थानमा जिपियसबाट मार्क गरी स्थानमान लिई वस्तुस्थिति समेत कैफियतमा जनाउने। |
| बाटो, गोरेटो, कुलो, नहर लगायतका रेखात्मक संरचनाहरू (Linear features) | रेखात्मक संरचनाको हरेक घुम्ति रहेको स्थानमा जिपियसबाट मार्क गरी स्थानमान लिने र संरचनाको औसत चौडाइ मापन गर्ने। सुरू विन्दुमा जुन किनारामा जिपियस मार्क गरिएको अन्तिमसम्म सोही किनारातर्फ जिपियस मार्क गर्नु पर्ने। |
| खोला, नदी जस्ता विषयहरू | खोला, नदी जस्ता संरचनाहरूको औसत चौडाइ नोट गरी एउटा किनारा तर्फको जिपियसबाट नापहरू लिने |
| आवादी | निजी दर्ता जग्गासंग जोडिएको वनको सर्वे गर्दा नापीको नक्सा र फिल्डवुकको समेत सहयोग लिई जग्गा धनीको रोहवरमा निजी जग्गा र वनको सिमानामा चिन्ह लगाई जिपियस पोइन्ट लिने । |
| अतिक्रमित वन क्षेत्र | अतिक्रमित वन क्षेत्रको पूरै ट्राभर्स गरी विस्तृत मापन गर्नुपर्ने । |
| झाडीवुट्यान क्षेत्र, भिर, पानी पोखरी, सिमसार, चट्टान, घांसे मैदान जस्ता क्षेत्रफल हुने विषयहरू (Area features) | अनुमानित क्षेत्रफल ०.१० हेक्टर वा सो भन्दा कम भए बिचमा पर्ने गरी एउटा पोइन्ट लिने अन्यता चौघेराका पोइन्ट लिने। |
| घर, मन्दिर, पुल जस्ता कुराहरू (Point features) | सम्भव भए बिचमा नभए छेउमा एकवटा पोइन्ट लिने र कतातर्फ पोइन्ट लिएको हो नोट गर्ने । |

## अनुसूची - २

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

**कम्पार्टमेण्ट तथा सब कम्पार्टमेण्ट विभाजन सम्बन्धी व्यवस्था**

**क. कम्पार्टमेण्ट विभाजन** (Division of compartments)

वन क्षेत्रलाइ भिरालोपनाको आधारमा ० डिग्री देखि १९ डिग्रीभन्दा कम, १९ डिग्री देखि ३१ डिग्री सम्म र ३१ डिग्री भन्दा माथिको भाग छुट्टिने गरी स्लोप नक्सा तयार गर्नु पर्दछ । (राष्ट्रिय वनको रणनीति अनुसार मिलाउने) वन व्यवस्थापनको लागि अपनाइने वन सम्वर्द्धन प्रणाली तथा कार्य प्रक्रिया समेतलाई विचार गरी कम्पार्टमेण्टमा विभाजन गर्नु पर्दछ ।

- वन व्यवस्थापनको हिसावले कम्पार्टमेण्टलाई पूर्ण एकाई (Self-contained unit) को रुपमा गर्ने वा बिभिन्न कम्पार्टमेण्टमा रहेका सव-कम्पार्टमेण्टहरु जोडेर कटान श्रृङ्खला (Felling series) बनाउने,
- छत्र प्रणालीमा कटान श्रृङ्खलालाई आवधिक खण्ड (Periodic block) मा विभाजन गर्ने ।
- सरपट कटान प्रणाली (Clear felling system) मा कटान श्रृङखलालाई बार्षिक कटान क्षेत्र (Annual coupe) निर्धारण गर्ने ।
- छनौट प्रणाली (Selection system) अन्तर्गत कटान श्रृङ्खलालाई कटान चक्र (Felling cycle) को आधारमा कटान क्षेत्र (Felling area) निर्धारण गर्ने ।

Periodic block को संख्या पुनरोत्पादन अवधि र बाली चक्रमा भर पर्दछ। जस्तैः १०० वर्षको बाली चक्र र दश वर्षको पुनरोत्पादन अवधि भएमा Periodic block (sub-compartment) को संख्या १० वटा हुन्छ र बार्षिक कटान क्षेत्रको संख्या बाली चक्रमा भर पर्दछ। त्यसैगरी छनौट प्रणालीमा कटान क्षेत्रको संख्या कटान चक्र बराबर हुन्छ। पाँच वर्षको कटान चक्र अपनाइएमा वनलाई (कटान श्रृङ्खला) लाई पाँच वटा कटान क्षेत्रमा विभाजन गर्नु पर्दछ।

कम्पार्टमेण्टलाई पूर्ण एकाईको रुपमा लिई वन व्यवस्थापन गर्ने भएमा हरेक कम्पार्टमेण्टमा आवश्यक संख्यामा Periodic block/ Annual coupes/ Felling area (sub-compartment) हुनु पर्दछ। सबै भागमा एकै उमेरका रुखहरु नभई फरक-फरक उमेरका रुखहरु भएको क्षेत्र पर्ने गरी कम्पार्टमेण्ट छुट्याउनु पर्दछ। जसमा कुनै सब-कम्पार्टमेण्टमा कटान गर्न लायक वयस्क वा ज्यादै बूढा रुख भएको क्षेत्र, कुनै सब-कम्पार्टमेण्टमा बढ्दो उमेरका रुख भएको क्षेत्र, यस्तै अन्यमा साना रुख, पोल अवस्थाको वन, लाथ्रा अवस्थाको वन भएको क्षेत्र छुट्याउन सकियोस् ।

सीमाना सर्भे र अन्य वस्तुस्थिति सर्वेको डाटा (Gogle Earth) मा अपलोड गरेर कम्पार्टमेण्टहरु विभाजन गर्न सकिनेछ। गुगल अर्थबाट कम्पार्टमेण्टको सीमानाको को-अर्डिनेट पोइन्ट समेत निकाल्न मद्दत गर्दछ।

सेल्फ कन्टेन्ड कम्पार्टमेन्टको अवधारणामा काम नगर्ने भए वनलाई उपयुक्त क्षेत्रफलका कम्पार्टमेण्टमा विभाजन गर्नु पर्दछ। यी कम्पार्टमेण्टमा रहेका सब-कम्पार्टमेण्टहरुलाई विभिन्न कटान श्रृङ्खला मध्ये कुनमा राख्ने भन्ने सब-कम्पार्टमेण्टको वनको अवस्था हेरेर तोक्नु पर्दछ। वनको क्षेत्रफल हेरी एक वा बढी कटान श्रृङखला हुन सक्दछ। सेल्फ कन्टेन्ड कम्पार्टमेण्ट अवधारणामा कम्पार्टमेण्टले नै कटान श्रृङ्खलाको काम गर्दछ । सेल्फ कन्टेन्ड अवधारणा अवलम्बन नभए कटान श्रृङ्खला कुन कुन सब-कम्पार्टमेण्ट मिलाएर गराउने भन्ने कुरा योजनामा स्पष्ट लेख्नु पर्दछ ।

सामुदायिक वनको क्षेत्रफल कम तथा वनको उमेर अवस्था प्रायः एकैनास रहेको एक वटा सामुदायिक वनलाई एक वटा कम्पार्टमेण्ट बनाउने र सिमा जोडिएका सामुदायिक वनहरु मिलाएर एक वटा कटान श्रृङखला बनाई वन व्यवस्थापन गर्नु उचित हुने देखिन्छ।

कम्पार्टमेन्टको क्षेत्रफलले अग्नीरेखाको सञ्जाल (Network) निर्धारण गर्दछ। यसले वनक्षेत्रको अग्नीरेखा निर्माण तथा मर्मतको लागत खर्च निर्धारण गर्दछ। अग्नीरेखाको सञ्जाल ज्यादै कम भएमा अग्नीरेखा प्रभावकारी नहुने र ज्यादै बढी भएमा बढि लागत लाग्न सक्छ। तसर्थ उपयुक्त क्षेत्रफलको कम्पार्टमेण्ट निर्माण गर्नु पर्दछ । प्रायः वनको व्यवस्थापनको लागि अवस्था हेरी २०० देखि ४०० हेक्टर क्षेत्रफलको कम्पार्टमेण्ट निर्माण गर्नु उपयुक्त मानिन्छ। दुई सय हेक्टर भन्दा कम क्षेत्रफलको वन भएमा एक वटा मात्र कम्पार्टमेण्ट हुन्छ र अग्नी रेखा वनको सीमानामा मात्र निर्माण गर्नु पर्दछ। पचास हेक्टर भन्दा सानो सब-कम्पार्टमेण्ट वरिपरि अग्नीरेखा निर्माण नगरी वन व्यवस्थापनका लागि उपयुक्त स्थानमा एक वटा निर्माण गर्न सकिनेछ।

**ख) सब-कम्पार्टमेण्ट विभाजन** (Division of compartment into sub-compartments)

सेल्फ कन्टेन्ड अवधारणा अनुसार काम गर्ने भएमा हरेक कम्पार्टमेण्टलाई आवधिक खण्ड / बार्षिक कटान क्षेत्र / कटान क्षेत्रको संख्या बराबरको संख्यामा सब-कम्पार्टमेण्ट बनाउनु पर्दछ। एउटा कम्पार्टमेण्टका सबै सब-कम्पार्टमेण्टहरुको क्षेत्रफल बराबर हुने गरी छुट्याउनु पर्दछ । सब-कम्पार्टमेण्टको क्षेत्रफल ५० हेक्टरको वनाउनु उचित हुन्छ ।

सेल्फ कन्टेन्ड अवधारणा अनुसार नगर्ने भए सब-कम्पार्टमेण्टको संख्या एउटा कटान श्रृङ्खलामा आवश्यक पर्ने आवधिक खण्ड / बार्षिक कटान क्षेत्र / कटान क्षेत्रको संख्या बराबर वा यसको गुणाङ्क (Mutliple) मा हुनु पर्दछ । साथै सबै सब-कम्पार्टमेण्टको क्षेत्रफल बराबर हुन पर्दछ ।

उदाहरणको लागि वनलाई एक वटा मात्र कटान श्रृङ्खलाको रुपमा लिदाँ बाली चक्र १०० वर्ष र पुनरोत्पादन अवधि १० वर्ष रहेछ भने वनको क्षेत्रफल अनुसार सब-कम्पार्टमेण्टको संख्या १० वटा, २० वटा, ३० वटा वा यस्तै गुणांकमा बनाउनु पर्दछ । एउटै सब-कम्पार्टमेण्टमा वनको अवस्था (उमेर तथा प्रजाति समिश्रण आदि) उल्लेखनीय रुपमा फरक हुनु हुँदैन ।

## अनुसूची ३
## (दफा ७ को उपदफा (१) संग सम्बन्धित)
## नक्सा सम्बन्धी व्यवस्था

जिपिएस मार्फत सर्वे गरी लिइएका स्थानमान विन्दुहरु Map source वा GPS utility जस्ता सफ्टवयर मार्फत डाटा डाउनलोड गरी वा स्थानमान तथ्याङ्कलाई एक्सेल सिटमा टाइप गरी जिआइएस जस्ता सफ्टवयरमा अपलोड गरी विद्युतीय नक्सा तयार गर्नु पर्नेछ। नक्सा बनाउदा वन क्षेत्रभित्र रहेका देहायका विवरणहरु देखिने गरी नक्सा तयार गरिनेछ ।

- वनको वस्तुस्थिति जस्तैः बाटो, आवादी/अतिक्रमण क्षेत्र, चौर, धार्मिक स्थल, नदी, खोला खोल्सी, ताल पोखरी, पानी मुहान, गोरेटो आदि देखिने नक्सा ।
- ब्लक र तिनको क्षेत्रफल देखिने नक्सा
- ब्लक र कम्पार्टमेण्ट देखिने नक्सा
- कम्पार्टमेण्ट र सब–कम्पार्टमेण्ट देखिने नक्सा
- कम्पार्टमेण्ट, सब–कम्पार्टमेण्ट र सो भित्रका स्याम्पल प्लट देखिने नक्सा
- कम्पार्टमेण्ट र सब–कम्पार्टमेण्ट छुट्याउने स्थानमान बिन्दु देखिने नक्सा
- भिरालोपना, मोहडा र उचाई देखिने नक्सा
- वन व्यवस्थापनका कृयाकलापहरु देखिने नक्सा
- अन्य आवश्यक नक्साहरु

## अनुसूची ४

## (दफा ८ को उपदफा (२) संग सम्बन्धित)

## नमूना प्लट निर्धारण, प्लटमा रुख विरुवा मापन र वनको मौज्दात विश्लेषण सम्बन्धी व्यवस्था

### (क) नमूना प्लट निर्धारण र स्थापना

वनस्रोत सर्वेक्षणको लागि नमूना प्लटको संख्या र प्लटहरु वीचको दूरी एकिन गर्नु पर्दछ। प्लटको संख्या र प्लटहरु वीचको दूरी एकिन भएपछि प्लटहरु निर्धारण गरी नक्सामा देखाउनु पर्नेछ। प्रत्येक सव-कम्पार्टमेन्टमा कम्तिमा पाँच वटा नमूना प्लट पर्ने गरी प्लट निर्धारण गर्नु पर्नेछ। प्लट निर्धारण कार्य GIS application को सहायताले गर्न सकिनेछ। निर्धारण गरिएका प्लटहरुको स्थानमान बिन्दु सफ्टवयरको सहायताले एकिन गरी कार्य योजनाको अनुसूचीमा समावेश गर्नु पर्नेछ।

नक्सामा देखाइए अनुसार फिल्डमा नमुना प्लट निश्चित (Locate) गर्नु पर्दछ । माथि खण्ड (क) अनुसार निर्धारण गरिएको नमुना प्लटको कोअर्डिनेट जिपिएसमा अपलोड गर्नु पर्दछ वा प्लटको कोअर्डिनेट हातैले पनि जिपिएस रिसिभरमा इन्ट्री गर्न सकिनेछ। नमुना प्लट को स्थानमान बिन्दु रिसिभरमा अपलोड वा इन्ट्री गरिसकेपछि जिपिएसको सहायताले गो टु (Go to) गरेर पुग्न सकिन्छ। प्लटको नजिकमा पुग्न थालेपछि छोटो दुरी तर्फको दिशा (Direction) मा बिस्तारै अगाडि बढ्दै जाने र जिपिएसमा नमुना प्लट पुगेको आवाज सहितको सन्देश प्राप्त भएको स्थानमा गोलाकार वा आयताकार वा वर्गाकार प्लट निश्चित गरी नमुना प्लट स्थापना गर्नु पर्नेछ।

नमुना प्लट निर्धारणको क्रममा जिपिएसले देखाएको बिन्दुलाई आधार मानी प्रचलित वन स्रोत सर्वेक्षण मार्गदर्शनमा तोकिए अनुसारका गोलाकार वा आयताकार वा वर्गाकार प्लट स्थापना गर्न सकिनेछ।

### (ख) नमूना प्लटमा रुख विरुवा मापन

नमुना प्लट निर्धारण र स्थापना पछि प्लट भित्रका रुख, पोलको मापन गर्नु पर्दछ भने विरुवा/लाथ्राको जात अनुसार गणना गरी डाटा रेकर्डिङ्ग सिटमा लेख्नु पर्दछ। स्याम्पल प्लटको साइज, रुखविरुवा मापन सम्वन्धमा सामुदायिक वनको स्रोत सर्वेक्षण मार्गदर्शनलाई अपनाई गर्न सकिन्छ । डाटा रेकर्डिङ निम्न ढाँचामा गर्न सकिन्छ ।

**<u>वनस्रोत सर्वेक्षणको तथ्याङ्क संकलन फाराम</u>**

वनको नामः .............................　　सब-कम्पार्टमेन्ट वा कटानक्षेत्रको नामः..............................

मितिः .....................................　　स्रोत सर्वेक्षण गर्नेको नामः............................ हस्ताक्षरः ...................................

| प्लट नं | प्रजाती | विरुवा संख्या | लाथ्रा संख्या | ब्यास (से.मि.) | उचाई (मिटर) | अवस्था | क्लास |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

### (ग) वनको मौज्दात विश्लेषण

फिल्डबाट वनस्रोत मापनको डाटा प्राप्त भइसकेपछि डाटा विश्लेषण गरेर वनको मौज्दात सम्बन्धी विवरण निकालिनेछ । मौज्दातको डाटा विश्लेषणको लागि आधुनिक र उपयुक्त software प्रयोग गर्न सकिन्छ । मौज्दात सम्बन्धी विश्लेषणको नतिजा हरेक सब–कम्पार्टमेण्ट र कम्पार्टमेण्टको अलग अलग निकाल्नु पर्दछ भने वनको एकमुष्ठ पनि निकाल्नु पर्दछ । विश्लेषणबाट निम्न कुराहरु निकाल्नु पर्दछ ।

- प्रजाति अनुसार रुख, पोल, लाथ्रा र बिरुवाको संख्या प्रति हेक्टर
- प्रजाति अनुसार रुख र पोलको आयतन प्रतिहेक्टर
- बेशल एरिया प्रति हेक्टर
- रुख तथा पोलको औषत व्यास (अलगअलग)
- टपहाईट
- प्रजाति समिश्रणको अवस्था देखिने पाईचार्ट (रुख, पोल, लाथ्रा र विरुवाको अलगअलग बनाउने)
- प्रतिहेक्टर संख्याको आधारमा,
- प्रतिहेक्टर आयतनको आधारमा र प्रतिहेक्टर बेशल एरियाको आधारमा व्यास समूह अनुसार रुख तथा पोलको संख्या र आयतन) बार चार्टमा देखाउदा उपयुक्त हुने
- व्यास समूह अनुसार राम्रा र 4D रुखहरुको प्रतिहेक्टर संख्या र आयतन (बार चार्टमा देखाउदा राम्रो हुने)
- व्यास र उचाईको सम्बन्ध (चार्टमा देखाउने)
- व्यास र आयतनको सम्बन्ध (चार्टमा देखाउने )

## अनुसूची ५
## (दफा १० को उपदफा (१) संग सम्बन्धित)
## पुनरोत्पादन कटान गर्ने सब-कम्पार्टमेण्टहरुको रुख नक्साङ्कन सम्बन्धी व्यवस्था

रुख नक्साङ्कनमा रुख/पोलको व्यास, उचाई आदि मापन गर्नुका साथै रुख/पोलको फेदको जिपिएस पोइन्ट समेत लिनुका साथै हरेक रुखमा रुख नम्बर समेत लगाइन्छ र जिपिएस पोइन्टबाट GIS (Geographical information system) मा रुखको अवस्थिति देखिने गरी नक्सा तयार गरिन्छ । रुख नक्साङ्कन खर्चको हिसावले सम्पूर्ण रुख गणना (Total enumeration) भन्दा खासै महँगो पर्दैन तर GIS/GPS (Geographical information system/global positioning system) को प्रयोग आवश्यक पर्दछ । रुख नक्साङ्कनका निम्न फाइदाहरु छन् (जो सम्पूर्ण रुख गणनासंग तुलना गर्नै मिल्दैन) ।

- रुख र पोलहरुको अवस्थिति नक्सामा नै देखिने हुँदा रुखको बितरण (Distribution) थाहा हुन्छ (कुन ठाँउ खाली छ कहाँ बाक्लो छ भन्ने स्पष्ट नक्सामा हेर्न सकिने)
- कुनै पनि रुख स्थलगत रुपमा जिपिएसको सहायताले पत्ता लगाउन सकिन्छ र त्यसको नाप साइज जाँच गर्न सकिन्छ ।
- सबै रुखको डाटाबेश निर्माण हुने हुँदा कुनै रुख हानीनोक्सानी भएको पत्तालगाउन सकिन्छ र हानी नोक्सानीको सजिलै मूल्याङ्कन गर्न सकिन्छ ।
- वनमा रहेका र हानीनोक्सानी वा कुनै कारणले नष्ट भएका रुखहरुको विवरण अध्यावधिक हुन्छ/गर्न सकिन्छ। यसका साथै हानी नोक्सानी नियन्त्रण गर्न सहयोग पुग्छ। चोरी कटानी गर्नेको मनोबल घट्छ ।
- माऊ रुखहरु सबै क्षेत्रमा बराबर पर्ने गरी कायम गर्न सकिन्छ र माऊ रुखको उपयुक्तता सजिलै स्थलगतरुपमा जाँच गर्न सकिन्छ ।
- कटान गर्ने रुखहरु यकीन साथ पहिले नै पहिचान भैसक्ने हुँदा छपान गर्न सजिलो र छपानमा अनियमितता हुने सम्भावना रहँदैन ।
- हरेक वर्ष कुन स्थानबाट कति रुख कटान गर्ने भन्ने कुरा यकीनकासाथ नक्साबाट हिसाव गर्न सकिन्छ र कटान पश्चात् नक्सा अध्यावधिक गर्न सकिन्छ ।
- रुख नक्साङ्कनको लागि लिईएको फिल्ड डाटा निम्न फाराममा अधावधिक रेकर्ड गर्न सकिन्छ ।

<u>फिल्ड डाटा लिने फारामको नमूना</u>

| क.स. | जि.पि.एस. वे पोइन्ट | रुख नम्बर | प्रजाति | व्यास (सेमी) | उचाई (मिटर) | अवस्था | गुणस्तर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

जिपिएसले रुख/पोलको फेदको डाटा लिएपछि सो को पोइन्ट नम्बर आउँछ । यसलाई वे पोइन्ट भनिन्छ। जिपिएस वे पोइन्टमा यही नम्बर लेख्नु पर्दछ । जिपिएस वे पोइन्ट हरेक रुख/पोल को अलग-अलग आउँछ।यस्तै जिपिएस पोइन्ट लिईसकेपछि रुखमा नम्बर लगाउनु पर्दछ । टिनको पातामा तयार गरिएको ट्याग ठोकेर वा रुखमा व्लेज

काटेर इनामेलको प्रयोग गरेर पनि रुख नम्बर हाल्न सकिन्छ । ट्याग सकभर सानो भर्याङ प्रयोग गरेर मानिसले सजिलै पुग्न नसक्ने गरी माथि ठोक्नु पर्दछ ।तल ठोकिएको ट्याग उक्काएर फालिदिन सक्ने संभावना रहन्छ । यस्तै तल ठोकिएको ट्याग आगो आदिबाट समेत क्षति हुन सक्छ। पोलमा नम्बर राख्नु पर्दैन । अवस्थामा सुकेको, टुप्पो भाँचिएको, ज्यादै बुढो, बाङगोटिङगो, मर्न लागेको, रोग लागेको आदि भए 4D(Dead, dying deseased and deformed) अन्यथा G (Good) लेख्नु पर्दछ । यस्तै गुणस्तरमा रुखबाट काठ कति प्राप्त हुन सक्छ भन्ने आधारमा वन ऐन नियमावली, २०७९ मा व्यवस्था भए अनुसार क्लास लेख्नु पर्दछ ।

यसरी रुख नक्साँकनको लागि डाटा प्राप्त भएपछि GIS बाट रुखहरुको अवस्थिति देखिने नक्सा तयार गर्नु पर्दछ र सोही नक्साको सहायताले माऊ रुखहरु पहिचान गर्नु पर्दछ । कायम राख्ने माऊ रुखको संख्याको आधारमा एक माऊ रुख देखि अर्को माऊ रुख सम्मको दुरी हिसाव गरी निकाल्न सकिन्छ । यसैको आधारमा उपयुक्त रुखहरु उपलब्ध भएसम्म मोटामोटी दुरी कायम हुने गरी माऊ रुखहरु पहिचान गर्नु पर्दछ। माऊ रुख छनौट गर्दा मुख्य प्रजातिका साथै जैविक विविधताको हिसावले केही अन्य प्रजातिहरुको समेत राख्नु पर्दछ । यसरी नक्सामा माऊ रुख पहिचान भइसकेपछि अन्य रुखहरु कटान गर्ने रुखमा पर्दछन् । माऊ रुख र कटान गर्ने रुखहरु नक्सामा पहिचान भइसकेपछि सोको लिष्ट समेत जिआईएस टेवलबाट प्राप्त गर्न सकिन्छ । पुनरोत्पादन कटान गर्दा पुनरोत्पादन कटान अवधिमा कटान गर्नुपर्ने रुखहरु हटाइने हुँदा पहिलो वर्ष कटान गर्ने क्षेत्रमा पर्ने माऊ रुख र कटान गर्ने रुखको लिष्ट तयार गर्नु पर्दछ । कटान कार्य सबैभन्दा बूढा रुखहरु भएको स्थानबाट गर्नुपर्ने भएकोले स्थलगत निरीक्षणको आधारमा उप-कम्पार्टमेण्टको कतातिर बूढा रुख छन् भन्ने थाहा हुन्छ र सोही आधारमा त्यसैतर्फ नक्सामा रुखहरु छनौट गर्नु पर्दछ ।

यसरी माऊ रुख तथा कटान गर्नु पर्ने रुखहरु तथा पहिलो वर्ष कटान गर्ने क्षेत्रमा रहेका माऊ रुख र कटान गर्ने रुखहरुको लिष्ट तयार भइसकेपछि कम्तिमा पहिलो वर्ष कटान गर्ने क्षेत्रमा रहेका माऊ रुखहरु उपयुक्त छन् ।छैनन् भनी स्थलगत रुपमा जाँच गर्नु पर्दछ। माऊ रुखहरुको स्थलगत जाँच गर्नको लागि ती रुखहरुको जिपिएस पोइन्ट भएकोले जिपिएस रिसिभरको सहायताले सजिलै पुग्न सकिन्छ । स्थलगत रुपमा हेर्दा छनौट गरिएको माऊ रुख उपयुक्त नदेखिएमा नजिकैको अर्को उपयुक्त रुख माऊ रुखको रुपमा कायम गर्नु पर्दछ र यसको आधारमा नक्सा अपडेट गरी पुनः माऊ रुख र कटान गर्ने रुखहरुको अन्तिम लिष्ट तयार गर्नु पर्दछ। यसैको आधारमा पहिलो वर्ष कटान गर्ने स्थानमा रहेका माऊ रुख र कटान गर्ने रुखहरुको समेत अन्तिम लिष्ट तयार गर्नु पर्दछ ।

## अनुसूची - ६

## (दफा ११ संग सम्बन्धित)

### पुनरोत्पादन कटान गर्ने सब-कम्पार्टमेण्टहरुको पुनरोत्पादन सर्भे

पुनरोत्पादन कटान गर्ने सब–कम्पार्टमेण्टको पुनरोत्पादनको अवस्था थाहा पाउन पुनरोत्पादन सर्भे गर्नु पर्दछ । पुनरोत्पादन सर्भेबाट विरुवाको परिमाणको अलावा स्थलगत बितरण पनि थाहा पाउनुपर्दछ । यसको लागि पुनरोत्पादन नक्सा तयार गर्नु पर्दछ । पुनरोत्पादन सर्भे २५–५० मिटरको दुरीमा ४ वर्ग मिटरको स्याम्पल प्लट राखी गर्दा उपयुक्त हुने देखिन्छ। स्याम्पल प्लटहरुको कोअर्डिनट निकालेर सो कोअर्डिनेट जिपिएस रिसिभरमा लोड गरी जिपिएसको सहायताले स्याम्पल प्लट सम्म पुग्नु पर्दछ र गोलाकार वा वर्गाकार प्लट राखेर विरुवा तथा लाथ्राको गणना गर्नु पर्दछ। स्याम्पल प्लट लेआउट तथा कोअर्डिनेट निकाल्ने कार्य GIS software को प्रयोग गरी गर्न सकिन्छ। निकालिएको प्लट कोअर्डिनेट जिपिएस रिसिभरमा अपलोड गर्न सकिन्छ। पुनरोत्पादन सर्भेको डाटा निम्नानुसारको तालिकामा रेकर्ड गर्न सकिन्छ।

<u>पुनरोत्पादन सर्भे गर्दा प्रयोग गरिने फारामको नमूना</u>

<table>
<tr><td rowspan="3">प्लट नं</td><td colspan="3">प्रमुख प्रजाति को विरुवा संख्या</td><td colspan="3">अन्य प्रमुख प्रजातिको विरुवा संख्या</td><td colspan="2">अन्य प्रजातिको विरुवा संख्या</td></tr>
<tr><td colspan="2">१ मिटर भन्दा अग्लो</td><td rowspan="2">१ मिटर भन्दा होचो</td><td colspan="2">१ मिटर भन्दा अग्लो</td><td rowspan="2">१ मिटर भन्दा होचो</td><td rowspan="2">१ मिटर भन्दा अग्लो</td><td rowspan="2">१ मिटर भन्दा होचो</td></tr>
<tr><td>संख्या</td><td>अवस्था</td><td>संख्या</td><td>अवस्था</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

प्रमुख प्रजातिहरुको नाम नै लेख्नु पर्दछ भने अन्य प्रजातिको नाम उल्लेख नगरी एक मुष्ठ अन्य भनेर राख्न सकिन्छ। पुनरोत्पादन गणना गर्दा भविष्यको बालीको रुपमा उपयुक्त जातिका रुख विरुवाहरुलाईमात्र गणना गर्नु पर्दछ । पुनरोत्पादन सर्भेबाट डाटा प्राप्त भएपछि विश्लेषण गरी पुनरोत्पादन नक्सा निकाल्नु पर्दछ ।

## अनुसूची - ७
## (दफा १३ को उपदफा (१) संग सम्बन्धित)

### वनको प्रकार र मुख्य प्रजाति बमोजिम वन सम्वर्द्धन प्रणाली

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १९ डिग्रीभन्दा कम भिरालो तराई र शिवालिक साल वन | साल | विरुवा :५००० भन्दा धेरै लाथ्रा २००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | संभाब्य भूक्षयलाई न्यूनिकरण गर्ने गरी उत्पादनमुखी (Production oriented) वन व्यवस्थापन | वन सम्वर्द्धन प्रणालीः कटान चक्र सहितको छनौट प्रणाली | |
| | | | | | | कटान चक्र : १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र आयतनको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको २ प्रतिशत कटान गर्ने, मौज्दात : १५०-२०० घन.मी. प्रति हे. छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, मौज्दात : १५० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| | | | विरुवा : ५००० भन्दा थोरै लाथ्रा : २००० भन्दा थोरै | | | वन सम्वर्द्धन प्रणालीः इन्डियन इरेगुलर सेल्टरवुड प्रणाली (Indian irregular shelterwood system) | |
| | | | | | | वालीचक्र : ८० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक | |
| | | | | | | पुनरोत्पादन अवधिः १० वर्ष | |
| | | | | | | माऊ रुख संख्या : १५ देखि २५ वटा प्रति हेक्टर | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र आयतनको आधारमा (रुख संख्याको आधारमा) | |
| २ | शिवालिक साल वनः १९ डिग्रीभन्दा बढी र ३१ डिग्रीसम्म भिरालोपन भएको वन क्षेत्र | साल | विरुवा : ५००० भन्दा धेरै लाथ्रा : २००० भन्दा धेरै | काठ, दाउरा र भू संरक्षण | भूक्षयको दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी (Conservation oriented) वन व्यवस्थापन | वन सम्वर्द्धन प्रणालीः कटान चक्रसहितको एकल रुख छनौट प्रणाली (Single Tree Selection with felling cycle) | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र आयतनको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| | | | विरुवा : ५००० भन्दा थोरै लाथ्रा : २००० भन्दा थोरै | | | वन सम्वर्द्धन प्रणालीः समूह छनौट प्रणाली (Group Selection System) | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक | |
| | | | | | | बाली चक्र : १०० वर्ष | |
| | | | | | | कटान चक्र : १० वर्ष | |
| | | | | | | पुनरोत्पादन अवधि : १० वर्ष | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल, रुख संख्या र आयतनको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३ | शिवालिक साल वनः ३१ डिग्रीभन्दा बढी भिरालोमा भएको वन क्षेत्र | साल | | भूसंरक्षण | संरक्षण (Protection) | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने | |
| | | | | | | यस वन क्षेत्रमा सम्भव भए सम्म ढलेका, सुकेको (सुखड खडा) रुखहरु मात्र हटाउन सकिने | |
| | | | | | | | |
| ४ | सिसौ/खयर वृक्षरोपण वन | सिसौ र खयर | | काठ, दाउरा र भूसंरक्षण | काठ दाउरा उत्पादन | वन सम्वर्द्धन प्रणालीः पुनरोत्पादनको लागि माऊ रुख राखी (Seed tree method) गरिने प्रणाली | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक वा कृत्रिम (वृक्षारोपण/बीउ छर्ने) | |
| | | | | | | यदि प्रति हे. २०० भन्दा कम रुख छन् भने सिधै Seed Tree Method मा जाने | |
| | | | | | | यदि प्रति हे. २०० भन्दा बढी रुख भएमा एक चोटी थिनिङ्ग गरि प्रति हे.(१०० -१५०) रुख संख्या कायम गर्ने र दोस्रो कटानमा माऊ रुख प्रणालीमा जाने | |
| | | | | | | बाली चक्रः ३० देखि ४० वर्ष | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र रुख संख्याको आधारमा | |
| ५ | नदी तटीय वन | सिसौ, खयर, सिमल, कर्मा, जामुन, अस्ना, सिरिस | | काठ दाउरा र भूसंरक्षण | काठ दाउरा उत्पादन र नदी तटीय क्षेत्रको संरक्षण (Protection) | वन सम्वर्द्धन प्रणालीः सुधार कटान प्रणाली (Improvement felling Method) | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक साथै Assisted Regeneration (वृक्षरोपण/बीउ छर्ने) | |
| | | | | | | कटान चक्रः ५ देखि १० वर्ष | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र आयतन (रुख संख्या) को आधारमा, भूक्षयको दृष्टिकोणले जोखिम बढाउने बूढा रुखहरु हटाउन सकिने । | |
| ६ | तराई तथा भित्री मधेसको हैसियत विग्रेको वन | साल | झाडी, बुट्यान, मिचाहा प्रजाति आदिले गर्दा मुख्य प्रजातिहरुको छत्र घनत्व (Crown Density) २० प्रतिशत भन्दा कम भएको वन | संरक्षण र सीमित गैरकाष्ठ वन पैदावारको प्रयोग | वन पुनःस्थापना (Forest restoration) गरी वन क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने | वन सम्वर्द्धन प्रणालीः सुधार कटान (Improvement felling)<br>पुनरोत्पादन विधिः प्राकृतिक साथै Assisted regeneration (वृक्षरोपण/बीउ छर्ने) साथ साथै झाडी सफाई, पत्लाउने काम गर्ने<br>वन डढेलो लाग्न नदिने, आवश्यकता अनुसार घेरावारा गर्ने<br>ढलापडा र सुखड खडा रुखहरु भए हटाउने<br>यस प्रकारको वनलाई उच्च प्राथमिकता दिई व्यवस्थापन गर्नु पर्ने र वनको अवस्थामा सुधार आए पश्चात् उपयुक्त वन सम्वर्द्धन प्रणाली अपनाई वन व्यवस्थापन गरिनेछ । | |
| ७ | पहाडी साल वन ( Hill Sal Forest) | साल, चिलाउने, साज, खोटे सल्ला आदि | विरुवा : ५००० भन्दा धेरै लाथ्रा : २००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी (Conservation | वन सम्वर्द्धन प्रणालीः छनौट प्रणाली (Selection system) अन्तर्गतको Felling area based on felling cycle र समूह छनौट प्रणाली (Group Selection System)<br>कटान चक्र : १० वर्ष<br>पुनरोत्पादन विधिः प्राकृतिक ( Seed or coppice) | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | orieted) वन व्यवस्थापन | उत्पादन नियमन विधिः क्षेत्रफल र आयतन अथवा रुख संख्याको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, मौज्दात : १५०-२०० घन.मी. प्रति हे. छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने, र मौज्दात : १५० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.२५ प्रतिशत कटान गर्ने । | |
| | | | विरुवा : ५००० भन्दा थोरै लाथ्रा : २००० भन्दा थोरै | | | वन सम्वर्द्धन प्रणालीः Coppice with standard वा irregular shelter wood system | |
| | | | | | | वालीचक्र : Coppice with standard को लागि ४० वर्ष | |
| | | | | | | वालीचक्र : Irregular shelter wood system को लागि १०० वर्ष | |
| | | | | | | पुनरोत्पादन अवधिः १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक (Seed or coppice) | |
| | | | | | | उत्पादन नियमन विधिः उत्पादन नियमन विधिः क्षेत्रफल, रुख संख्या र आयतनको आधारमा । | |
| ८ | प्राकृतिक सल्ला वन | खोटे सल्ला, गोब्रे सल्ला र पाटे सल्ला | विरुवा : ५००० भन्दा धेरै लाथ्रा : २००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | सम्भाव्य भूक्षयलाई न्यूनीकरण गर्ने गरि उत्पादनमुखी वन व्यवस्थापन | वन सम्वर्द्धन प्रणालीः कटान चक्र सहितको समूह छनौट प्रणाली | |
| | | | | | | कटान चक्र : १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक तर प्राकृतिक पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा Enrichment plantation गर्ने । | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफल र आयतन अथवा रुख संख्याको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको २ प्रतिशत कटान गर्ने, मौज्दात : १५०-२०० घन.मी. प्रति हे. छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, र मौज्दात : १५० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| | | | विरुवा: ५००० भन्दा थोरै लाथ्राः २००० भन्दा थोरै | | | वन सम्वर्द्धन प्रणालीः Irregular shelterwood system | |
| | | | | | | बाली चक्रः खोटे सल्लाको लागि ६० वर्ष र गोब्रे सल्लाको प्राकृतिक वनको लागि १०० वर्ष, पाटे सल्लाको प्राकृतिक वनको लागि ३०-३५ वर्ष हुनेछ । | |
| | | | | | | पुनरोत्पादन अवधिः दुवै सल्लाको प्राकृतिक वनमा ८-१० वर्ष हुनेछ । | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक तर प्राकृतिक पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा Enrichment plantation गरिनेछ । | |
| | | | | | | उत्पादन नियमन विधि (Yield Regulation) : क्षेत्रफल र रुख संख्याको आधारमा (By area and number of stems) | |
| | | | | | | ४५ डिग्री भन्दा बढी भिरालोपन भएको वन क्षेत्रमा भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने र ढलेका, सुकेको (सुखड खडा) र भूक्षयको दृष्टिकोणले जोखिम बढाउने बूढा रुखहरु हटाउन सकिने । | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९ | वृक्षारोपण सल्ला वन | खोटे सल्ला, गोब्रे सल्ला र पाटे सल्ला | विरुवा : ५००० भन्दा धेरै लाथ्रा : २००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | सम्भाव्य भूक्षयलाई न्यूनीकरण गर्ने गरि उत्पादनमुखी | वन सम्वर्द्धन प्रणालीः कटान चक्र सहितको समूह छनौट प्रणाली वा Irregular shelterwood system<br>कटान चक्र : ५ वर्ष<br>पुनरोत्पादन विधिः प्राकृतिक तर पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा वृक्षारोपण गर्ने<br>यदी प्रति हे. २०० भन्दा कम रुख छन् भने सिधै छनौट प्रणाली मा जान सकिने<br>यदी प्रति हे. २०० भन्दा बढी रुख भएमा एक चोटि थिनिङ्ग गरी प्रति हे. १०० देखि १५० रुख संख्या कायम गर्ने र दोस्रो कटानमा छनौट प्रणालीमा जाने<br>उत्पादन नियमन विधिः रुख संख्याको आधारमा खोटे सल्लाको लागि ४५ वर्षको उमेरसम्ममा तलबाट पत्ल्याउने विधि (Low thinning) बमोजिम १५० देखि २०० सम्म रुख कायम गरी बाँकी रुखहरु कटान गर्न सकिने । पाटे सल्लाको लागि २५ वर्षको उमेरसम्ममा तलबाट पत्ल्याउने विधि (Low thinning) बमोजिम १५० देखि २०० सम्म रुख कायम गरी बाँकि रुखहरु कटान गर्न सकिने ।यस पश्चात् कटान चक्र सहितको छनौट प्रणाली वा Irregular shelterwood system अपनाई व्यवस्थापन गर्ने । | |
| | | | | | | वन सम्वर्द्धन प्रणालीः Irregular shelterwood system | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | विरुवा : ५००० भन्दा थोरै लाथ्रा : २००० भन्दा थोरै | | | बाली चक्रः खोटे सल्ला र गोब्रे सल्लाको लागि ६० वर्ष र पाटे सल्लाको प्राकृतिक वनको लागि ३०-३५ वर्ष | |
| | | | | | | पुनरोत्पादन अवधिः ५ देखि १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक तर पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा वृक्षारोपण गर्ने | |
| | | | | | | यदी प्रति हे. २०० भन्दा कम रुख छन् भने सिधै Irregular shelterwood system मा जाने | |
| | | | | | | यदी प्रति हे. २०० भन्दा बढी रुख भएमा एक चोटि पत्ल्याउने कार्य (Thinning) गरि प्रति हे.१००-१५० रुख संख्या कायम गर्ने र दोस्रो चरणमा Irregular shelterwood system मा जाने | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफल र रुख संख्याको आधारमा | |
| | | | | | | ४५ डिग्रीभन्दा वढी भिरालोपनको अवस्थामा भूक्षयका दृष्टिकोणले संवेदनशिल हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने र ढलापडा, सुखड खडा, टुप्पा भाच्चिएका तथा रोग लागेका र भूसंरक्षणका दृष्टिले समस्याग्रस्त वुढा रुखहरु मात्र हटाउने । | |
| | | | | | | २५ वर्ष भन्दा कम उमेरको वृक्षारोपणमा वाली चक्र खोटे सल्लाको लागि ६० वर्ष र पाटे सल्लाको ३५ वर्षले ७५ प्रतिशत उमेरसम्म खोटे तथा पाटे सल्ला पत्ल्याउने दिग्दर्शन, २०६४ अनुसार पत्ल्याउने कार्य गर्दै जाने र तत् पश्चात् Irregular shelterwood/group selection अपनाई व्यवस्थापन गर्दै जाने | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १०. | सल्ला र चौडापातेको मिश्रित वन | खोटे सल्ला, गोब्रे सल्ला, पाटे सल्ला, चिलाउने, कटुस | | काठ, दाउरा र भूसंरक्षण | भविष्यमा चाहिने वनको किसिम अनुसार वार्षिक वृद्धि दर कयम गर्ने | वन सम्वर्द्धन प्रणालीः Irregular shelterwood system/selection system with felling cycles<br>बाली चक्रः खोटे सल्ला वृक्षरोपणको लागि ६० वर्ष र पाटे सल्ला र अन्य सल्लाको लागि ३० देखि ३५ वर्ष<br>पुनरोत्पादन अवधिः १० वर्ष<br>पुनरोत्पादन विधिः प्राकृतिक तर प्राकृतिक पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा वृक्षारोपण गर्ने<br>उत्पादन नियमन विधिः क्षेत्रफल र रुख संख्याको आधारमा कायम गर्ने<br>४५ डिग्रीभन्दा वढी भिरालोपना भएको अवस्थामा भूक्षयका दृष्टिकोणले संवेदनशिल हुने भएकोले संरक्षणालाई प्रथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने र ढलापडा, सुखड खडा र भूक्षयको दृष्टिकोणले जोखिम बढाउने बूढा रुखहरु हटाउन सकिने | |
| ११ | पहाडी चौडापाते मिश्रित वन | चिलाउने, कटुस, उतिस, काफल, गुराँस इत्यादि | | काठ, दाउरा र भूसंरक्षण | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी (Conservation | वन सम्वर्द्धन प्रणालीः रुख सहितको मुना प्रणाली (Coppice with standard System)<br>मुनाको बाली चक्रः १० देखि ३० वर्ष<br>पुनरोत्पादन अवधिः १० वर्ष<br>पुनरोत्पादन विधिः प्राकृतिक (मुना र बीउ) | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | Orieted) वन व्यवस्थापन | उत्पादन नियमन विधिः क्षेत्रफल र आयतनको आधारमा (रुख संख्या) निर्धारण गर्ने | |
| | पहाडी चौडापाते झाडीदार मिश्रित वन | | | घाँस, दाउरा, सोत्तर स्याउला आदी | | वन सम्वर्द्धन प्रणालीः (Coppice selection system / reserve) | |
| | | | | | | कटान चक्रः १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक (मुना र बीउ) | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफल र आयतनको आधारमा (रुख संख्या) निर्धारण गरिने । | |
| १२ | शितोष्ण चौडापाते मिश्रित वन | कटुस, खस्रु, बाँझ, फलाट, गुराँस र ओखर इत्यादि | | काठ, दाउरा र भूसंरक्षण | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई (Production Oriented) वन व्यवस्थापन | वन सम्वर्द्धन प्रणालीः Selection system अन्तर्गतको Felling area based on felling cycle र Group selection system | |
| | | | | | | कटान चक्र : १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक (बीउ) | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफल र आयतनको आधारमा (रुख संख्या) निर्धारण गरिनेछ । मौज्दात २०० घन मिटर प्रतिहेक्टरभन्दा माथि छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने र मौज्दात २०० घन मिटर प्रतिहेक्टर भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| | | | | घाँस, दाउरा, सोत्तर स्याउला आदी | | वन सम्वर्द्धन प्रणालीः Coppice with standard system | |
| | | | | | | कटान चक्र : ५ - १० वर्ष | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक (बीउ र मुना) | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफलको आधारमा बायोमास निर्धारण गर्ने । | |
| १३ | शितोष्ण कोणधारी वन (Temperate Conifer Forest) | गोब्रे सल्ला, धुपी सल्ला, घोगे सल्ला, स्प्रुस , जुनिपर धुपी र ठिङ्ग्रे सल्ला इत्यादि | | काठ, दाउरा र भूसंरक्षण | भूक्षयलाई न्यूनीकरण गरी काठ उत्पादन (Timber Production) | वन सम्वर्द्धन प्रणालीः Uniform sheltrewood system/selection system अन्तर्गतको Felling area based on felling cycle वा group selection system | |
| | | | | | | पुनरोत्पादन अवधिः १५ देखि २० वर्ष | |
| | | | | | | वाली चक्रः १२० देखि १५० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक (बीउ) | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफल र आयतनको आधारमा रुख संख्या निर्धारण, मौज्दात २०० घन मिटर प्रतिहेक्टर भन्दा माथि छ भने जम्मा मौज्दातको २ प्रतिशत कटान गर्ने, मौज्दात १५० देखि २०० घन मिटर प्रतिहेक्टर सम्म छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने र मौज्दात १५० घन मिटर सम्म प्रतिहेक्टर भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| | | | | | | ४५ डिग्रीभन्दा माथिको भिरालो अवस्थामा भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने र ढलापडा, सुखड खडा र भूसंरक्षणका दृष्टिकोणले समस्याग्रस्त बूढा रुखहरु मात्र हटाउने | |
| १४ | | | | | | प्रतिस्थापन गर्नुपर्ने प्रजातिः चौडापाते प्रजाति | |

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | सल्ला वृक्षारोपण वनलाई चौडापाते वनमा रुपान्तरित वन (Plantation pine forest to Broadleaved Conversion) | हटाउनु पर्ने मुख्य प्रजातिः खोटे सल्ला, पात्ले सल्ला र गोब्रे सल्ला | स्थापित गर्नु पर्ने प्रजातिः चौडापाते वन प्रजाति | काठ, दाउरा, स्याउला, सोत्तर र भूसंरक्षण | बहुउपयोगी वन व्यवस्थापन | पुनरोत्पादन विधिः प्राकृतिक (मुना र बीउ) र कृत्रिम दुबै<br>पुनरोत्पादन अवधिः १० वर्ष<br>उत्पादन नियमन विधिः क्षेत्रफल र आयतनको आधारमा (रुख संख्या) निर्धारण गरिन्छ, चौडापातेको Advance growth को गुणस्तर कायम गरि वृक्षारोपण गर्दै जाने र कोणधारी प्रजातिलाई घटाउदै लाने<br>यदि सल्लाको रुख संख्या प्रति हेक्टर २०० भन्दा बढी छ भने ५ देखि १० वर्षमा १५० देखि २०० वटामा झार्ने र दोस्रो चरणको ५ देखि १० वर्षमा प्रति हेक्टर ५० वटामा झार्ने<br>न्यूनतम ७५ प्रतिशत चौडापाते र २५ प्रतिशत सल्लाको मिश्रित वन कायम गर्ने, चौडापातेको Advance growth को गुणस्तर कायम गरी वृक्षारोपण गर्दै जाने र सल्ला प्रजातिलाई घटाउदै जाने<br>उत्पादन नियमन : क्षेत्रफलको आधारमा रुख संख्या निर्धारण गर्ने | |

**नोटः १) पुनरोत्पादनको अवस्था निर्धारण गर्दा मुख्य प्रजातिहरुको स्वस्थ विरुवा र लाथ्राको प्रति हेक्टर तथ्याङ्क मात्र समावेश गर्नु पर्नेछ ।**

**२) Shelter wood system मा Advance growth मध्ये स्वस्थ रुख (Phenotypically superior trees) राखी ढलापडा, सुकेका, मरेका र बाङ्गाटिङ्गा रुखहरु कटान गरिनेछ ।**

# अनुसूची - ८

## (दफा १३ को उपदफा (५) संग सम्बन्धित)

## वन सम्वर्द्धन प्रणाली अनुसार वन सम्वर्धनका क्रियाकलापहरु

छनौट गरिएको वन सम्वर्धन प्रणालीको आधारमा वनको विभिन्न Sub-compartment/annual coupe/annual felling area मा रहेको वनको अवस्था (उमेर, मोटाई, पुनरोत्पादन) अनुसार उपयुक्त वन सम्वर्धन कार्यहरु पहिचान गरी सिफारिस गर्नु पर्दछ ।

### १. सरपट कटान प्रणाली (Clear-felling System)

बाली चक्र १० वर्षको राख्दा वनलाई निम्नानुसारको वार्षिक कटान क्षेत्रमा विभाजन गरी प्रत्येक कटान क्षेत्रको लागि उपयुक्त वन सम्वर्द्धन कार्य क्रियाकलाप तोक्नु पर्दछ । उदाहरणका लागि निम्नानुसार चित्र र तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र १ :सरपट कटान प्रणालीमा बार्षिक कटान क्षेत्र र वन सम्वर्द्धनका कृयाकलापहरु**

| | | | | |
|---|---|---|---|---|
| १ बर्ष(A10) | २ बर्ष (A9) | ३ बर्ष (A8) | ४ बर्ष (A7)<br>पहिलो थिनिङ | ५ बर्ष (A6) |
| १० बर्ष (A1)<br>कटान | ९ बर्ष (A2) | ८ बर्ष (A3) | ७ बर्ष (A4)<br>अन्तिम थिनिङ | ६ बर्ष (A5) |

A= Annual coupe

वन व्यवस्थापन कार्ययोजनाको अवधि १० (दश) वर्षको भएमा सरपट कटान प्रणालीमा वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्यतालिका निम्नानुसारको बनाउनु पर्दछ ।

**तालिका १: सरपट कटान प्रणालीमा वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्य तालिका**

| वर्ष | कार्यान्वयन गरिने वन सम्वर्द्धनका कृयाकलाप |
|---|---|
| पहिलो | • बार्षिक कटान क्षेत्र १ (A1) मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने ।<br>• A4 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A7 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A9 र A10 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने। |
| दोस्रो | • A2 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने ।<br>• A5 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A8 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A1 र A10 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| | • A3 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने । |

| वर्ष | कार्यान्वयन गरिने वन सम्वर्द्धनका कृयाकलाप |
|---|---|
| तेस्रो | • A6 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A9 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A1 र A2 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| चौथो | • A4 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने ।<br>• A7 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A10 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A2 र A3 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| पाँचौं | • A5 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने ।<br>• A8 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A1 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A3 र A4 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| छैठौं | • A6 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने ।<br>• A9 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A2 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A4 र A5 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| सातौं | • A7 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने ।<br>• A10 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A3 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A5 र A6 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| आठौं | • A8 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने ।<br>• A1 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A4 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A6 र A7 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| नवौं | • A9 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने ।<br>• A2 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A5 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A7 र A8 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| दशौं | • A10 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने ।<br>• A3 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A6 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A8 र A9 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |

## २. छत्र प्रणाली (Shelterwood System)

बाली चक्र ८० (असी) वर्ष र पुनरोत्पादन अवधि १० (दश) वर्ष राख्दा वनलाई निम्नानुसारको आवधिक खण्डमा विभाजन गरी प्रत्येक आवधिक खण्डको लागि उपयुक्त क्रियाकलाप तोक्नु पर्दछ । उदाहरणका लागि निम्नानुसार चित्र र तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र २: छत्र प्रणालीमा आवधिक खण्ड र वन सम्वर्द्धन कृयाकलाप**

| | |
|---|---|
| B1C1S1 | B1C1S5 |
| B1C1S2 | B1C1S6 |
| B1C1S3 | B1C1S7 |
| B1C1S4 | B1C1S8 |

B= Block, C= Compartment, S= Sub-compartment, RF= Regeneration felling, PF= Prepatory felling, T= Thinning, I= Improvement felling

यसरी हरेक आवधिक खण्डमा गरिने वन सम्वर्द्धनका कृयाकलापहरु तोकिसकेपछि ती कृयाकलापहरु वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको कुन वर्ष सम्पादन गरिने हो सो खोली वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्यतालिका वन व्यवस्थापन योजनामा समावेश गर्नु पर्दछ ।वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्य तालिकाको नमूना निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका २: छत्र प्रणालीमा वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्य तालिका(एक कटान श्रृङ्खलाको लागि)**


| **वर्ष** | **कार्यान्वयन गरिने वन सम्वर्द्धनका कृयाकलाप** |
|---|---|
| पहिलो | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(रुख कटान भएको स्थानमा) |
| दोस्रो | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(हाल सम्म रुख कटान भएको स्थानमा), पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S2 मा |
| तेस्रो | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(हाल सम्म रुख कटान भएको स्थानमा), पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S3 मा |
| चौथो | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पुनरोत्पादन तयारी कटान (PF) B1C1S5 मा |
| पाँचौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S4 मा |

| | |
|---|---|
| छैठौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S6 मा |
| सातौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S7 मा |
| आठौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S8 मा |
| नवौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा) |
| दशौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा) |

## ३. छनौट प्रणाली (Selection system)

कटान चक्र १० (दश) वर्षको राख्दा वनलाई निम्नानुसार कटान क्षेत्रमा विभाजन गरी प्रत्येक कटान क्षेत्रको लागि उपयुक्त वन सम्वर्द्धन कार्य क्रियाकलाप तोक्नु पर्दछ । उदाहरणका लागि निम्नानुसार चित्र र तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र ३ : छनौट प्रणालीमा कटान क्षेत्र र वन सम्वर्द्धनका कृयाकलापहरु**




यसमा a = वार्षिक कटान क्षेत्र,n =वार्षिक कटान गरिने रुख संख्या र v =वार्षिक कटान गरिने आयतन

यसरी वनलाई कटान क्षेत्रमा बाँडिसकेपछि कुन कटान क्षेत्रमा के काम कुन वर्षमा सम्पादन गर्ने हो सो तोकी कार्ययोजना बनाउनु पर्दछ (चित्र २ र तालिका २) ।

**तालिका ३ : छनौट प्रणालीमा वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्यतालिका**

| वर्ष | कार्यान्वयन गरिने वन सम्वर्द्धनका कृयाकलाप |
|---|---|
| पहिलो | कटान क्षेत्र १ मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र १ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |

| वर्ष | कार्यान्वयन गरिने वन सम्वर्द्धनका कृयाकलाप |
|---|---|
| दोस्रो | कटान क्षेत्र २ मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान र कटान क्षेत्र १ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र २ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |
| तेस्रो | कटान क्षेत्र ३ मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान र कटान क्षेत्र १ र कटान क्षेत्र २ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ३ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |
| चौथो | कटान क्षेत्र ४ मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र २ र कटान क्षेत्र ३ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ४ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |
| पाँचौं | कटान क्षेत्र ५ मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ३ र कटान क्षेत्र ४ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ५ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |
| छैठौं | कटान क्षेत्र ६ मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ४ र कटान क्षेत्र ५ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ६ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |
| सातौं | कटान क्षेत्र ७ मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ५ र कटान क्षेत्र ६ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ७ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |
| आठौं | कटान क्षेत्र ८ मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ६ र कटान क्षेत्र ७ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ८ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |
| नवौं | कटान क्षेत्र ९ मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ७ र कटान क्षेत्र ८ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ९ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |
| दशौं | कटान क्षेत्र १० मा ........ हेक्टरमा (वा .... घनफीट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ८ र कटान क्षेत्र ९ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र १० को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने । |

## अनुसूची - ९
## (दफा १३ को उपदफा (६) संग सम्बन्धित)
### वन परिपालन सम्वन्धी क्रियाकलाप

वन परिपालन कार्यमा गोडमेल (Weeding), झाडी सफाई (Cleaning), एक्ल्याउने (Singling), हाँगा काँटछाट (Pruning) र पत्ल्याउने (Thinning) कार्यहरु पर्दछ । यीमध्ये झाडी सफाई र पत्ल्याउने कार्य मुख्य हुन् ।

**झाडी सफाई** (Cleaning)

पुनरोत्पादन कटान क्षेत्र वा अन्य वन खण्डमा पुनरोत्पादन अभिवृद्धि गर्न घाँस, झाडीबुट्यान, लहरा आदि काट्ने, उखेल्ने कार्यलाई झाडी सफाई (Cleaning) भनिन्छ । यस कार्यमा काटिएका घाँस, झाडी, बुट्यान, लहरालाई प्लट बाहिर अग्निरेखा वा नजिकको खोला खोल्सीमा विसर्जन गर्ने वा जैविक कोईला बनाउने कार्य गर्नु पर्दछ। यो कार्य झाडी बुट्यानको चाप र पुनरोत्पादनको अवस्था हेरी पहिलो र दोस्रो वर्ष वर्षा यामको शुरु (जेठ/असार) मा एक पटक र वर्षा यामको अन्त (भाद्र/आश्विन) मा गरी वर्षको २ (दुई) पटक गर्दा पुनरोत्पादनको वृद्धि राम्रो हुन्छ । तेस्रो र चौथो वर्षमा भाद्र/आश्विनमा एकपटक गर्नु पर्दछ ।

**पत्ल्याउने** (Thinning)

पत्ल्याउने कार्य मुख्यतः बढ्दो उमेरका रुखहरु (लाथ्रा, बल्लाबल्ली र अपरिपक्क रुखहरु) रहेको स्थानमा गरिन्छ । उमेर पुगेका बूढा भई सकेका र नबढ्ने रुखहरु भएको स्थानमा पत्ल्याउने कार्य गर्नुको कुनै औचित्य हुँदैन। पत्ल्याउने कार्य पश्चात् वन खण्डमा बाँकी रहेका रुखहरुको मोटाई बृद्धिमा तिव्रता आउँछ। पत्ल्याउने कार्य निश्चित वर्षको अन्तरालमा गर्नु पर्दछ। योजना बमोजिम तोकिएको अन्तरालमा तोकिएको समयमा पत्ल्याउने कार्य सम्पादन गर्न नसकिएमा अपेक्षाकृत रुपमा रुखको गोलाई वृद्धि हुँदैन । एक पत्ल्याउने कार्यदेखि अर्को पत्ल्याउने कार्यबीचको समय अवधिलाई पत्ल्याउने चक्र (Thinning cycle) भनिन्छ। तसर्थ उचित पत्ल्याउने चक्र कायम गरी नियमित रुपमा पत्ल्याउने कार्य गर्नु पर्दछ। औसत व्यास (DBH) वा इच्छाइएको व्यासको आधारमा उपयुक्त दुरी कायम हुने गरी राखिने रुखको संख्या कायम गर्न सकिन्छ अथवा शुरुको पत्ल्याउने कार्य (Initial thinning) गर्दा कायम गरिने संख्या र अन्तिम पत्ल्याउने कार्य (Final thinning) पश्चात् कायम गरिने संख्याको आधारमा चरणबद्ध रुपमा कायम गर्नु पर्ने दुरी हिसाव गरेर सो दुरी कायम गरी पत्ल्याउने कार्य गर्न सकिन्छ। पत्ल्याउने चक्र निर्धारण गर्न सहजीकरण गर्ने उद्देश्यले बाली चक्रको आधारमा पत्ल्याउने चक्र निम्न तालिकामा प्रस्तुत गरिएको छ । वन व्यवस्थापन कार्ययोजना बनाउँदा यसलाई आधार लिई आवश्यकता अनुसार वा सान्दर्भिकतालाई समेत ध्यान दिई उपयुक्त पत्ल्याउने चक्र कायम गर्न सकिन्छ ।

**बाली चक्रको आधारमा पत्ल्याउने चक्र र पत्ल्याउने संख्या देखाईएको तालिका**

| **क्र.स.** | **बाली चक्र** | **पत्ल्याउने चक्र** (Thinning cycle in years) | पत्ल्याउने संख्या (Number of thinnings) |
|---|---|---|---|
| १ | १० वर्ष सम्म | २ देखि ३ वर्षको अन्तरालमा | २ |
| २ | १० देखि २० वर्ष | ४ देखि ५ वर्षको अन्तरालमा | ३ |
| ३ | २० देखि ४० वर्ष | ५ देखि ६ वर्षको अन्तरालमा | ४ |
| ४ | ४० देखि ६० वर्ष | ६ देखि ८ वर्षको अन्तरालमा | ५ |
| ५ | ६० वर्ष भन्दा बढी | १० वर्षको अन्तरालमा | ५ |

नोटः अन्तिम थिनिङ्ग बाली चक्रको दुई तिहाइ उमेर भन्दा पछाडि गर्नु हुँदैन ।

## अनुसूची - १०

## (दफा १४ संग सम्बन्धित)

### वन सम्वर्धनसंग सम्वन्धित अन्य क्रियाकलापहरु

वन व्यवस्थापनका कृयाकलापका अतिरिक्त वन व्यवस्थापनको लागि गर्न पर्ने अन्य वन व्यवस्थापनका कृयाकलापहरु तालिका ४ मा प्रस्तुत गरिएको छ । वन व्यवस्थापन क्षेत्रको अवस्था र वस्तुस्थिति अनुसार तालिका ४ मा प्रस्तुत गरिएका बिषयवस्तुहरु वन व्यवस्थापन कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्नु पर्दछ ।

**तालिका नं ४ अन्य वन व्यवस्थापनका कृयाकलापहरु**

| क्र.स. | अन्य वन व्यवस्थापनका कृयाकलापहरु |
|---|---|
| १ | वनक्षेत्रको खाली जग्गा व्यवस्थापन |
| २ | खोला खहरे तथा पानी निकास व्यवस्थापन |
| ३ | अग्नी रेखा निर्माण, मर्मत संभार, स्तर उन्नति र सुचारु गर्ने कार्य |
| ४ | पानी मुहान,सिमसार तथा पानीका स्रोत व्यवस्थापन |
| ५ | कोरिडोर तथा कनेक्टीभिटी |
| ६ | मानव वन्यजन्तु सह-अस्तित्व विकास |
| ७ | **वन संरक्षण**<br>क) वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन<br>ख) वन डढेलो नियन्त्रण<br>ग) चोरीकटानी तथा चोरी शिकारी नियन्त्रण<br>घ) नदीजन्य पदार्थ तथा वनक्षेत्रको माटो उत्खनन् नियन्त्रण |
| ८ | घाटगद्दी व्यवस्थापन |
| ९ | पर्यापर्यटन कार्यक्रम |
| १० | तथ्याङ्क व्यवस्थापन |
| ११ | मिचाहा प्रजाती व्यवस्थापन |
| १२ | ग्रिन वेल्टको निर्माण |

यसरी वन सम्वर्द्धनका कृयाकलापहरु तथा अन्य वन व्यवस्थापनका कृयाकलापहरु उचित रुपमा कार्यान्वयन गरेमा मात्र वन व्यवस्थापन हुन्छ । यसको लागि कार्य तालिका बनाएर काम गर्नु पर्दछ ।

## अनुसूची - ११

### (दफा १६ को उपदफा (२) संग सम्बन्धित)

### बाली चक्र (Crop rotation) निर्धारण

विरुवा रोपे वा उम्रेदेखि परिपक्व भई उपयोग गर्न लायक हुँदासम्मको अवधिलाई बाली चक्र भनिन्छ । बाली चक्रलाई वर्षमा उल्लेख गरिन्छ र यो रुख कटान गरिने उमेर हो ।रुख विरुवाको वृद्धि बिकासमा स्थानिय हावापानी, माटोको उर्वराशक्ति (Site quality) अनुसार फरक हुन्छ । त्यसैले समान उमेरको रुखको बृद्धि सबै ठाँउमा एकनासको हुँदैन । वन व्यवस्थापनको उदेश्य र (Site quality) को आधारमा बाली चक्रको निर्धारण गरिन्छ । वन व्यवस्थापनको सन्दर्भमा बाली चक्र एक महत्वपूर्ण अवधारणा हो । बाली चक्रले कम्पार्टमेण्टको संख्या र वार्षिक कटान क्षेत्रको क्षेत्रफल निर्धारण गर्दछ । नेपालको वनको लागि निम्नानुसारको बाली चक्र अवलम्बन गर्न सकिन्छः

| क.स. | वनको प्रकार | बाली चक्र (वर्ष) |
|---|---|---|
| १ | तराई साल/तराई साल मिश्रित वन | ८०-१०० |
| २ | पहाडी साल वन | १००-१२० |
| ३ | खयर-सिसौ वन | ४०-६० |
| ४ | खोटे सल्लाको वन | ४०-६० |
| ५ | कटुस चिलाउनेको वन | ४०-६० |
| ६ | उत्तिसको वन | २०-४० |
| ७ | गोब्रे सल्लाको वन | १००-१४० |
| ८ | देवदारको वन | १२०-१६० |
| ९ | खर्सुको वन | १२०-१४० |
| १० | वृक्षारोपण गरी हुर्काइने छिटो बढने प्रजातिको वन | १०-२० |
| ११ | टिक वन | ४०-६० |
| १२ | पाटुले सल्ला | ४०-६० |

J.K. Jackson, 1990: Manual of afforestation Vol. 2, Ram Prakash 1986: Forest management को आधारमा र नेपालमा वन व्यवस्थापनको अभ्यासको आधारमा तयार गरिएको ।

## अनुसूची - १२

### (दफा १७ को उपदफा (२) खण्ड (क) संग सम्बन्धित)

**छत्र प्रणालीमा उत्पादन नियमन** (Yield regulation under shelterwood system)

**१. क्षेत्रफल र रुख संख्याको आधारमा कटान परिमाण निर्धारण गर्ने तरिका**

छत्र प्रणालीमा पुनरोत्पादन अवधिभर रुख कटान गर्ने क्षेत्र तोकिएको हुन्छ ।जस्तो कि पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा मात्र कटान (Harvesting) गरिन्छ । हरेक आवधिक खण्डको क्षेत्रफल पहिलेनै निर्धारित हुन्छ तसर्थ एक तहको उत्पादन नियमन क्षेत्रफलबाट नै भयो। किनभने पुनरोत्पादन अवधिभर पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा बाहेक अन्यत्र रुख कटान (Harvesting) गरिँदैन। पुनरोत्पादन अवधिमा पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा रहेका माऊ रुख र ४० से.मी. भन्दा साना व्यासका स्वस्थ रुख विरुवाहरुबाहेक अन्य सबै रुखहरु कटान गरिन्छ। तसर्थ हरेक वर्ष कटान गर्ने रुख संख्या निम्नानुसार निर्धारण गर्न सकिन्छ ।

पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा रहेका रुखहरुको संख्या ४० से.मी. वा सो भन्दा बढी व्यासका पत्ता लगाउने । रुख नक्साङ्कनबाट यो पत्ता लाग्छ । यस्तै कायम राख्नु पर्ने माऊ रुख पहिचान गरी संख्या पत्ता लगाउने । यो पनि रुख नक्साङ्कनबाट गर्न सकिन्छ । जम्मा रुख संख्या बाट माऊ रुखको संख्या घटाउदा जम्मा कटान गर्न उपलब्ध रुख सङ्ख्या आउँछ । कटान गर्न उपलब्ध रुख संख्यालाई पुनरोत्पादन अवधिले भाग गरेमा बार्षिक रुपमा कटान गर्ने रुख संख्या आउँछ ।

**उदाहरणको लागि,**

पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा रहेका जम्मा रुख सख्या (Nt) = ५००० गोटा

कायम गर्नु पर्ने माऊ रुख संख्या (पुरै आवधिक खण्डको पुरै भागमा) Mt = १००० गोटा

कटान गर्न उपलब्ध रुख संख्या (Ft) = Nt-Mt = ५००० – १००० = ४००० गोटा

पुनरोत्पादन अवधि (Rp) = १० वर्ष

हरेक वर्ष कटान गर्ने रुख संख्या =Ft/Rp = ४०००/१० = ४०० गोटा

यसरी हरेक वर्ष पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा बूढारुखको बाहुल्यता भएको, पुनरोत्पादन कम भएको र अर्को वर्ष रुख कटान गर्दा यस अघि कटान भएको स्थानबाट वनपैदावार ढुवानी गर्दा नोक्सान नहुने गरी ४०० वटा रुख कटान गरिन्छ। यी ४०० रुखबाट प्राप्त हुने परिमाण नै बार्षिक उत्पादन हो ।

Indian irregular shelterwood system मा तोकिएका संख्याका रुखहरु पुनरोत्पादन कटान गर्ने आवधिक खण्डको सबै भन्दा बढी बूढा रुखहरु भएको र पुनरोत्पादन कमसल भएको स्थानबाट कटान गरिन्छ । यसरी कटान गर्दा ४० से.मी. भन्दा कम व्यास भएका स्वस्थ रुख विरुवाहरु कटान नगरी भविष्यको बालिको रुपमा कायम राखिन्छ । कटान

गरिएको स्थानमा तोकिएको संख्याका माऊ रुखहरु राखिन्छ । कटान गर्ने रुखसंख्या निर्धारण गर्दा नै माऊ रुखको संख्या घटाएर हिसाव गरिने र माऊ रुख र कटान गर्ने रुख पहिले नै पहिचान गरी योजनामा राखिने भएको हुँदा तोकिएको संख्याका रुखहरु काट्दा माऊ रुख बाँकी नै रहन्छन माऊ रुख सजिलै देखियोस् भनेर कटान गर्नुभन्दा पहिलेनै कायम राखिने माऊ रुखमा छातिको उचाईमा ४ इन्च फराकिलो रिङ्ग पेन्टिङ गरिन्छ । अर्को वर्ष कटान गर्दा पुनः पुनरोत्पादन कटान गरिने आवधिक खण्डको पूरै भागमा जाँच गरिन्छ र सबैभन्दा धेरै बूढा रुखहरु भएको स्थानमा एकै ठाँउबाट तोकिएको संख्याका रुखहरु कटान गरिन्छ। एवंरितले पुनरोत्पादन अवधिभरी कटान गर्दै गइन्छ । ठूला वा बूढा रुखहरु भएको स्थान र पुनरोत्पादन कमसल भएको स्थानमा पहिले रुख काट्दा सानारुखहरु बढ्ने मौका पाउँछन भने पुनरोत्पादन नभएको ठाँउबाट शुरु गर्दा पुनरोत्पादन गराउने समय पनि धेरै उपलब्ध हुन्छ । पुनरोत्पादन अवधिको अन्ततिर विरुवा भएको स्थान मात्र बाँकी रहने हुँदा पुनरोत्पादन अवधि भित्र पुनरोत्पादन स्थापना गर्न सकिन्छ ।

### २. क्षेत्रफल र आयतनको आधारमाः By area and volume control

यस अघि व्याख्या गरिए बमोजिम आवधिक खण्डहरु निर्धारण भइसकेपछि पुनरोत्पादन कटान हुने आवधिक खण्डमा सबै रुखहरु मापन गरी जम्मा आयतन पता लगाइन्छ। यसरी आयतन हिसाब गर्दा ४० से.मी भन्दा बढी व्यास भएका रुखहरुलाई मात्र हिसाब गरिन्छ। यस क्रममा कायम राख्नुपर्ने माऊ रुखबाहेकका रुखहरुलाई मात्र हिसाब गरिन्छ। यसरी जम्मा आयतन हिसाब गरेपछि त्यसलाई पुनरोत्पादन अवधिले भाग गर्दा आउने परिमाण हरेक बर्ष कटान गरिन्छ। कटान गर्ने तरिका यस अघि उल्लेख गरे जस्तै हुन्छ।

**उदाहरणको लागि**,

वनको कुल उत्पादनशील क्षेत्रफल= ४०० हेक्टर

आवधिक खण्ड संख्याः ८

आवधिक खण्डको क्षेत्रफल = ४००/८ = ५० हेक्टर

पुनरोत्पादन अवधि = १० बर्ष

औषत वार्षिक कटानको क्षेत्रफल = ५ हेक्टर

पुनरोत्पादन कटान गरिने आवधिक खण्डको जम्मा आयतन =५०००० क्यु.फि. (वनस्रोत सर्वेक्षणबाट यकीन गर्ने)

वार्षिक कटान परिमाण = ५००००/१० = ५००० क्यु.फि.

कुनैपनि वर्ष पुनरोत्पादन कटान ५००० क्यु.फि. भन्दा बढी गर्न सकिने छैन ।

## अनुसूची - १३

### (दफा १७ को उपदफा (२) खण्ड (ख) संग सम्बन्धित)

### बीउ रुख प्रणाली/युनिफर्म छत्र प्रणाली (Seed tree method/Uniform shelterwood system) उत्पादन परिमाण नियमन

युनिफर्म छत्र प्रणालीमा पुनरोत्पादन कटान गर्ने आवधिक खण्डको कुनै एक भागबाट कटान शुरु गरिन्छ र त्यस पछिका वर्षहरुमा मेसैसंग कटान गर्दै गईन्छ । यस प्रणालीमा एडभान्स ग्रोथ (Advance growth) कायम राखिदैन । यस प्रणालीमा बाली चक्र र पुनरोत्पादन अवधिको आधारमा वन खण्ड/कम्पार्टमेण्टलाई विभिन्न पेरियोडिक (Periodic block/sub-compartment) ब्लक/सब कम्पार्टमेण्टहरुमा विभाजन गरिन्छ । वनको अवस्था अनुसार एउटा सब कम्पार्टमेण्टमा पुनरोत्पादन कटान, तयारी कटान, अन्यमा पत्ल्याउने तथा सुधार कटान गरिन्छ ।

ईरेगुलर सेल्टरउड प्रणाली जस्तै यस प्रणालीमा पनि कटान गरिने परिमाण दुई किसिमले निर्धारण गर्न सकिन्छः

१) क्षेत्रफल र रुख संख्याको आधारमा (By area and number of stems)

२) क्षेत्रफल र आयतनको आधारमा (By area and volume)

पुनरोत्पादन कटानमा कटान गरिने रुखहरुको संख्या/आयतन निर्धारण गर्दा राखिने माऊ/छहारी रुखको संख्याबाहेक बाँकी रुखहरुलाई कटान गरिने रुखहरुको रुपमा हिसाब गर्नुपर्छ ।

## अनुसूची - १४

## (दफा १७ को उपदफा (२) खण्ड (ग) संग सम्बन्धित)

## छनौट प्रणालीमा उत्पादन नियमन

**१. क्षेत्रफलको आधारमा उत्पादन नियमन** (Yield regulated by area control): क्षेत्रफलको आधारमा कटान गर्ने परिमाण निम्नानुसार निर्धारण गर्न सकिन्छ । वनक्षेत्रलाई कटान चक्र वर्षले भाग गरी हरेक वर्ष कटान गर्ने क्षेत्रफल निकालिन्छ । कटान क्षेत्रको सङ्ख्या कटान चक्र वर्ष बराबर हुन्छ । हरेक वर्ष एक/एक वटा कटान क्षेत्रमा सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकीरा लागेका, र नबढ्ने रुखहरु र कटान योग्य (Exploitable diameter) भन्दा बढी मोटाइ भएका रुखहरु हटाउन सकिनेछ। पहिलो चक्र सबै क्षेत्रमा कटान कार्य सम्पन्न पश्चात् पुनः दोस्रो चक्र शुरु हुन्छ एवम्रितले चक्रहरु पूरा हुँदै जान्छ ।

वनको क्षेत्रफल (Area of forest): A (Only area allocated in felling series)

कटान चक्रवर्ष (Felling cycle years): C

कटान क्षेत्र संख्या (Number of felling areas) : N= A/C

कटान क्षेत्रको संख्या (N) = C

एक वटा कटान क्षेत्रको क्षेत्रफल (a) = A/N or A/C हेक्टर

**उदाहरणका लागि,**

वनको क्षेत्रफल (A): १०० हेक्टर

कटान चक्र (C): १० वर्ष

हरेक वर्ष कटान गर्ने क्षेत्रफल (Area harvested each year-ah) (a) = A/N = १००/१० = १० ha

यसरी क्षेत्रफलको आधारमा कटान परिमाण निर्धारण गर्ने विधिमा यस उदाहरण अनुसार १०(दश) हेक्टर क्षेत्रफलमा रहेका रुखहरुमध्ये एक पटकमा २० (वीस) प्रतिशतमा नबढ्ने गरी undesirable species का रुखहरुका साथै सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकीरा लागेका र नबढ्ने रुखहरु र कटान योग्य (Exploitable diameter) भन्दा बढी मोटाइ भएका रुखहरु हटाउन सकिनेछ।१० (दश) वर्षपछि मात्र उक्त कटान क्षेत्रमा पुनः कटान गरिनेछ ।

**२. आयतनको आधारमा उत्पादन नियमन** (Yield regulation by volume):

वन क्षेत्रलाइ कटान चक्र वर्षले भाग गरी हरेक वर्ष कटान गर्ने क्षेत्रफल निकालिन्छ।हरेक कटान क्षेत्रको वन स्रोत सर्वेक्षण गरी मौज्दात आयतन निकाल्नु पर्दछ । मौज्दात आयतन जति सही किसिमले निकाल्न सक्यो त्यतिनै सही किसिमले कटान गर्ने परिमाण निक्लन्छ। यसको लागि स्याम्प्लिङ इन्टेन्सिटी बढाउँदा सही परिमाण निस्किन्छ। कटान क्षेत्रको जम्मा मौज्दात कायम गर्दा ४० से.मि. वा सो भन्दा बढी व्यासका रुखहरुको मात्र गर्नु पर्दछ । मौज्दात आयतनबाट कटान गर्न निर्धारित प्रतिशतका दरले कटान चक्र वर्षलाई गुणन गरी उक्त कटान क्षेत्रको लागि कटान गर्ने परिमाण निकाल्न सकिन्छ । उदाहरणका लागि मौज्दातको २ प्रतिशतका दरले कटान चक्र १०(दश)

वर्षको लागि मौज्दात आयतनको बढीमा २० (वीस) प्रतिशतसम्म परिमाण निकाल्न सकिनेछ । कटान चक्रको अवधि बढी भएको अवस्थामा मौज्दातको २% का दरले कटान गर्दा बढी रुखहरु कटान गर्नुपर्ने हुन्छ । यसरी कटान गर्दा नयाँ बाली समान (Even age) उमेरको हुन गई छनौट प्रणालीको अवधारणासंग मेल खादैन । तसर्थ नयाँ बालीको उमेर असमान (Uneven age) कायम राख्न कटान चक्रको अवधि १०(दश) वर्ष भन्दा बढी हुनु हुँदैन । कटान गर्ने रुखहरु निर्धारण गर्दा सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकीरा लागेका र (Over matured) छान्नुपर्दछ । १०(दश) वर्षपछि मात्र उक्त कटान क्षेत्रमा पुनःकटान गरिनेछ ।

**उदाहरणका लागि,**

वनको क्षेत्रफल (A)= १०० हेक्टर

कटान चक्र (C) = १० वर्ष

कटान हुने क्षेत्रको संख्या (N) = A/C = १००/१० = १०

कटान क्षेत्रको जम्मा मौज्दात (४० से.मि. वा सो भन्दा बढी व्यासका रुखहरुको) (G)=४००० घन फीट

कटान क्षेत्र १ मा कटान गर्ने परिमाण (v1) = G*2%*C = ४०००*२%*१० = ८०० घन फिट

यसरी यस विधिमा ८०० घनफीट काठ उत्पादन हुने गरी उक्त कटान हुने क्षेत्रमा रुखहरु छपान र कटान गरिन्छ।

## अनुसूची - १५

### (दफा १७ को उपदफा (२) खण्ड (घ) संग सम्बन्धित)

### सरपट कटान प्रणालीमा उत्पादन नियमन

**बार्षिक कटान परिमाण** (Yield regulation)

सरपट कटान प्रणालीमा उत्पादन नियमन क्षेत्रफलको आधारमा गरिन्छ । तसर्थ यस प्रणालीमा बार्षिक कटान परिमाण बार्षिक कटान क्षेत्र (Annual coupe) मा रहेका सम्पूर्ण रुखहरु काट्दा प्राप्त हुने परिमाण हुन्छ । यस विधिमा हरेक वर्ष कटान गरिने क्षेत्रफल बराबर हुन्छ तर उत्पादन वर्षै पिच्छे फरक हुन्छ । यस प्रणालीमा माऊरुख वा कुनै किसिमको एडभान्स ग्रोथलाई भविष्यको बालीको रुपमा राखिँदैन ।

उदाहरणको लागि मसलाको वनको बाली चक्र १० वर्ष कायम गरी सरपट कटान प्रणालीमा व्यवस्थापन गर्ने हो भने वनलाई १० वटा बराबर क्षेत्रफलका भागमा विभाजन गरिन्छ । प्रत्येक भागलाई बार्षिक कटान क्षेत्र (Annual coupe) भनिन्छ।

**उदाहरणका लागि,**

बाली चक्र (R)= १० वर्ष

वनको क्षेत्रफल (A)= १०० हेक्टर

बार्षिक कटान क्षेत्र संख्या (Number of annual coupes (N) = A/R = १००/१० = १० वटा

प्रत्येक बार्षिक कटान क्षेत्रको क्षेत्रफल (Area of each annual coupe (a) = A/R =१००/१०=१० हेक्टर

यस प्रणालीमा बार्षिक कटान परिमाण बार्षिक कटान क्षेत्र (Annual coupe) १० हेक्टरमा रहेका सम्पूर्ण रुखहरु काट्दा प्राप्त हुने परिमाण हुन्छ ।

## अनुसूची-१६

## (दफा १७ को उपदफा (२) खण्ड (ङ) संग सम्बन्धित)

### रुख सहितको मुना प्रणालीमा उत्पादन नियमन

रुखसहितको मुना प्रणालीले बहुतले (Multi-storey) वनको निर्माण गर्दछ, जसमा मुना प्रणालीबाट बिरुवाहरु उमारिन्छ भने केही बिरुवाहरु बीउबाट पुनरोत्पादन भएका हुन्छन् । यो प्रणाली विभिन्न किसिमका वन पैदावारहरु जस्तै : काठ, दाउरा, पोल उत्पादन गर्न उपयुक्त हुन्छ । यस प्रणालीमा वनलाई विभिन्न वार्षिक कटान क्षेत्रमा विभाजन गरिन्छ । वार्षिक कटान क्षेत्रको संख्या मुनाको बाली चक्र बराबर हुन्छ । मानौ, वनको क्षेत्रफल A हे., मुनाको बाली चक्रः R वर्ष, वार्षिक कटान क्षेत्रको संख्या N: A/R वटा

**उदाहरणको लागि,**

वन को क्षेत्रफल १०० हे, मुनाको बाली चक्रः १० वर्ष

वार्षिक कटान क्षेत्रको संख्या N: १००/१०: १० वटा

साधारणतया मुनाको बाली चक्र प्रजाति र वन पैदावार अनुसार १० देखि ३० वर्षको हुन्छ ।

यस प्रणालीको वार्षिक कटान क्षेत्रमा मुनाहरुको सरपट कटान गर्दा बीउबाट उत्पादन भएका केही रुखहरु कम्तिमा अर्को बाली चक्र (मुनाको) सम्मको लागि राखिन्छ ।

यसैगरी मुनाको उमेरकै २० देखि ३० प्रतिशत बीउबाट आएका पुनरोत्पादनहरु पनि छनौट गरेर हुर्काउने कार्य गरिन्छ । बीउबाट आएका रुखहरुको कटान र मुना आउने ठुटाहरु कुनै कारणले नष्ट भई हुनआएको खाली ठाउमा बीउबाट वा वृक्षारोपण गरेर पनि पुनरोत्पादन गर्न सकिन्छ । केही बाली चक्रपछि यसले बहुतले (Multi-storey) वनको निर्माण गर्दछ, जसमा मुनाबाट पुनरोत्पादन भएको समान उमेरका विरुवाहरु हुन्छन् भने बीउबाट पुनरोत्पादन भएका बिरुवाहरु विभिन्न उमेर समूहका हुन्छन् । बीउबाट पुनरोत्पादन भएका रुखहरु (Standards) को संख्याको निर्धारण रुखको उमेर, छत्रको फैलावट, लक्षित व्यास, र मुनाबाट पुनरोत्पादन हुने प्रजातिको छाँया सहने क्षमतामा निर्भर गर्दछ । साधारणतया बीउबाट पुनरोत्पादन भएका रुखको छत्रले ५० प्रतिशतभन्दा बढी जमीनको भाग ओगट्नु हुँदैन । त्यसैले, बिरुवाको उमेर बढ्दै जादा रुखहरुको संख्या पनि घट्दै जान्छ । अथवा बहुवर्षीय वनमा रुखहरुको संख्या पनि उमेर अनुसार नै यकिन गर्नु पर्दछ जुन तलको तालिकामा दिइएको छ ।

| वीउ बाट पुनरूत्पादनभएका रुखको उमेर | कायम रहने रुख संख्या (प्रति हेक्टर) |
|---|---|
| २० | ५० |
| ४० | ३० |
| ६० | १३ |
| ८० | ७ |

मुना प्रणाली अन्तर्गत पुनरोत्पादन हुने प्रजातिहरु छाँया सहन सक्ने, मुना उत्पादन गर्न सक्ने र साना गोलाई भएका हुनु पर्दछ भने माथिल्लो छत्रमा रहने वीउबाट पुनरोत्पादन हुने प्रजातिहरु प्रकाशार्थी (Light demander), काठ दिने, र मुना दिने प्रजाति वा भिन्न प्रजाति हुन सक्दछ । माथिल्लो तहको रुखहरुले हलुका छाँया प्रदान गर्दछ ।

# अनुसूची - १७

## (दफा १८ संग सम्बन्धित)

**सुधार कटान** **(Improvement felling)**

प्राकृतिक वनमा धेरै जस्ता लाथ्रा, पोल वा बढ्दा उमेरका रुखहरु भएको स्थानमा समेत बूढा, टुप्पो भाँचिएका, सुकेका वा अस्वभाविक रुपमा ठूलो छत्र भएका रुखहरु पनि मिसिएर रहेका हुन्छन । यी रुखहरु बढ्दैनन्  तर यी रुखहरुले धेरै ठाउँ ओगटेका हुन्छन् । यिनले अन्य बढ्दा उमेरका रुखहरुको वृद्धिमा समेत असर पारिरहेका हुन सक्छन् । यसरी नबढ्ने रुखहरु खडा रहने र बढ्दो उमेरको रुखले स्थान नपाउने हुँदा वनको उत्पादकत्व घट्छ ।तसर्थ बढ्दा उमेरका रुखविरुवालाई असर पारिरहेको माथि उल्लेखित प्रकारका रुखहरु कटान गरी हटाउने कार्यलाई सुधार कटान (Improvement felling) भनिन्छ। यसलाई (Accesory silviculture system) पनि भनिन्छ ।

विशेषगरी पत्ल्याउने कार्य गरिने वन क्षेत्रमा वनको अवस्था सुधार गरी उत्पादकत्व बढाउन सुधार कटान गरिन्छ । सुधार कटान गर्दा सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकिरा लागेका, र नबढ्ने रुखहरु जसले अन्य बिरुवाको वृद्धि विकासमा बाधा पुर्याउँछ, त्यस्ता रुखहरु मात्र कटान गरी हटाउनु पर्दछ । यसबाट वन क्षेत्रमा रहेका अनुत्पादक तथा अरुको वृद्धि विकाशमा अवरोध पुर्याउने रुखहरु क्रमशः हटदै गई सो स्थानमा बढ्दा उमेरका रुखहरु हुर्कदै गएर वनको अवस्थामा सुधार हुँदै जान्छ । सुधार कटान अन्तर्गत निम्नअनुसार उत्पादन नियमन गर्न सकिन्छ । क्षेत्रफल र आयतन (रुख संख्या) को आधारमा, भूक्षयको दृष्टिकोणले जोखिम बढाउने बूढा रुखहरु हटाउन सकिनेछ ।

वनक्षेत्रलाई कटान चक्र वर्षले भाग गरी हरेक वर्ष कटान गर्ने क्षेत्रफल निकालिन्छ । कटान क्षेत्रको सङ्ख्या कटान चक्र वर्ष बराबर हुन्छ । हरेक वर्ष एक/एक वटा कटान क्षेत्रमा सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकीरा लागेका, र नबढ्ने रुखहरुका साथै Undesirable species का रुखहरु हटाइन्छ । सुधार कटान गरिने खण्डमा रहेका जम्मा रुखहरु मध्ये एक पटकमा २० प्रतिशतमा नबढ्ने गरी उपर्युक्त प्रकृतिका अनुत्पादक रुखहरु हटाउन सकिनेछ ।

पहिलो चक्रको सबै क्षेत्रमा कटान कार्य सम्पन्न पश्चात् पुनःदोस्रो चक्र शुरु हुन्छ वा वनको अवस्था र वन व्यवस्थापनको उदेश्य अनुरुप उपयुक्त वन सम्वर्द्धन प्रणाली अपनाउन सकिनेछ ।

## अनुसूची - १८
## (दफा १९ को उपदफा (७) संग सम्बन्धित)

### ढलापडा र सुखड खडा रुखहरुको सङ्कलन सम्वन्धी व्यवस्था

| अवस्था | के गर्नै ? |
|---|---|
| पुनरोत्पादन कटान गर्ने सबकम्पार्टमेण्टमा रुख कटान नभएको क्षेत्रमा रुख ढलेमा | ढलेका रुखहरु यथासक्य छिटो सङ्कलन गर्ने र पुनरोत्पादन कटान गर्न तोकिएका संख्यामा ढलेका रुखको संख्या घटाई बाँकी रुखहरु पुनरोत्पादन कटान गर्दा कटान गर्ने, ढलेका रुखहरु पुनरोत्पादन कटान गर्न तोकिएको संख्या भन्दा बढी भएमा अर्को वर्ष पुनरोत्पादन कटान गर्दा मिलान गर्ने । |
| पुनरोत्पादन कटान गरिएको स्थानमा कटान पश्चात् कायम राखिएका माऊ रुखहरु ढलेमा | ढलेका माऊ रुखहरु सङ्कलन गर्ने र तोकिएको संख्याका रुखहरु पुनरोत्पादन कटान गर्दा कटान गर्ने, ढलेको रुखहरु सङ्कलन गरेको कारणले पुनरोत्पादन कटान गर्दा रुख मिलान गर्न नपर्ने । |
| पुनरोत्पादन कटान गर्ने सबकम्पार्टमेण्टमा पुनरोत्पादन कटान नभएको स्थानमा माऊ रुख ढलेमा, चोरिएमा वा भाँचिएमा | माऊ रुखको स्थलगत निरिक्षण गर्दा ढलेको, भाचिएको रुख कटान गर्ने रुखको रुपमा परिवर्तन गर्ने र त्यसको साटो अर्को रुख माऊ रुखको रुपमा कायम गर्ने । |
| पुनरोत्पादन कटान गर्ने सबकम्पार्टमेण्ट बाहेक अन्य सबकम्पार्टमेण्टमा रुख ढलेमा | ढलेका सबै रुख यथासक्य छिटो सङ्कलन गर्ने र अन्य सबै व्यवस्थापनका कार्यहरु कर्ययोजनामा तोके बमोजिम गर्ने (पुनरोत्पादन कटान गर्न तोकिएका सबै रुख कटान गर्ने, पुनरोत्पादन तयारी कटान वा थिनिङ र सुधार कटान सबै गर्ने, ढलापडा सङ्कलन गरेको कारणले कटान गर्ने रुख संख्या मिलान गर्न नपर्ने) |

## अनुसूची - १९

(दफा २२ को उपदफा (६) सँग सम्बन्धित)

### छपान रजिष्टर तथा तेरिज

वनको नामः ....................................... ठेगानाः.................................................................

सब डिभिजन वन कार्यालय :...................................... खण्ड/उप-खण्ड/प्लट नं.:...... छपान मितिः............

छपान टाँचाः.................................. छपान रङ्ग........................ कुल रूख सङ्ख्याः..............................

| क्र.सं. | छपान रूख नं | जात | व्यास | उँचाइ | क्लास | अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

छपान गर्ने (वन प्राविधिक र समूहको पदाधिकारीको)

नामः नामः

पदः पदः

दस्तखतः दस्तखतः

मितिः मितिः

## अनुसूची - २०

## (दफा २३ को उपदफा (१) संग सम्बन्धित)

### छपान चेकजाँच प्रतिवेदन

श्री ..............................

गा.पा./उ.प.न.पा. वडा नं........, ................ जिल्ला

आ.व.

डिभिजनः | प्लटको नाम र किसिमः

सब डिभिजनः | प्लट नंः

छपान रुख संख्याः | छपान टाँचा नंः

.......प्रतिशतले हुने रुख संख्या | छपान रङ्

| सि नं | छपान रुख नं | जात | छपान रजिष्टर अनुसार | | | चेकजाँच गर्दा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | व्यास ईन्च | उचाई फिट | गुणस्तर | व्यास ईन्च | उचाई फिट | गुणस्तर | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मैले मिति ............................ मा गरेको .........................% छपान चेकमा फरक परेकोले छपान सच्याउन सिफारिस गर्दछु/नपरेकोले छपान कार्य ठिक भएको व्यहोरा प्रमाणित गर्दछु ।

**<u>चेकजाँच गर्नेको:</u>**

नामः

दस्तखतः

पदः

मितिः

## अनुसूची-२१

(दफा २४ को उपदफा (२) संग सम्बन्धित)

## आन्तरिक खपत हुने काठ दाउराको माग संकलन सम्वन्धी विवरण

**१. उपभोक्ताहरूबाट आन्तरिक खपतका लागि माग गरिएको काठ/दाउरा/बल्लावल्लीको परिमाणः**

(क) उपभोक्ता निवेदन संख्या.....................

(ख) माग गरेको काठ दाउरा, वल्लावल्लीको

| | प्रजाति | परिमाण (घ.फि.) | दाउरा (च.) | वल्लावल्ली (थान) | गैरकाष्ठ (के. जी.) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

**२. उपभोक्ताले काठ/दाउरा माग गर्नाका कारण/उद्देश्य (संक्षिप्तमा):**

१.

२.

३.

**३. स्वीकृत वन कार्ययोजनामा उल्लेख भएको वार्षिक परिमाणः**

| | प्रजाति | रूख सं.। | काठ (घ.फि.) | दाउरा (च.) | वल्लावल्ली (थान) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

**४. साधारण सभाबाट आगामी आ.व.का लागि वन पैदावार सङ्कलन गर्न सक्ने स्वीकृत परिमाण :**

| | प्रजाति | काठ (घ.फि.) | दाउरा (च) | वल्लावल्ली (थान) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

**५. समूहमा आन्तरिक खपतका लागि छुट्टाइने परिमाण :**

| | प्रजाति | परिमाण (घ. फि। | दाउरा | च। | वल्लावल्ली (थान) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

**६. जिल्ला वन पैदावार आपूर्ति समितिका लागि प्रस्तावित काठ र दाउराको परिमाण :**

| | प्रजाति | परिमाण | दाउरा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

**७. समूह बाहिर र व्यापारिक प्रयोजनका लागि बिक्रि गरिने काठ दाउराको विवरण :**

| | प्रजाति | परिमाण | दाउरा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

**८. साधारण सभाबाट स्वीकृत मिति :**

समूहको छाप :

नाम :

दस्तखतः

पदः

समूहको नामः

ठेगाना

मिति :

अनुसूची - २३

(दफा ३० को उपदफा (३) संग सम्बन्धित)

## कटान रजिष्टर

श्री ..............................

गा.पा./उ.प.न.पा. वडा नं........ , ................ जिल्ला

आ.व.

डिभिजनः | प्लटको नाम र किसिमः

सब डिभिजनः | कटान गर्ने समूह वा ठेकेदारको नाम र ठेगानाः

छपान रुख संख्याः | टाँचा नः | छपान रङ्गः

| क.स. | कटान रुखको ठुटा नं | छपान नं. | रुखको जात | गिण्डा नं. | गोलाई ईन्च | लम्बाई फिट | आयतन घ. फिट | धोद कट्टी | | | जम्मा आयतन घ. फिट | ग्रेड | नोक्सानी भएको रुखको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | व्यास ईन्च | लम्बाई फिट | आयतन घ. फिट | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**कटान गर्ने निकायको प्रतिनिधि**

नामः

दस्तखतः

मितिः

**समूहको प्रतिनिधि**

नामः

दस्तखतः

मितिः

**सब डि व का को प्रतिनिधि**

नामः

दस्तखतः

मितिः

## अनुसूची-२४

## (दफा ३१ को उपदफा (४) संग सम्बन्धित)

### चलानी पूर्जीको ढाँचा

श्री ..............................
गा.पा./उ.प.न.पा. वडा नं........, ................ जिल्ला

आ.व.

डिभिजनः

सब डिभिजनः

छपान रुख संख्याः

निकासी म्यादः

चालकको नाम र ठेगानाः

प्लटको नाम र किसिमः

कटान गर्ने समूह वा ठेकेदारको नाम र ठेगानाः

टाँचा नंः

घाटगद्दी स्थानः

सवारी साधनको किसिम र नंः

मितिः

| सि नं | काठको जात | गोलिया नं | साईज | | आयतन | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | गोलाई ईन्च | लम्बाई फिट | घ फि | |
| | | | | | | |
| | | | | | | |

**कटान गर्ने निकायको प्रतिनिधि**
नामः
दस्तखतः
मितिः

**समूहको प्रतिनिधि**
नामः
दस्तखतः
मितिः

**सब डि व का को प्रतिनिधि**
नामः
दस्तखतः
मितिः

## अनुसूची-२५

## (दफा ३१ को उपदफा (५) संग सम्बन्धित)

## घाटगद्दी रजिष्टर

श्री ..............................

गा.पा./उ.प.न.पा. वडा नं........, ................ जिल्ला

आ.व.

डिभिजनः

प्लटको नाम र किसिमः

सब डिभिजनः

कटान गर्ने समूह वा ठेकेदारको नाम र ठेगानाः

छपान रुख संख्याः

टाँचा नंः

कटान/चिरान म्यादः

निकासी म्यादः

घाटगद्दी स्थानः

| मिति | चलानी नं | काठको जात | गोलिया नं | गोलाई ईन्च | लम्बाई फिट | आयतन घ. फिट | धोद कट्टी | | | जम्मा आयतन घ. फिट | ग्रेड | दाउरा चट्टा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | व्यास ईन्च | लम्बाई फिट | आयतन घ. फिट | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**कटान गर्ने निकायको प्रतिनिधि**

नामः

दस्तखतः

मितिः

**समूहको प्रतिनिधि**

नामः

दस्तखतः

मितिः

**सब डि व का को प्रतिनिधि**

नामः

दस्तखतः

मितिः

## अनुसूची-२६

### (दफा ३४ संग सम्बन्धित)

### कटान क्षेत्रको (प्लट) अन्तिम जाँच फारम नमूना

श्री ..............................

गा.पा./उ.प.न.पा. वडा नं........, ................. जिल्ला

आ.व.

डिभिजन वन कार्यालयको नामः सब डिभिजन वन कार्यालयको नामः

छपान रुख संख्याः छपान रङ्गः

**कटान क्षेत्रको चारकिल्लाः**

पूर्वः पश्चिमः

उत्तरः दक्षिणः

**मूल्याङ्कन परिमाण** **उत्पादन परिमाण**

काठः क्यू फि काठः क्यू फि

दाउराः चट्टा दाउराः चट्टा

| कटान स्वीकृत रुख संख्या | कटान हुन बाँकी रुख संख्या | कटान हुँदा अन्य रुख हानी नोक्सानी संख्या | | अन्य तरिकाबाट भएको हानी नोक्सानी (काठलाई दाउरमा परिणत गरेको) | कैफियत |
|---|---|---|---|---|---|
| | | लापरवाहीले | मजवुरीले | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोटःलापरवाहीबाट भएकोमा विगो यकीन गरी प्रचलित रोयल्टी अनुसार जरिवाना हुनेछ ।**

| **कटान गर्ने निकायको प्रतिनिधि** | **समूहको प्रतिनिधि** | **सब डि व का को प्रतिनिधि** | **वन निर्देशनालयको प्रतिनिधि** |
|---|---|---|---|
| नामः | नामः | नामः | नामः |
| दस्तखतः | दस्तखतः | दस्तखतः | दस्तखतः |
| मितिः | मितिः | मितिः | मिति |

## अनुसूची-२७
## (दफा ३८ संग सम्बन्धित)

## पुनरोत्पादन अभिवृद्धि सम्वन्धी कार्यहरु

पुनरोत्पादन अभिवृद्धि (Regeneration Promotion) को मुख्य उद्देश्य भनेको कटान भएको वा खाली स्थानमा नयाँ विरुवा उम्रने र हुर्कने वातावरण सिर्जना गर्नु हो ।

यो काम कटान कार्य समाप्त भएपछि मनसुन शुरूहुनु अगावै गरिसक्नु पर्दछ । पुनरोत्पादन अभिवृद्धि अन्तर्गत विभिन्न खालका कृयाकलापहरु गर्नुपर्ने भएकोले ती कार्यहरु गर्न उपयुक्त समयमा नै गर्नु पर्दछ र जेठ मसान्तभित्र सबै कृयाकलापहरु सम्पन्न गर्नु पर्दछ । पुनरोत्पादन अभिवृद्धिको लागि आवश्यकता अनुसार निम्न कार्यहरु गर्नु पर्दछ ।

- पुनरूत्पादन गर्ने क्षेत्रको संरक्षण गर्ने, जसमा आगलागी, चरिचरण, अनाधिकृत वन प्रवेश तथा जथाभावी रुपमा वनबाट गएका बाटोहरु रोक्ने कार्य लगायत पर्दछन् ।
- कटान पश्चात् हाँगाबिँगा, झाडी, पातपतिङ्गर हटाउने कार्य ।
- कटानको क्रममा भाँचिएका पोल वा लाथ्रा भएमा आवश्यकता अनुसार काटी मुना निकाल्ने कार्य
- अवस्था हेरी माटो खुकुलो बनाउन कार्य । यो कार्य बीउ पाकेर झर्ने समयभन्दा केही समय अगावै गर्नु पर्दछ ।
- कटान क्षेत्रको माऊ रुख वा वरिपरिका रुखबाट बीउ उत्पादन हुने अवस्था नभएमा वा खाली क्षेत्र रहेमा अन्यत्रबाट बीउ सङ्कलन गरी छर्ने वा विरुवा रोप्ने कार्य ।
- प्राकृतिक पुनरोत्पादन नआएको वा आउन नसक्ने अवस्थामा अन्तिम उपायको रुपमा वा वृक्षारोपणबाट नै पुनरोत्पादन स्थापना गर्ने उद्देश्य भएमा वृक्षारोपण गर्ने ।
- अवस्था हेरी सिचाई गर्ने कार्य ।
- अवस्था हेरी Thinning, Cleaning, Singling गर्ने ।

## अनुसूची - २८

(दफा ६२ को उपदफा (२) र दफा ६३ को उपदफा (३) संग सम्बन्धित)

### प्राविधिक परीक्षणका आधार तथा सूचकहरू

| आधार (Criteria) | सूचकहरू (Indicators) |
|---|---|
| १. कानुनको पालना | १.१ वन सम्बन्धी स्थानीय, प्रदेश, तथा संघीय वन ऐन २०७६ र नियमावली २०७९ को कार्यान्वयन |
| | १.२ समूह विधान, व्यवस्थापन योजना, मन्त्रालय तथा निर्देशनालय स्तरीय मार्गदर्शन, निर्देशन कार्यान्वयन |
| २. वन स्रोतको विकास र व्यवस्थापन | २.१ वन व्यवस्थापनको लागि प्रविधि र प्राविधिक सहित संरचनात्मक व्यवस्था |
| | २.२ अपनाइएको वन सम्वर्धन प्रणालीको वन व्यवस्थापनका उद्देश्य र पारिस्थितिकीय अवस्थासंगको तालमेल |
| | २.३ वन पैदावार वितरण प्रणाली |
| | २.४ वनमा आधारित आय आर्जन र रोजगारीको आकलन तथा विश्लेषण |
| | २.५ वनको स्वास्थ तथा जीवन्तता (Forest health and vitality), उत्पादन तथा उत्पादकत्व वृद्धि |
| ३. जैविक विविधता सम्वर्धन तथा जलवायु मैत्री सामुदायिक विकास | ३.१ जीव एवं वानस्पतिक विविधताको अवस्था |
| | ३.२ जलवायु परिवर्तनका प्रभावको अवस्था र अनुकूलनका उपायहरू |
| ४. मानवीय, सामाजिक तथा संस्थागत विकास र सुशासन् | ४.१ विधान र यसका प्रावधानहरूको पालना र संस्थागत रूपमा समूह, समिति संचालन प्रक्रिया |
| | ४.२ समावेशी सहभागिता, जवाफदेहिता र पारदर्शिता |
| | ४.३ सामाजिक एवं सांस्कृतिक सुरक्षा सम्बन्धी व्यवस्था र सो को कार्यान्वयन |
| | ४.४ निकाय/समूहको संस्थागत क्षमता र जनशक्ति विकासको व्यवस्था |
| ५. आय आर्जन, रोजगारी र आर्थिक विकासमा योगदान | ५.१ वनबाट उत्पादित सेवा तथा वस्तु नगद कारोवारमा बिक्री वितरण गर्ने व्यवस्था |
| | ५.२ बजार तथा निजी क्षेत्रको माग सम्बोधन हुने गरी वन पैदावार उत्पादनको व्यवस्था |
| | ५.३ वन पैदावार संकलन तथा प्रशोधनको व्यवस्था |
| ६. शासकीय सम्बन्ध , समन्वय, र साझेदारी | ६.१ स्थानीय तह, डिभिजन /सव डिभिजन वन कार्यालय, सरोकारवाला संगको संचार, साझेदारी तथा सहकार्यको अवस्था |
| | ६.२ सरोकारवालाहरूसँग समन्वय र सहकार्यको अवस्था |
| | ६.३ दक्ष प्राविधिक तथा प्रविधि र उपकरणको व्यवस्था |
| | ७.१ निकाय/समूहको अभिलेख तथा कार्यालय व्यवस्थापन पद्दति |

| | |
|---|---|
| ७. अभिलेख व्यवस्थापन, अनुगमन तथा मूल्यांङ्कन | ७.२ सहभागितामूलक अनुगमन र मूल्याँकन तथा प्रोत्साहनमा आधारित पद्दति र ढाँचाको विकास एवं संस्थाकरण |
| | ७.३ अनुगमन प्रणालीमा आधारित प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था |
| | ७.४ सार्वजनिक परीक्षण तथा सुनुवाईको व्यवस्था |
| | ७.५ सिर्जनशील तथा उत्कृष्ट कार्यहरूको पहिचान र विस्तार |
| ८. विविध | ८.१ वन सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यान्वयन पछि भएको परिवर्तन |
| | ८.२ वन ऐन २०७६ तथा नियमावलीमा २०७९ मा व्यवस्था भएका प्रतिवेदनहरू |
| | ८.३ विद्युतीय तथा कागजी अभिलेख व्यवस्थापनको अवस्था |
| | ८.४ वन व्यवस्थापनबाट रोजगारीको अवस्था |
| | ८.५ वन्यजन्तु संरक्षण र क्षति राहतको व्यवस्था |

# अनुसूची - २९

(दफा ६३ को उपदफा (२) संग सम्बन्धित)

## प्राविधिक परीक्षण/अनुगमनको प्रतिवेदनको ढांचा

स्थलगत अध्ययन तथा विश्लेषण पश्चात् मन्त्रालयमा पेश गर्नुपर्ने वन सम्वर्धनमा आधारित वन व्यवस्थापन प्राविधिक परीक्षण प्रतिवेदनको ढांचा ।

१. पृष्ठभूमि

१.१ वन व्यवस्थापन प्राविधिक परीक्षण

१.२ वन व्यवस्थापन प्राविधिक परीक्षणको आवश्यकता, लक्ष्य, तथा उद्देश्यहरू

१.३ प्राविधिक परीक्षणका सीमाहरू

२. प्राविधिक परीक्षण तरिका

२.१ उपलब्ध दस्तावेजहरूको अध्ययन

- वन सम्वर्धनमा आधारित वन व्यवस्थापन प्रणाली सम्बन्धी समान्य कानुनी तथा प्रशासनिक व्यवस्था
- डिभिजन वन कार्यालयबाट प्राप्त अभिलेख विश्लेषण
- वन व्यवस्थापन सम्बन्धी उपलब्ध प्रगति प्रतिवेदनहरू
- वन व्यवस्थापन प्राविधिक पक्षका विद्यमान मापदण्डहरू

२.२ वन व्यवस्थापन प्राविधिक परीक्षण सूचक निर्धारण

२.३ स्थलगत अध्ययन

- उपभोक्ता समूह र डिभिजन वन कार्यालयको अभिलेख अध्ययन, परीक्षण तथा विश्लेषण
- लक्षित समूह छलफल — समुदाय र डिभिजन वन कार्यालय
- वन भ्रमण, अवलोकन र परीक्षण

३. वन अनुसारको प्राविधिक परीक्षण परिणाम छलफलल तथा विश्लेषण (Result and discussion)

३.१ सरकारद्वारा व्यवस्थित चक्ला वन

३.२ सामुदायिक वन

३.३ साझेदारी वन

कृयाकलाप परीक्षण

प्रकृया परीक्षण

परिणाम परिक्षण

४. निष्कर्ष तथा सुझावहरू

४.१ निष्कर्ष (Conclusion)

४.२ सुझावहरू (Recommendations)

५. अनुसूची

६. फोटो तथा अन्य सहयोगी कागजातहरू

दफा ३२ उपदफा (२) संग समवन्धित

## वन सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजनाको ढाँचा

देहाय बमोजिमको ढांचामा वन सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापन योजना तयारी गरी स्वीकृति प्राप्त गर्नुपर्दछः

| | | |
|---|---|---|
| कवुलियतनामा<br>वन कार्ययोजना स्वीकृति<br>सारांश तालिका<br>प्रस्तावना<br>**परिच्छेद -१ प्रारम्भिक**<br>१.१ संक्षिप्त नाम र  रारम्भ<br>१.२ परिभाषा<br>**परिच्छेद -२ वनको सामान्य जानकारी**<br>२.१ ऐतिहासिक पृष्ठभूमि<br>२.२ अघिल्लो कार्ययोजनाको समीक्षा<br>२.३ भौगोलिक स्थिति र पहुँच<br>२.३.१ अक्षांश र देशान्तर<br>२.३.२ भिरालो पन<br>२.३.३ वनको सिमाना तथा अवस्थिति<br>२.३.४ भू-वनोट तथा माटो<br>२.४ हावापानी, नदीनाला, ताल तथा खोलाको विवरण<br>२.५ क्षेत्रफल<br>२.६ वनको किसिम, मुख्य वनस्पति तथा वन्यजन्तुको स्थिति<br>२.७ समूहमा आवद्ध घरधुरी, आर्थिक तथा सामाजिक अवस्था (समुदायमा आधारित वनको हकमा)<br>**परिच्छेद -३ वन पैदावारको माग र आपूर्तिको अवस्था**<br>३.१ वन पैदावारको माग र आपूर्तिको आंकलन विधि<br>३.२ वन पैदावारको माग र आपूर्तिको अवस्था र वैकल्पिक उपायहरू<br>**परिच्छेद -४ वन स्रोत सर्भे  क्षण, विश्लेषण र नतिजा**<br>४.१ वन स्रोत सर्भे  क्षणका लागि खण्ड, उपखण्ड वा कम्पार्टमेण्ट, सब - कम्पार्टमेण्ट विभाजन र सो का आधारहरू<br>४.२ वन स्रोत सर्भे  क्षण र मापन विधि<br>४.३ वनको अवस्था (खण्ड वा सब  कम्पार्टमेन्ट अनुसार रुख , पोल, लाथ्रा र बिरुवा को प्रति हेक्टर प्रजातिगत मौज्दात, समग्र वनको प्रजातिगत प्रति हेक्टर मौज्दात<br>४.४ वार्षिक रूपमा रुख  र पोलबाट  उत्पादन हुने काठ दाउराको परिमाणको आकलन (औसत वृद्धिदरको आधारमा खण्ड वा सब कम्पार्टमेन्ट अनुसार र समग्र वनको प्रजातिगत काठ दाउरा तथा थिनिङ कार्यबाट  उत्पादन गर्न सकिने पोल तथा लाथ्राको सख्यात्मक विवरण)<br>४.५ वार्षिक रूपमा उत्पादन हुने घाँस, स्याउला, पतकर र गैरकाष्ठ वन पैदावारको आँकलन | | ५.७ गैरकाष्ठ वन पैदावारको व्यवस्थापन<br>५.७.१ वनमा रहेका गैरकाष्ठ वन पैदावारको विवरण<br>५.७.२ गैरकाष्ठ वन पैदावारको संरक्षण तथा सम्वर्धन कार्य<br>५.७.३ गैरकाष्ठ वन पैदावाको बिक्री वितरण<br>५.८ योजना अवधि समाप्ति पछिको वनको अवस्थाको प्रक्षेपण<br>**परिच्छेद -६ वन तथा जैविक विविधता संरक्षण**<br>६.१ जैविक विविधताको अवस्था<br>६.२ वनको सम्वर्धन<br>६.३ वन पैदावारको चोरी निकासी र वन्यजन्तु शिकार नियन्त्रण<br>६.४ जैविक विविधता संरक्षण<br>६.५ वन डढेलोबाट  वन संरक्षण<br>६.६ चरिचरन व्यवस्थापन<br>६.७ वन अतिक्रमण नियन्त्रण<br>६.८ रोगकिरा तथा मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन<br>**परिच्छेद -७ वन पैदावार संकलन तथा सदुपयोग**<br>७.१ वन पैदावारको संकलन विधि, प्रकृया र समय तालिका<br>७.२ वन पैदावारको मूल्य निर्धारण<br>७.३ घाटगद्दीबाट  वन पैदावार बिक्री  वितरण र नियन्त्रण तरिका<br>७.४ आकस्मिक कार्यको लागि वन पैदावार आपूर्ति<br>७.५ विकास निर्माण तथा संघ संस्थाको लागि काठ दाउराको आपूर्ति<br>७.६ समूह बाहिर  काठ दाउरा बिक्री  वितरण व्यवस्था |

**परिच्छेद -५ वन व्यवस्थापन योजना**

५.१ वन व्यवस्थापनका उद्देश्यहरू

५.२ वन सम्वर्धन प्रणाली छनौट र आधारहरू

५.३ बाली चक्र, पुनरउत्पादन र कटान चक्र अवधि (आवश्यकता अनुसार)

५.४ वार्षिक स्वीकार्य कटान परिमाण नियमन विधि (Yield regulation) वार्षिक रूपमा संकलन गर्न सकिने समग्र वनको अनुमानित परिमाणलाई वनको खण्ड वा सब -कम्पार्टमेन्टको अवस्था हेरी योजना अवधिको लागि वर्ष अनुसारको कटान व्यवस्थापन गर्न सकिने क्षेत्र किटान र संरक्षण क्रियाकलापको छनौट गरी वन पैदावार संकलन चक्र निर्धारण

५.५ वन सम्वर्धन कृयाकलापहरूको योजना (खण्ड, उपखण्ड, वा कम्पार्टमेन्ट, सब -कम्पार्टमेन्ट वा वार्षिक कार्यक्षेत्र अनुसार योजना अवधिभरको लागि के काम, कति परिमाण, कहिले, कसरी)

५.५.१ छनौट कटान वा पुनरोत्पादन कटान (आवश्यकता अनुसार पुनरोत्पादन तयारी कटान)

५.५.२ थिनिङ कार्य

५.५.३ झाडी सफाई, सुधार कटान र हाँगा छटनी कार्य

५.५.४ पुनरोत्पादन अभिवृद्धि कार्यक्रम

५.५.५ कटान पश्चात्को सरसफाई

५.५.६ मुना व्यवस्थापन कार्य

५.५.७ ढलापडा रुखहरू संकलन

५.६ वन विकास तथा वन व्यवस्थापन कार्यहरू

५.६.१ नर्सरी तथा बिरुवा उत्पादन

५.६.२ वृक्षारोपण (Afforestation), पुन वृक्षारोपण (Reforestation), अभिवृद्धि रोपण (Enrichment plantation) र वन क्षेत्रको खाली जग्गामा वृक्षारोपण (Gap plantation)

५.६.३ पानीका मुहान, पोखरी निर्माण, सिमसार, जलाधार सम्वर्धन तथा भू-क्षय नियन्त्रण

५.६.४ खहरे तथा पानी निकास व्यवस्थापन

५.६.५ अग्नि रेखा निर्माण, मरमत सम्भार स्तरोन्नति (आवश्यकता अनुसार अग्निरेखा, स्टोन पिचिङ, काठेपुल निर्माण,, ह्युम पाइप राख्ने, लुजस्टोन चेकडेम आदि )

५.६.६ जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकुलनका उपायहरू

५.६.७ मानव वनयजन्तु द्वन्द्व व्यवस्थापन

**परिच्छेद -८ गरिबी न्यूनीकरण र आयमूलक कार्यक्रम**

**परिच्छेद -९ सामुदायिक तथा संस्थागत विकासका कार्यक्रम**

**परिच्छेद -१० निषेधित कार्य तथादण्ड जरिवाना सम्बन्धी व्यवस्था**

१०.१ वनमा निषेधित कार्यहरू

१०.२ दण्ड जरिवाना सम्बन्धी व्यवस्था

१०.४ पुरस्कार सम्बन्धी व्यवस्था

**परिच्छेद -११ कार्यालय संचालन, कोष व्यवस्थापन र वित्तीय विश्लेषण**

११.१ कोषको स्रोत

११.२ कोषको व्यवस्थापन

११.३ खाता संचालन प्रकृया

११.४ व्यवस्थापन कार्ययोजना अवधि भर वार्षिक अनुमानित आम्दानी

११.५ व्यवस्थापन कार्ययोजना अवधिको लागि वार्षिक कृयाकलाप तथा वजेट अनुमान

११.६ वित्तीय विश्लेषणको अवस्था (११.४ र ११.५ को आधारमा)

११.७ लेखापरीक्षण तथा सार्वजनिक सुनुवाई

**परिच्छेद -१२ अनुगमन तथा मूल्याङ्कन**

**परिच्छेद -१३ विविध**

१३.१ वैठक र साधारण सभा

१३.२ वन फिर्ता हुने अवस्था

१३.३ मन्त्रालय, निर्देशनालय, कार्यालयको निर्देशन तथा परिपत्र

१३.४ कार्ययोजना संशोधन तथा पुनरावलोकन

१३.५ विपन्न वर्गका लागि कवुलियतनामा गरी वन क्षेत्र उपलब्ध गराउन सकिने

१३.६ टाँचाको नमुना

१३.७ पर्यापर्टन

१३.८ समन्वय

१३.९ पूरक कार्ययोजना

१३.१० वार्षिक प्रतिवेदन

**अनुसूचीहरू**

नक्साहरू

१. वनको अवस्थिति

| | | |
|---|---|---|
| | | (क) वनको वस्तुस्थिति देखाइएको नक्सा<br>(ख) खण्ड, उपखण्ड वा कम्पार्टमेन्ट र सब - कम्पार्टमेन्ट छुट्टयाउने नक्सा<br>(ग) नमुना प्लट देखाइएको नक्सा<br>(घ) वन सम्वर्धनका कृयाकलाप देखाइएका नक्सा<br>२. वनको सिमाना सर्भे क्षण र खण्ड विभाजनको कोअर्डिनेट (फिल्डवुक)<br>३. नमुना प्लटको कोअर्डिनेट<br>४. वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन फारामको ढाँचा<br>५. वन स्रोत जानकारी विश्लेषण फाराम |